# जहदा गाउँपालिकाको पार्श्वचित्र

( Jahada Rural Municipality Profile)

जहदा गाउँ कार्यपालिकाको कार्यालय

मझारे,मोरङ

२०७३

प्रकाशित कृति

जहदा गाउँपालिकाको पार्श्वचित्र २०७३

प्रकाशन वर्ष
२०७४

तथ्याङ्क विश्लेषण तथा  सम्पादन समूह
श्री धर्मराज ढकाल
श्री सोमप्रसाद खतिवडा
श्री यज्ञप्रसाद शर्मा

सर्वाधिकार
© जहदा गाउँपालिका कार्यालय, मझारे मोरङ
email: jahdagaupalika@gmail.com
Facebook/jahadagaupalika




# जहदा गाउँपालिका कार्यालय
# मझारे, मोरङ
# २०७३

# भूमिका

नेपालको सन्दर्भमा गाउँपालिका र नगरपालिका सरकारको सबैभन्दा तल्लो तहको संरचना हुन् । यी स्थानीय सरकार हुन् । यिनीहरूले स्थानीय स्तरमा नागरिकलाई तोकिएका सेवाहरू प्रवाह गर्दछन् । नेपालका गाउँपालिकाहरू अहिले नेपाल सरकारको विशेष निर्देशनबाट सञ्चालित भए पनि नयाँ स्वायत्त शासन ऐन बनेपछि त्यस अन्तर्गत जारी हुने नियामावलीहरूद्वारा निर्देशित हुनेछन् ।

सूचनालाई सार्वजनिक वस्तु तथा सम्पत्तिको रुपमा लिन थालिएको वर्तमान परिवेशमा यस गाउँपालिकाले आफनो तहको सूचना, तथ्याङ्क सङ्कलन र व्यवस्थापन गर्न अपरिहार्य ठान्यो । त्यस्तै संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय तहको गठन भए लगत्तै पार्श्वचित्र तयारीको लागि पठाएको सचिवस्तरीय निर्देशानुसार यस कार्यालयले पनि पार्श्वचित्र तयारीको लागि प्रकृया अगाडि बढायो । करिव करिव पार्श्वचित्र निर्माण अन्तिम चरणमा रहेको अवस्थामा मन्त्रालयले २०७४ वैशाख २६ गते वस्तुगत विवरणहरूको सूचक सहितको सूची परिपत्रको रुपमा गाउँपालिकाले प्राप्त गऱ्यो र त्यस परिपत्रका सूचकहरूलाई समेत समावेश गर्ने गरी पार्श्वचित्र निर्माणकर्ता श्री कमन इन्टरनेशनल प्रा लि लाई निर्देशन दिइयो ।

यस गाउँपालिकाको पार्श्वचित्रले यस कार्यालय क्षेत्रमा पर्ने सम्पूर्ण वडाको सूचक अनुसार यथाशक्य सम्पूर्ण विवरण तयार गरेको छ । यसमा समावेश भएका वस्तुगत विवरण तथा जनसांख्यिक प्रक्षेपणको प्रयोग गरी जनप्रतिनिधिहरूलाई आगामि आर्थिक वर्षका लागि योजना तर्जुमा तथा छनोट गर्ने प्रकृयामा सघाउ पुग्ने देखिन्छ । सङ्कलित सूचनालाई यथार्थपरक ढङ्गले विश्लेषण गरी पार्श्वचित्र तयार गर्दा यसले गाउँपालिकामा कार्य गर्ने सम्पूर्ण सरकारी निकाय, विकास साझेदारहरूलाई कुन कुन क्षेत्रमा समस्या छ, कुन क्षेत्रको अवस्था के छ भन्ने कुरा थाहा हुन्छ र तत् तत् क्षेत्रको समस्या समाधानको लागि पहल गर्न सकिन्छ । यस अर्थमा यो पार्श्वचित्र धेरै हदसम्म सहयोगी बन्ने विश्वास लिएको छु ।

यस गाउँपालिकाका प्रतिस्पर्धात्मक लाभका क्षेत्रहरूको पहिचान गर्दै उक्त क्षेत्रहरूमा लगानी वृद्धि गर्न सक्ने आधार पार्श्वचित्रले दिएको छ । यहाँ रहेको जनसांख्यिक लाभको उपयोग गर्दै विकास कार्यमा उपयोग गर्न सकेको खण्डमा निश्चित रुपमा अनुशासन र श्रम सहितको कर्मठ यूवा हाम्रो गाउँपालिकाले प्राप्त गर्न सक्ने कुरामा कुनै सन्देह छैन । यस पार्श्वचित्रले प्रक्षेपण गरेको जनसंख्या र हाल मतदाता सूचीमा समावेश भएको जनसंख्या विश्लेषण गर्दा Population flight दर व्यापक देखिएको छ । यस अर्थमा पार्श्वचित्रले समग्र गाउँपालिकाको विविध आयाम तथा विषयवस्तु समेटेको देखिन्छ ।

यस पार्श्वचित्र तयार गरी यस गाउँपालिकाको सार्वजनिक वस्तु तथा सम्पत्तिको श्रीवृद्धि गर्न सफल हुन भएकोमा तथा पार्श्वचित्र तयार हुन्छ अथवा हुँदैन भन्ने हामीमा रहेको दुविधालाई निराकरण गर्दै एउटा सफल उत्पादनको रुपमा हामीमाझ पार्श्वचित्र ल्याउन सफल भएकोमा श्री कमन इन्टरनेशनल मिडिया प्रालि.विराटनगर १६ लाई विशेष धन्यवाद दिन चाहान्छु । यसका लागि आफ्नो कार्यालयको कामलाई असर नपर्ने गरी अथक परिश्रमका साथ सूचना संकलनको कार्यलाई सफल बनाउने जहदा गाउँपालिका स्थित राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरू, वडा सचिवज्यूहरू र अन्य कर्मचारी साथीहरू धन्यवादका पात्र हुनुहुन्छ । यसैगरी यस गाउँपालिका क्षेत्रका विद्यालय, स्वास्थ्य संस्था, प्रहरी चौकी लगायत विविध क्षेत्रबाट सूचना उपलब्ध गराई सहयोग गर्नु हुने सम्पूर्ण व्यक्ति र निकायहरूलाई समेत धन्यवाद दिन चाहान्छु । तथ्याङ्क विश्लेषण समूहका सम्पूर्ण विश्लेषकहरू तथा भाषा सम्पादनमा खटिनुभएका उप-प्राध्यापक धर्मराज ढकाल, प्राध्यापक डा सोम प्रसाद खतिवडा तथा यज्ञ शर्माप्रति धन्यवाद ज्ञापन गर्न चाहान्छु ।

अन्तमा यो वस्तुगत विवरण जहदा गाउँपालिकाको स्रोत र साधनले भ्याएसम्म त्रुटिरहित बनाउन प्रयास गरिएको छ । यति गर्दा गर्दै पनि केही कमजोरी भेटिएमा आगामी दिनमा क्रमिक रुपमा सुधार गर्दै लगिने कुरामा विश्वास दिलाउन चाहान्छु । सम्बन्धित सबै सरोकारवाला पक्षले यसमा देखिएका कमीकमजोरी औंल्याई सकारात्मक सहयोग गरिदिनुहुन समेत अनुरोध गर्दछु ।

मित्रदेव लम्साल
कार्यकारी अधिकृत/प्रमुख
जहदा गाउँपालिका, मोरङ

# कृतज्ञता

प्रत्येक गाउँ र नगरको विकास विना मुलुकको समग्र विकास संभव छैन । नेपालमा २०१३ सालदेखि योजनाबद्ध विकासको थालनी भएको पाइन्छ । जिल्ला, नगर र गाउँ तहको विकास प्रक्रिया धेरै पछिदेखि मात्र सुरु भएको हो । विगतमा स्थानीय स्वायत्त शासन ऐन २०५५ ले नगरपालिका र गाउँ विकास समितिको वार्षिक तथा आवधिक योजना तर्जुमा सम्बन्धी व्यवस्था गरेको थियो । पछिल्लो पटक नेपाल सरकारले मिति २०७४ बैशाख २६ गते एक निर्देशन जारी गर्दै प्रत्येक नगरपालिका र गाउँपालिकाले आफनो कार्यक्षेत्रको विकासका निम्ति वडास्तरीय वस्तुगत विवरण सङ्कलन गरी वस्तुस्थिति देखिने गरी पार्श्वचित्र बनाउनुपर्ने निर्देशन गरेको छ । ऐननियम र निर्देशनको ठोस कार्यान्वयनको अभावमा कतिपय स्थानीय तहले आवधिक योजना निर्माण गरी सन्तुलित विकास गर्ने प्रयास गर्न सकेका छैनन् । विकासलाई हेर्ने परम्परागत दृष्टिकोणमा विकास भन्नु केवल भौतिक पूर्वाधारमा सकारात्मक परिवर्तन हुनु हो, यसबाट सन्तुलित विकास हुनसक्छ भन्ने मान्यता रही आएको छ ।

विकास प्रक्रियालाई पनि लागत–लाभको सिद्धान्तका आधारमा अघि बढाउन सकेमा त्यसको प्रतिफल सकारात्मक हुने गर्दछ । यसका लागि सम्बन्धित क्षेत्रको बृहत सूचना विश्लेषण हुन जरुरी हुन्छ । विना सूचना र तथ्यांङ्कको भरमा निर्माण गरिएको योजना र लिएको नीतिले न्यायोचित र सन्तुलित विकास गर्न सक्दैन । स्थानीय तह जनताको घरदैलोमा सेवा प्रवाह गर्ने सरकारको एकाई हो । जग बलियो नबनाई घर मजबुत हुँदैन । स्थानीय तहको साधन, स्रोत र क्षमताको व्यवस्थापनलाई सुदृढ नगरेसम्म केन्द्रीय सरकारले पनि क्षमताअनुसार काम गर्न सक्दैन । अनि गाउँपालिकाको विकास प्रक्रिया अनुमान र पहुँचको भरमा सञ्चालन गर्ने परिस्थिति सिर्जना हुनपुग्दछ ।

प्रस्तुत पार्श्वचित्र तयार पार्ने क्रममा यथार्थ र वास्तविक सूचना सङ्कलन हुन सकोस् भन्ने अभिप्रायले जनगणनाबाट प्राप्त तथ्याङ्क बाहेक अन्य तथ्याङ्कहरु परख गरेर मात्र समावेश गरिएको छ । यसले तथ्यांङ्क आम नेपाली जनताको समग्र विकास र उत्थानको लागि हो भन्ने भावनाको विकास गराउँछ । आजैबाट यस गाउँपालिकाको सूचनाको आधारस्तम्भ तयार भएको छ । सूचना सङ्कलन, विश्लेषण र प्रवाहमा एकद्वार प्रणाली विकसित भई नसकेको वर्तमान अवस्थामा कतिपय सूचनाहरू अन्य निकाय वा संस्थाले गरेको विश्लेषणसँग मेल नखाने हुनसक्छ । विभिन्न कठिनाइका बाबजुद पनि जहदा गाउँपालिकाले गाउँ क्षेत्रको पार्श्वचित्र निर्माण गर्ने कार्य सम्पन्न गरेको छ । यो अत्यन्तै प्रशंसनीय कार्य हो । तसर्थ, पार्श्वचित्र निर्माणका लागि विश्वास गरी जिम्मा दिने जहदा गाउँपालिकाका कार्यकारी अधिकृत श्री मित्रदेव लम्साल, वडा सचिवहरू तथा गाउँपालिकाबासी सबैलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु ।

केशव सापकोटा

निर्देशक

कमन इन्टरनेशनल मिडिया प्रालि

विराटनगर–१६

# जहदा गाउँपालिकाको संक्षिप्त परिचय




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

१. राजनैतिक तथा प्रशासनिक सिमाना

| | |
|---|---|
| पूर्व तर्फः | धनपाल गाउँपालिका र भारत |
| पश्चिम तर्फः | विराटनगर उपमहानगरपालिका |
| उत्तर तर्फ : | कटहरी गाउँपालिका |
| दक्षिण तर्फः | भारत |

२. राजनैतिक तथा प्रशासनिक विभाजन

| | |
|---|---|
| निर्वाचन क्षेत्र नं.: | (छुट्याउन बाँकी) |
| इलाका नं.: | (छुट्याउन बाँकी) |
| वडाहरू : | ७ |

३. भौगोलिक अवस्था/उपयोग तथा क्षेत्रफल

| | |
|---|---|
| भौगोलिक अवस्थाः | तराई (समतल) |
| क्षेत्रफलः | ६२.३८ वर्ग कि.मी. |
| कृषियोग्य जमिन | ५८०९ हेक्टर |
| कृषि क्षेत्रः | ६५ प्रतिशत |

| | |
|---|---|
| गैरकृषि क्षेत्रः | ३५ प्रतिशत |
| सहकारी संस्थाका सदस्य | २९३६ जना |
| समुद्र सतहदेखिको उचाई | ६० देखि ७२ मिटर |
| तापक्रम | ४.९ देखि ४०.५ डिग्री |
| औसत वर्षा | १०७० मिलिमिटर |

| ४. जनसंख्या | २०६८ साल | २०७४ साल * |
|---|---|---|
| घरपरिवार संख्या : | ८१७५ | |
| कुल जनसंख्याः | ४१८१९ | ४५८६४ |
| महिलाः | २०७०१ | २३८६४ |
| पुरुषः | २१११८ | २२८६२ |
| जनसंख्या दोब्बर हुन लाग्ने समय | ४५ वर्ष | |
| बालबालिकाको संख्या | १९६४३ जना | |
| आदिवासी जनजाति | २००४१ | |
| दलित | ४९६१ | |
| मधेशी पिछडावर्ग | १५६१३ | |
| खसआर्य जाति | १२०४ | |
| जनसंख्या बृद्धिदर | १.५५ प्रतिशत | |
| लैङ्गिक अनुपात | १०३.३५ जना | |
| प्रथम विवाह गर्दाको उमेर | २०.८३ पुरुष | |
| प्रथम विवाह गर्दाको उमेर | १७.२० महिला | |

**५.शैक्षिक स्थिति**

| | |
|---|---|
| कुल साक्षरताः | ७२.७६ % |
| पुरुष | ७५.२० % |
| महिला | ७०.३० % |
| आदिवासी जनजाति | ७८.२३ % |
| दलित वर्ग | ६६.६६ % |
| मधेशी पिछडावर्ग | ६७.६९ % |
| अन्य जात | ७०.१० % |

**६. घरको अवस्था**

| | |
|---|---|
| खरको छाना भएको घर | २१३१ |
| जस्तापाताले छाएको घर | ५६९० |
| छत ढलाई भएको | १७७ |
| शौचालय | ४०८८ |

# विषयसूची

## परिच्छेद एक

पार्श्वचित्र निर्माणको परिचय
पृष्ठभूमि १२
मुख्य उद्देश्यहरू १२
अध्ययनको महत्व १३
अध्ययनको औचित्य १४
अध्ययन विधि १५
तथ्यांङ्क विश्लेषण र प्रस्तुतीकरण १५
अध्ययनको क्षेत्र र सीमा १५

## परिच्छेद दुई

जहदा गाउँपालिकाको परिचय १७
भौगोलिक अवस्थिति १७
हावापानी र तापक्रम १८
नदीनाला १८
वनजंगल र वन्यजन्तु १८
ऐतिहासिक पृष्ठभूमि १९
राजनैतिक विभाजन २०
सम्भाव्यता, अवसर, चुनौति र समस्याहरू २०
गाउँपालिकाको अन्तर सम्बन्ध २१

## परिच्छेद तीन

## आधारभूत तथ्याङ्क विश्लेषण

*खण्ड एक*

व्यक्तिगत विवरण २२
जनसंख्याको विवरण २२
विभिन्न वर्षको अनुमानित जनसङ्ख्या २४
लिंङ्ग अनुसार घरमूली २४
समूहगत उमेरको जनसंख्या २६
एकल उमेर र लैङ्गिक आधार ३१
जातिगत जनसंख्या ३४
जातिगत समूहको जनसंख्या ३६
मातृभाषा अनुसारको जनसंख्या ३८
धर्मअनुसारको जनसंख्या ३८
धर्म तथा जातीयता अनुसार ४०
परिवारमा सदस्य सङ्ख्या ४२
राष्ट्रियता तथा जातीयता ४३

साक्षरता ४३
उमेर अनुसार साक्षरता प्रतिशत ४४
जातिगत समूहको साक्षरता ४४
उत्तीर्ण गरेको तह ४५
विद्यालय छाड्ने प्रवृत्ति ४७
विद्यालय जाने उमेर समूहका बालबालिकाको अवस्था ४८
लैङ्गिक अवस्था र उत्तीर्ण संकाय ४९
प्रथम विवाहको औसत उमेर ५०
१० वर्ष भन्दा माथिको जनसंख्याको वैवाहिक अवस्था ५१
अशक्तताको अवस्था ५१

खण्ड दुई
घरायसी तथा पारिवारिक विवरण
घरको स्वामित्व अनुसार घरपरिवार ५४
घरहरूको जगको किसिम ५४
घरको बाहिरी गाह्रोको किसिम ५५
घरको छानाको किसिम ५६
साधन सुविधा उपयोग गर्ने घर परिवार ५७
पिउने पानीको मुख्य स्रोत ५९
खाना पकाउने इन्धनको मुख्य स्रोत ५९
बत्तिको मुख्य स्रोत अनुसार घरपरिवार ६०
शौचालयको व्यवस्था ६१
महिलाको नाममा घर जग्गा भएको घरपरिवार ६२
सिञ्चाइको अवस्था ६३
कृषक परिवारमा जग्गाको आकार ६४
खाद्यान्नमा आत्मनिर्भरताको अवस्था ६४
गरिबीको अवस्था ६५
कृषि सम्बन्धी विवरण ६६
सहकारी संस्थाहरूको विवरण ६६

खण्ड तीन

बालमैत्री स्थानीय शासन र बाल अधिकार ६९
बाल अधिकार ६९
१.बाँच्न पाउने अधिकार ६९
२. विकासको अधिकार ७०

३. सहभागिताको अधिकार ७०
४. संरक्षणको अधिकार ७०
बालअधिकारका सिद्धान्तहरू ७०
जहदाको बालबालिकाको जनसङ्ख्या ७१
बाल अधिकारको अवस्था ७२
बाल क्लबहरूको अवस्था ७४
बालविकास केन्द्रहरुको अवस्था ७४
सामुदायिक तथा धार्मिक विद्यालयहरू ७६
तहगत विद्यार्थीको संख्या ७७
विद्यालयहरूको वडागत नामावली ७८

*खण्ड चार*
सार्वजनिक सरोकारका जानकारीहरू

सामाजिक सुरक्षा भत्ता पाउने नागरिकहरू ८०
व्यक्तिगत घट्ना दर्ता विवरण ८१
विद्यमान स्वास्थ्य सेवाहरू ८२
खोप सेवाको विवरण ८३
पोषणको अवस्था ८४
महिला हिसां ८४
कृषक समूहहरू ८५
पशु सेवा केन्द्र ८६
सरकारी भवन ८६
गाउँपालिकाको चल अचल सम्पति ८६
गाउँपालिका कार्यालयमा पुग्न लाग्ने समय ८७
धार्मिक स्थलहरू ८७
सडक सञ्जाल ८८

सवारी साधनहरू ८९

सतह ढलको अवस्था ९०

सार्वजनिक शौचालय ९०

प्रकोपबाट भएको क्षति ९१

विपद व्यवस्थापन पूर्व तयारी ९१

सहरी विद्युतीकरण ९१

दूर सञ्चार ९२

पुलको अवस्था ९३

व्यापारिक केन्द्रहरू ९३

सामुदायिक भवनहरू ९४

सार्वजनिक खेलमैदा ९४

गाउँपालिका कार्यालयदेखि वडा केन्द्रसम्मको दुरी ९५

वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्र ९५

तालिम प्राप्त जनसंख्या ९६

मुख्य पेशा ९६

औसत मासिक पारिवारिक आम्दानी ९७

औसत मासिक पारिवारिक वचत ९८

प्रति व्यक्ति खाद्यपदार्थ उपलब्धता ९९

पशुपंक्षी र तिनको उत्पादन ९९

औद्योगिक तथा व्यापार व्यवसाय १००

विगत पाँच आर्थिक वर्षको आय १०२

प्रमुख राजनीतिक दलहरू १०३

सन्दर्भ सामग्री १०५

फोटोहरू १०६

परिच्छेद एक

# पार्श्वचित्र निर्माणको परिचय

## पृष्ठभूमि

संघीय गणतन्त्र नेपालको लागि राज्यका सबैभन्दा तलको तह नगरपालिका र गाउँपालिकाहरू हुन् । यिनलाई स्थानीय सरकार पनि भनिन्छ । यसको अर्थ हो, सरकारका तर्फबाट जनतालाई दिनुपर्ने सेवा वा सुविधा यिनीहरूले नै प्रवाह गर्दछन् । नेपालमा रहेका गाउँपालिका तथा नगरपालिकाहरू प्रारम्भमा नेपालको संविधान २०७२ को धारा ३२० को उपधारा (१) बमोजिम नेपाल सरकारबाट २०७३ फागुन ११ गते जारी स्थानीय तहको शानि ञ्चालन सम्बन्धमा जारी गरिएको आदेश २०७३ अनुसार सञ्चालित छन् भने स्थानीय शासन ऐन जारी भएलगत्तै त्यस ऐन तथा त्यस अन्तर्गत जारी भएका नियमावलीहरूद्वारा निर्देशित हुनेछन् । त्यसैगरी सरकारले २०७४ बैशाख २६ गते सूचना गरी गाउँपालिका र नगरपालिकाहरूको १५ दिनभित्र वस्तुगत विवरण तयार गरी त्यसैका आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था गरेको छ । वस्तुगत विवरण वा पार्श्वचित्र तयारीका लागि सूचना सङ्कलन, संश्लेषण र विश्लेषण गर्नुपर्दछ । सङ्कलन गरिएका सूचनालाई यथार्थपरक ढङ्गले संश्लेषण, तालिकीकरण र विश्लेषण गरी पार्श्वचित्र तयार गर्दा त्यसले गाउँपालिका लगायत अन्य सरोकारवाला निकायहरूलाई विकासका क्रियाकलाप सञ्चालन गर्न, अल्पकालीन एवम् दीर्घकालीन योजना बनाउन महत्वपूर्ण सहयोग पुग्ने गर्दछ ।

कुनै पनि व्यक्ति, संस्था, घटना, प्रक्रिया, तथ्य वा बिस्तृत विवरणलाई सामान्यतः सूचना भनिन्छ । सूचनाहरू सङ्कलनका आधारमा दुई प्रकारका हुन्छन्, प्राथमिक स्रोतबाट प्राप्त र द्वितीय स्रोतबाट प्राप्त सूचना हुन् । प्राथमिक सूचना संकलनकर्ता आफैले सम्बन्धित क्षेत्रमा गएर संकलन गर्दछ भने अरूले संकलन गरेर प्रयोग गरेका सूचनालाई द्वितीयक सूचना भनिन्छ । यी सूचनाहरूलाई संकलन, प्रशोधन (तालिकीकरण, व्याख्या वा विश्लेषण) तथा प्रकाशन गर्ने सम्मका सम्पूर्ण कार्यहरू सूचना व्यवस्थापन अन्तर्गत पर्दछन् । आवश्यकता अनुसार चाहिएको मात्रामा र समयमा सूचना प्राप्त गर्न सकियोस् भन्ने उद्देश्यले सूचना व्यवस्थापन गरिन्छ । व्यवस्थित गरिएको सूचनालाई आवश्यक मात्रामा निकाल्न र प्रयोग गर्न सकिने हुनुपर्दछ । सूचनाको सही व्यवस्थापनले सूचनाको प्रयोगमा हुनसक्ने त्रुटीमा कमी ल्याउन सकिन्छ ।

वास्तवमा यो पार्श्वचित्र जहदा गाउँपालिकाभित्रको विश्लेषण सहितको सूचनाको संग्रह हो । यसैका आधारबाट यस गाउँपालिकाले भविष्यमा विविध प्रकारका सूचनाहरू प्रवाह गर्न सकिन्छ । गाउँको विकास, निर्माण र सार्वजनिक सेवा प्रवाह गर्नका लागि यथार्थपरक सूचनाको आवश्यकता पर्दछ । साथै गाउँपालिकाभित्रका सूचना संकलन र तिनको व्यवस्थापन गर्ने जिम्मेवारी पनि गाउँपालिकाको नै हो । तर, हालसम्म नेपालका गाउँ तथा नगरपालिकाहरूको

वस्तुगत विवरण तयारीका लागि स्पष्ट तथा एउटै खाका तयार भएको पाइँदैन । तसर्थ अलगअलग गाउँपालिकाले तयार गरेका पार्श्वचित्रमा पनि एकरूपता पाउन सकिँदैन । वास्तवमा सर्वप्रथम एउटा खाका तयार पारी त्यसैको आधारमा आवश्यक सूचना प्रवाह गर्ने या पार्श्वचित्र निर्माण गर्ने कार्य गर्नुपर्दछ, जुन कुरालाई यस पार्श्वचित्रमा महत्व दिइएको छ । यसलाई निश्चित खाका तयार पारी त्यसैको परिधिभित्र रहेर तयार पारिएको छ । यसमा तथ्याङ्कको शुद्धताका लागि अनेक प्रकारका विधिहरू प्रयोग गरिएका छन् ।

विविध पक्षहरूको वास्तविक स्थितिको तथ्यांक र सूचना विना गाउँपालिकाले कुनै पनि योजना तर्जुमा र छनौट सही ढङ्गले हुन सक्दैन । सही रूपमा छनौट नभएको तथा आवश्यकता बाहिरको सूचनाले योजना कार्यान्वयनमा जटिलता सिर्जना गर्दछ । तसर्थ वस्तुगत विवरणको आधारमा प्राथमिकता निर्धारण गरी वास्तविक आवश्यकता र जनताको चाहनामा आधारित कार्यक्रम सञ्चालन गर्न तथा भविष्यका लागि पूर्व तयारी गर्न समेत सही तथ्याङ्क सहितको वस्तुगत विवरण वा पार्श्वचित्रले सहयोग पुग्दछ । गाउँपालिकाभित्रका आवश्यक सूचनाहरू पार्श्वचित्रमा समावेश गर्नाले गाउँको समस्त विकासका लागि योजना निर्माण गर्न सहयोग पुग्ने निश्चित छ । यसका साथै गाउँको समग्र सूचना आवश्यक पर्ने जिज्ञासु र अध्ययन अनुसन्धानकर्तालाई पनि यो पार्श्वचित्रले महत्वपूर्ण सूचना प्रबाह गर्ने कुरामा दुईमत हुनसक्दैन ।

**मुख्य उद्देश्यहरू**

गाउँपालिकाको वस्तुगत विवरण सहितको पार्श्वचित्र निर्माणबाट आवश्यकता अनुसारका सूचना एकीकृत हुने र आवश्यकता अनुसार सूचना प्रवाह गर्न सकिने हुन्छ ।

यस पार्श्वचित्र निर्माण गर्नुका मुख्य उद्देश्यहरू निम्नानुसार छन् ।

- गाउँपालिकाको वास्तविक सूचना सङ्कलन गरी व्यवस्थापन गर्ने ।
- गाउँपालिकाभित्रका स्रोत, साधन र सीप पहिचान गरी त्यसको सदुपयोगका लागि उपायहरू खोजी गर्ने ।
- योजना छनोटपछि प्राथमिकता निर्धारणका लागि आधार तयार पार्ने ।
- स्थानीय विकासका लागि नवीन सोंच र चिन्तनको सम्भावना खोजीका लागि मार्ग प्रशस्त गर्ने ।
- सूचना माग गर्न आउने निकाय र व्यक्तिलाई सहजरूपले सूचना उपलब्ध गराउने ।
- गाउँपालिकाको आत्मविश्वास र कार्यदक्षता अभिवृद्धि गर्ने ।

यस पार्श्वचित्र निर्माणका उद्देश्यहरूमा सूचनाको व्यवस्थापन गरी आवश्यकता अनुसार गाउँपालिकाका सूचनाहरू लिपिबद्ध गर्ने र प्रयोगमा ल्याउने कुरा निकै महत्वपूर्ण हुन्छ । विकास निर्माणका कार्यसँगसम्बन्धित निकायसँग समन्वय गरी स्थानीय मानिसहरूलाई सेवा सुविधा उपलब्ध गराउन पनि यसका सूचनाहरू उपयोगी हुनेछन् ।

**अध्ययनको महत्व**

विकासका प्रतिफलहरू स्थानीय जनता समक्ष पुऱ्याउन एवं सबै वर्गका मानिसहरूले उपयोग गर्न सक्ने वातावरणको श्रृजना गर्नका लागि स्थानीय तहको वास्तविक वस्तुस्थिति र आवश्यकताको पहिचान गर्नु आजको प्रमुख आवश्यकता हो । आजको विश्वव्यापीकरण (Globalization) को युगमा समय सापेक्ष ढंगले समानुपातिक विकासका प्रकृयाहरू अगाडि बढाउन सम्बन्धित क्षेत्रको वस्तुगत र विश्लेषणात्मक अध्ययन हुनु जरूरी पर्दछ । यस अध्ययनले सम्बन्धित क्षेत्रको वास्तविक वस्तुस्थिति पहिचान गरी भावी विकास योजना र रणनीतिहरू तर्जुमा गर्न तथा  विकासका विभिन्न प्रकारका कियाकलापहरू सञ्चालन गर्न विशेष महत्व राख्ने स्पष्ट छ । यसका अतिरिक्त प्रस्तुत पार्श्वचित्र सम्बन्धित क्षेत्रका संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, विकासका चिन्तक, समाजसेवी लगायत जिज्ञाशु महानुभावहरूलाई समेत उपयोगी हुने भएकोले यस अध्ययनको धेरै नै महत्व रहेको छ । तसर्थ यस गाउँपालिकाको पार्श्वचित्र निर्माण गर्ने कार्य गर्न आवश्यक ठानिएको हो ।

## अध्ययनको औचित्य

नेपाल सरकारले स्थानीय तह अन्तर्गत गाउँपालिकाहरूलाई दिँदै आएको विकास अनुदानमा वर्षेनि वृद्धि गर्दै गएको छ । अझ संघीय गणतन्त्र नेपालको संविधान जारी भएपछि स्थानीय तहलाई स्थानीय सरकारका रूपमा लिएर सोही अनुसार अधिकार प्रत्यायोजन गरेको अवस्था छ । हिलो जिल्ला विकास समिति र अन्य जिल्लास्तरका सरकारी कार्यालयबाट दिइने सेवा सुविधाहरू अब स्थानीय सरकारको कार्यालय गाउँपालिका वा नगरपालिकाबाट सहज रूपमा जनतालाई उपलब्ध गराउने अवस्था सिर्जना भएबाट विभिन्न कार्यलयबाट खर्च हुने बजेट गाउँपालिकामार्फत एक द्वारबाट हुने अवस्था सिर्जना भएको छ ।

यसका साथै जनताबाट उठाइएको कर बापतको रकम गाउँपालिकाहरूले योजनाबद्ध ढङ्गमा नियमसङ्ग खर्च गरून् भन्ने उद्देश्यले नेपाल सरकारले गाउँपालिकाहरूको कार्यसम्पादनका मापनका सूचकहरू लागू  गरेको छ । ती सूचकहरूमध्ये हरेक गाउँपालिकाले आफ्नो क्षेत्रको वस्तुगत विवरण तयार गर्नुपर्ने अनिवार्य व्यवस्था मिलाएको छ, जसका कारण पनि यस गाउँपालिकाको वस्तुगत विवरण अध्ययन गर्ने या पार्श्वचित्र निर्माण गर्ने कार्य आवश्यक भएको हो । गाउँपालिकाले वस्तुगत विवरणको आधारमा नै स्रोत साधनको पहिचान र सही व्यवस्थापन तथा उचित कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन एवम् अनुगमन र मूल्याङ्कंन गरिने हुनाले यो पार्श्वचित्र निर्माणको कार्य औचित्यपूर्ण छ । साथै, गाउँपालिकाहरू सरकारका स्वायत निकायहरू पनि हुन् । यिनीहरूले संघीय र प्रान्तीय सरकारको नीतिगत मातहतमा रही आफना योजनाहरू बनाउन र परियोजनाहरू सञ्चालन गर्न स्वायत्त छन् ।

त्यसैले नागरिकको माग अनुसारको योजना निर्माण गर्न पनि यस पार्श्वचित्रले सहयोग गर्ने हुनाले पनि यसको अध्ययन गर्ने कार्य अपरिहार्य हुन गएको हो । साथै, गाउँपालिकाको पार्श्वचित्र विना गाउँपालिका क्षेत्रको वास्तविक अवस्था के कस्तो छ भन्ने कुरा जान्न सकिदैन । गाउँपालिका क्षेत्रको सबै पक्षको यथार्थ अवस्था झल्काउने दस्तावेजका रूपमा पार्श्वचित्र निर्माण गर्नु आवश्यक र औचित्यपूर्ण रहेको छ भन्न सकिन्छ ।

## अध्ययन विधि

जहदा गाउँपालिकाको पार्श्वचित्र तयार गर्नका लागि हाल तयार भएका विभिन्न वस्तुगत विवरणहरूको अध्ययन गर्नुका साथै दीगो विकास लक्ष्य (SDGs) का लक्ष्य तथा सूचकहरूको अध्ययन, जिल्ला सूचना व्यवस्थापन सम्बन्धी दिग्दर्शन र आवधिक गाउँ विकास योजना तर्जुमा मस्यौदा निर्देशिका आदि सामग्रीहरू अध्ययन गरिएको थियो । यसका साथै यस गाउँपालिका क्षेत्रमा रही सामाजिक र राजनीतिक जीवनका विभिन्न क्षेत्रमा लामो समयदेखि काम गरिरहेका विज्ञहरूसँग गरेको परामर्शलाई पनि आधार मानिएको छ । यसरी पार्श्वचित्र तथा सूचना सङ्कलनको विधि निर्धारण गरेपछि तथ्यांक या सूचना सङ्कलन गर्ने तथा अनुसन्धानात्मक ढंगमा त्यसलाई विश्लेषण तथा प्रस्तुतीकरण गर्ने कार्य गरिएको छ । यसबाट सूचनाहरूको सत्यताको मात्रामा वृद्धि हुनुका साथै दोहोरोपना पनि हटेर गई पाश्वचित्र स्तरीय हुन गएको छ ।

पार्श्वचित्र निर्माणको लागि स्थानीय राजनीतिक दल तथा अन्य सरोकारवाला सामाजिक संघसंस्थाहरूको भेलामा र अन्तरक्रियामा व्यक्त उनीहरूको राय सुझावलाई आधार मानी जन अपेक्षा अनुरुपको ढाँचा अपनाइएको छ । समूहगत छलफल तथा अन्तरक्रिया लगायत सामाजिक अध्ययनका विभिन्न विधिहरू अबलम्बन गरिएका छन् । तथ्याङ्क विश्लेषणका क्रममा वर्णनात्मक, तुलनात्मक र विश्लेषणात्मक विधि अपनाइएको छ । यसैगरी जिल्ला तहमा उपलब्ध प्रकाशित तथा अप्रकाशित द्वितीय सूचनाका स्रोतहरू र विभिन्न संघसंस्थाका प्रतिवेदनहरू समेत अध्ययन, तुलना र विश्लेषण गरी समग्र गाउँपालिकाको अवस्था झल्कने गरी यो पार्श्वचित्र तयार गरिएको छ ।

## तथ्याङ्क विश्लेषण र प्रस्तुतीकरण

प्रस्तुत पार्श्वचित्र तयारीका क्रममा सूचना सङ्कलन तथा घरधुरी सर्वेक्षणबाट प्राप्त भएका तथ्यांकलाई CSPro 3.3 सफ्टवेयरमा डाटा इन्ट्री गरी तथ्यांकको सामाजिक विज्ञानको तथ्यांकीय कार्यक्रमको विधि (SPSS 11.2) बाट विश्लेषण गरिएको छ । प्राथमिक स्रोतबाट लिइएको तथ्यांकको विश्लेषण गर्दा घरधूरीलाई मुख्य आधार मानिएको छ । वार्ड र जातीयताको आधारमा वर्गीकरण गरिएको छ । सामूहिक छलफल जस्ता सहभागितामूलक विधिद्वारा प्राप्त सूचना/ तथ्याङ्कलाई पनि विश्लेषण गरी नक्सा, तालिका, चित्र तथा वृत्तचित्रमा समेत प्रस्तुत गरिएको छ । यस क्रममा घरधूरी सर्वेक्षणबाट प्राप्त सूचनालाई वर्णनात्मक तथ्याङ्कीय विधिबाट विश्लेषण गरिएको छ । यस प्रकार जहदा गाउँपालिकाको समग्र स्थितिको विश्लेषण गरी यो पार्श्वचित्र तयार पारिएको छ । यस क्रममा वार्ड नम्बर र जातीय बनावटलाई मुख्य आधार मानेर विश्लेषण गरिएको छ ।

## अध्ययनको क्षेत्र र सीमा

सामान्यतया पार्श्वचित्रको अध्ययन क्षेत्र विस्तृत हुन्छ । त्यसैले यहाँ अध्ययनको उद्देश्यले दर्शाएका विषयवस्तुलाई नै मुख्य क्षेत्रको रूपमा लिएर अध्ययन, विश्लेषण र प्रस्तुतिकरण गरिएको छ । साधन, स्रोत, समय, लागत र सूचनाको उपलब्धता लगायत अन्य विषयवस्तुको सीमितताका कारणले जुनसुकै अध्ययन पनि प्रभावित भई केही निश्चित सीमाभित्र बाँधिएको हुन्छ । त्यसैगरी यसको अर्को सीमा के हो भने यसले मोरङ जहदा गाउँपालिकाभित्रका सूचनालाई मात्र महत्व दिएको छ ।

वास्तवमा जहदा गाउँपालिकाको पार्श्वचित्र निर्माण गर्ने क्रममा प्राथमिक र द्वितीयक दुवै प्रकारका स्रोत सामग्रीको प्रयोग गरिएको छ । अझ बढी द्वितीय स्रोतकै सूचना प्रयोग गरिएका छन् । जनगणना २०६८ को प्रतिवेदन, गाउँपालिका र पूर्व गाविसका रेकर्ड, स्थानीय समुदायसँगको छलफल तथा अन्तरकृयाबाट पनि महत्वपूर्ण तथ्याङ्क प्राप्त गरिएको छ । सम्बद्ध सरकारी कार्यालय तथा गैरसरकारी संथाहरूको प्रतिवेदनलाई पनि सूचनाको स्रोत मानिएको छ । तिनका प्रकाशित र अप्रकाशित दुवै प्रकारका प्रतिवेदनको पनि सहयोग लिइएको छ । प्राप्त सूचनाहरूलाई तालिकीकरण गर्ने र विश्लेषण गर्दा द्वितीय स्रोतका रूपमा लिइएका प्रकाशनहरूमा भएका त्रुटी तथा कमजोरीहरूको प्रभाव अज्ञानताबस पर्नसक्ने संभावना नरहला भन्न सकिन्न । त्यसो हुन गएको पाइएमा स्रोतमा भएको कमजोरीलाई ठम्याउन नसकेको कारण हुन गएको त्रुटीका रूपमा लिई दिनुहुनेछ ।

परिच्छेद दुई

# गाउँपालिकाको परिचय

## भौगोलिक अवस्थिति

मोरङ जिल्लाको दक्षिणी भागमा विराटनगर उपमहानगरपालिकासँग पूर्वी सीमाना जोडिएको जहदा गाउँपालिकाको केन्द्र मझारे विराटनगरदेखि ७ .५ किलोमिटरको दूरीमा पर्दछ । जहदा गाउँपालिका नक्सामा हेर्दा चेप्टो कछुवा आकारमा रहेको छ । यो स्थानीय तह पुनर्संरचना सुझाव आयोगको प्रतिवेदन २०७३ अनुसार भाथिगछ, मझारे, शिशवनी जहदा र पोखरिया गाविसका सम्पूर्ण वडाहरू र दक्षिणी सीमावर्ती गाविस बुधनगरका ६ वटा वडाहरूलाई मिलाएर वि.सं. २०७३ मा निर्माण गरिएको हो । जहदा गाउँपालिकामा हाल ७ वटा वडाहरू रहेका छन् ।

यसको निर्माण संरचना यसप्रकार रहेको थियो :

१. **वडा नम्बर १:** साविक बुधनगर गाविसको वडा नम्बर २, ६, ७, ८ र ९ मिलाएर ।

२. **वडा नम्बर २:** साविक भाथिगछ गाविसको ५, ६, ८ र ९ नम्बर वडालाई मिलाएर ।

३. **वडा नम्बर ३** : साविक भाथिगछ गाविसको १,२, ३, ४ र ७ नम्बर वडाहरू मिलाएर ।

४. **वडा नम्बर ४** : साविक शिशवनी जहदा गाविसको १ देखि ८ नम्बर वडाहरू मिलाएर ।

५. **वडा नम्बर ५** : साविक मझारे गाविसको १ देखि ५ र शिशवनी जहदाको ९ नम्बर वडा मिलाएर बनाइएको छ ।

६. **वडा नम्बर ६:** साविकको पोखरिया गाविसका सबै वडाहरू मिलाएर ।

७. **वडा नम्बर ७:** साविक मझारे गाविसको ६,७, ८ र ९ नम्बर वडालाई मिलाएर ।

जहदा गाउँपालिका कार्यालय पुग्नका लागि जिल्लाको सदरमुकाम विराटनगरबाट हुलाकी मार्ग हुँदै रङ्गेली तर्फ लाग्नुपर्दछ । अढाई किलोमिटर पूर्व गएपछि कटहरी बजार आउँछ । त्यही बजारबाट दक्षिण पूर्व ६ किलोमिटर गएपछि साविक मझारे बजारमा रहेको जहदा गाउँपालिकाको कार्यालय पुगिन्छ । यस गाउँपालिकाको सिमाना पूर्वमा धनपालथान गाउँपालिकाको केही भाग र बाँकी भारतीय क्षेत्रको भूभाग पर्दछ । पश्चिममा विराटनगर उपमहानगरपालिका, उत्तरदिशामा कटहरी गाउँपालिका र दक्षिणमा भारतको अररिया जिल्ला पर्दछ ।

समुद्र सतहबाट करिव ६० देखि ७२ मिटर उचाइमा रहेको यो गाउँपालिका झण्डै २६' २३" उत्तर अक्षांश र ८७' २६" पूर्वी देशान्तरमा फैलिएर रहेको छ ।

यस गाउँपालिकाको भू-उपयोगको अवस्थामा अधिकांश भूभाग कृषि क्षेत्रले ओगटेको छ । यस गाउँपालिकाको जनसङ्ख्या ४१,८१९ रहेको छ । यसको क्षेत्रफल क्षेत्रफल ६२.३८ वर्ग कि.मि.

रहेको छ । यहाँको जनघनत्व ६७० जना प्रति वर्ग किलोमिटर रहेको छ । यस आधारमा विश्लेषण गर्दा जहदा गाउँपालिका मोरङ जिल्लाका गाउँपालिकाहरूमध्ये जनसंख्याको हिसाबले सबैभन्दा ठूलो गाउँपालिका हो । क्षेत्रफलको हिसाबले मोरङका गाउँपालिकाहरू मध्ये छैठौ क्रममा पर्दछ ।

यसले मोरङ जिल्लाको कुल जनसंख्या ९६५४३० को ४.३३ प्रतिशत र कुल क्षेत्रफल १८५५ वर्ग किलोमिटरको ३.३६ प्रतिशत क्षेत्र ओगटेको छ ।

## हावापानी र तापक्रम

यस गाउँपालिकाको हावापानी समशितोष्ण प्रकारको रहेको छ । यस गाउँपालिकामा हिउँद याममा तापक्रम निकै कम हुने गर्दछ भने वर्षा याममा निकै गर्मी हुने गरेको छ । वि.स. २०७३ मा यहाँको न्यूनतम तापक्रम ४.९ डिग्री सेल्सियसदेखि अधिकतम तापक्रम ४०.५ डिग्री सेल्सियसका बीच रहेको छ । यस गाउँपालिकामा वर्षा याममा ज्यादा वर्षा हुन्छ भने हिउँदमा कम पानी पर्ने गर्दछ । यहाँ वि.सं. २०७३मा एक दिनमा बढीमा ८४ मिलिलिटरसम्म वर्षा भएको पाइएको थियो । यहाँ आर्थिक वर्ष २०७२/२०७३मा वर्षभरिमा करिब १०७९.८ मिलिलिटर पानी परेको पूर्वाञ्चल क्षेत्रीय हावापानी कार्यालय धरानले जनाएको छ ।

## नदीनाला

जहदा गाउँपालिकामा सिंघिया, जुडी र लोहन्द्रा मुख्य नदीका रूपमा रहेका छन् । लोहन्द्रा महाभारत पर्वत श्रृङ्खलाबाट सुरु भई दक्षिणवर्ती भई बगेको नदी हो । त्यसैले वर्षादको समयमा पहाडी भूभागमा पानी पर्दा पनि यिनमा बाढी आएको देख्न पाइन्छ । त्यसबेला बाढी र नदी कटानको समस्या देखिने गरेको छ । यो बाहेक अरु दुई प्रमुख नदीहरू भने महेन्द्र राजमार्गभन्दा दक्षिणबाट सुरु हुने खोला खोल्सीहरू बढ्दै गई नदीको रूपमा देखा परेका हुन् । यिनीहरूको निकास भारतीय भूमितर्फ नै रहेको छ । वर्षादको समयमा यी दुइ नदी आसपासका मानिसहरूमा बाढी र डुवानको समस्या देखिने गरेको छ । वर्षा सकिएपछि विस्तारै यिनीहरू पनि सामान्य बन्न पुग्छन् । यी तीनवटै नदीहरूमा पानीको मात्रा शरद ऋतुसम्म रहने भएकाले छैठ पर्वको बेला भीडभाड भई धार्मिक विधिबाट छैठी माताको पूजाआजा गर्न उपयोग गरिने नदीहरू हुन् ।

## वन जङ्गल र वन्यजन्तु

जहदा गाउँपालिका वन जङ्गलका दृष्टिले विपन्न छ । यो गाउँपालिका चारकोशे झाडीभन्दा निक्कै टाढा दक्षिणमा पर्दछ । त्यसैले सामुदायिक वन र संरक्षित वनको क्षेत्र पनि रहेको छैन । यस गाउँपालिकाभित्र सामान्य रूपमा किसानले लगाएका निजी वनहरू छिटफुट मात्रामा मात्र रहेका छन्, जो त्यति व्यवस्थित देखिदैनन् । यहाँ बकाइनो, बडहर, साल, सिसौ  र अन्य समशितोष्ण हावापानीको क्षेत्रमा पाइने वनस्पतिरू पाइन्छन् ।

यस गाउँपालिका क्षेत्रमा वन नभए पनि खरायो, स्याल, र दुम्सी जस्ता जंगली जनावरहरू, विभिन्न प्रकारका चराचुरुङ्गीहरू र किटपतङ्गहरू भने पाइन्छन् । यहाँका सिमसार, पोखरी र खोलामा विभिन्न प्रकारका माछाका साथमा कछुवा र अन्य जलचर प्राणी पनि पाइन्छन् । पुतली, कमिला, धमिरा, साप, अजिङ्गर, छेपारो र अन्य प्रकारका किरामिराका साथमा अनेक प्रकारका जडिबूटी पनि यहाँ पाइने गर्दछन् । यसरी यस गाउँपालिकालाई जीवजन्तुका दृष्टिले सम्पन्न नै मान्न सकिन्छ ।

## ऐतिहासिक पृष्ठभूमि

माथि उल्लेख गरिएझैं मोरङका बुधनगरको केही भाग, शिशवनी जहदा, मझारे, पोखरिया, र भाथिगछ गाविसहरूलाई मिलाएर जहदा गाउँपालिका बनाइएको हो । यस गाउँपालिकाको नाम जहदा राखिएको छ । यसअघि रहेको शिशवनी जहदा गाउँ विकास समितिको नामबाट जहदा राखिएको हो । जहदा गाउँपालिकाको क्षेत्रको ऐतिहासिक पृष्ठभूमि खोजी गर्दा यो क्षेत्र प्राचीन प्राग्ज्योतिष राज्यभित्र पर्दथ्यो । पछि गएर यसबाट मत्स्यदेश अलग्ग हुँदा जहदा भेग मत्स्यदेशमा पर्न पुग्यो । यदाकदा मिथिला, पुण्ड्र र किरातहरूको अधीनमा पर्ने तथा यस भेगका स्थानीय शासकले शासन गर्ने कार्य गर्दै पछि यो क्षेत्र मुरेहाङ्गको मोरङभित्र पऱ्यो । यसैगरी विजयपुर राज्यको स्थापना भएपछि भने जहदा क्षेत्र विजयपुरकै अधीनमा रह्यो ।

अघि जहदा क्षेत्रलाई घना जङ्गलले ढाकेको देखिन्छ । यहाँका नदी किनारमा केही जातजातिका मानिसहरूका ससाना वस्तीहरू थिए । घना जङ्गलका कारण मानिसले खोला या नदीको किनारमा तथा पहाडको फेदीमा बस्न आवश्यक थियो । जहदा भेगमा बेलाबेलामा पाइने पुराना बसोबासका अवशेषहरूले यसै कुराको सङ्केत गरेका छन् । जहदाको आसपासमा यस्ता पुराना थुप्रै प्रकारका अवशेषहरू पाइएका छन् । तिनीहरू कतिपय नासिएका छन् भने कतिपय अझसम्म पनि उजागर हुन सकेका छैनन् ।

मोरङको विजयपुरमा विजयनारायणपछि पाल्पाली सेन राजा लोहाङ्ग सेनले कब्जा गरेपछि भने यो भेग पाल्पाली सेनहरूको अधीनमा पुग्यो । तत्काल पाल्पाली सेन राज्य विभाजन हुँदा नारायणी पूर्वको मकवानपुर लोहाङ्गसेनले पाएको हुनाले यो भेग पनि मकवानपुरभित्र पऱ्यो । यसैगरी अझ पछि भने हरिहरसेनका नाति विधाता इन्द्रसेनले मकवानपुरबाट विजयपुरलाई अलग्ग राज्य बनाएको हुँदा जहदा लगायतको स्थान विजयपुरको अभिन्न अङ्ग बन्न पुग्यो । सेनकालभन्दा अघि नै जहदाको सिमा भन्दा केही उत्तरमा रहेको कसेनीमा धनपाल नामका एकजना रजौटाले शासन गर्दथे । तिनको राजधानी र दरबारका अवशेषहरू अहिले पनि रहेको छ । यसलाई स्थानीय मानिसहरूले संरक्षण गरेर राखेका छन्, जसलाई धनपालगढीका नामले चिनिन्छ । कालान्तरमा धनपालगढीको पतन भयो । धनपालको राज्य विजयपुरमा गाभियो । यता विजयपुर पनि स्थानीय रजौटाबाट सेनहरूको अधीनमा परेको देखिन्छ । यसै क्रममा वि.सं. १८३१मा पृथ्वीनारायण शाहले नेपालको एकीकरणसँगै यो भूभाग पनि बृहत्तर नेपालमा गाभिएको पाइन्छ । वि.सं. २०१८मा नेपाललाई १८ अञ्चल ७५ जिल्लामा विभाजन गरेदेखि नै जहदा गाउँपालिकाले ओगटेको क्षेत्र मोरङ जिल्लाको दक्षिणी अर्थात सीमावर्ती भागका रुपमा रहन पुग्यो । जसलाई नेपालको संविधान २०७२ ले अङ्गीकार गरेको संघीय गणतन्त्र नेपालको राज्य पुनर्संरचना अनुसार पाँचवटा गाउँ विकास समितिलाई समेटेर जहदा गाउँपालिका बनेको हो ।

यसको सम्वन्ध द्वापर युगको विराटराजाको दरवारसँग पनि जोडिएको छ । भनिन्छ, पाँच पाण्डवहरू वनवासपछि एक वर्ष गुप्तवास बस्नका लागि विराटराजाको दरवारमा विभिन्न रूप धारण गरी बसेका थिए । त्यही विराटराजाको दरवार क्षेत्र रहेको साविक बुधनगर गाविस विभाजित भई केही भाग जहदा गाउँपालिकामा र विराटराजाको दरवारको भग्नावशेष रहेको भेडियारी हाल विराटनगर उपमहानगरपालिकामा परेको छ । त्यस आधारमा जहदा गाउँपालिकाले ओगटेको क्षेत्र पनि विराटराजाको दरबार क्षेत्रको नजिक रहेर महाभारतकालीन घट्नाहरूको कुनै न कुनै रुपमा साक्षी थियो भन्न सकिने प्रशस्त आधारहरू रहेका छन् ।

## राजनैतिक विभाजन

जहदा गाउँपालिकाको स्थापना वि.सं. २०७३ मा गरिएको हो । यसअघिका पाँचवटा अलग अलग गाउँ विकास समितिहरूलाई मिलाएर यस गाउँपालिकाको घोषणा गरिएको छ । यस गाउँपालिकामा सात वटा वडाहरू छन् । यस गाउँपालिकाभित्र महत्वपूर्ण व्यापारिक केन्द्र छैन, छिमेकी कटहरी गाउँपालिकामा रहेको कटहरी बजार नै यहाँको नजिकको बजार हो । जहदा गाउँपालिका उत्तर दक्षिण लामो र पूर्व पश्चिम चौडा हुन गई झण्डै दक्षिण फर्किएको कछुवा आकारमा रहेको देखिन्छ ।

## संभाव्यता, अवसर, चुनौति र समस्याहरू

मोरङ्को जहदा गाउँपालिकाको जनघनत्व मोरङ जिल्लाको जनघनत्व भन्दा बढी छ । अर्थात मोरङ जिल्लाको जनघनत्व ५२० जना प्रति वर्ग किलोमिटर रहेको छ भने यस गाउँपालिकाको जनघनत्व ६७० जना प्रति वर्ग किलोमिटर रहेको छ । यो गाउँपालिका विराटनगर र कटहरीको बीचमा पर्दछ । यस गाउँपालिकाभित्र मझारेको लक्ष्मीनिया बजार ग्रामीण बजारका रुपमा अवस्थित छ । जहदा गाउँपालिका पूर्वपश्चिम हुलाकी राजमार्गभन्दा दक्षिणमा पर्दछ । यस गाउँपालिकाभित्र धेरै वटा सडकहरू बनेका छन् । तसर्थ, यस गाउँपालिकाको मुख्य सम्भावना र अवसर भनेको कृषि उत्पादन,घरेलु उद्योग र व्यापार व्यवसाय नै हो । कृषि र अन्य प्रकारका बजारको संभावना भएको साथै कृषि पेशामा संलग्न मानिसहरू प्रशस्त रहेको हुँदां यस गाउँपालिकामा मौसमी र बेमौसमी अर्गानिक तरकारी तथा फलफूल खेतीको प्रबल संभावना रहेको छ ।

हाल, भैरहेको निर्वाहमुखी तरकारी खेतीलाई व्यवसायमूलक बनाउन सकेको खण्डमा यहाँका मानिसहरूको जीवनस्तर उकास्न धेरै समय पर्खनु पर्दैन । हाल बजारमा बढ्दो विषादीयुक्त तरकारीले मानिसहरूको स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याइरहेको छ । मानिसहरू अलिकति बढी मूल्य तिरेर भएपनि अर्ग्यानिक मलद्वारा उत्पादित वस्तुहरूको खोजीमा छन्, जसका लागि भरपर्दो अर्ग्यानिक वस्तु उत्पादक कृषक समूह वा संस्थाहरू यसमा लाग्नु जरूरी देखिन्छ । नजिकै रहेको विराटनगर यहाँका उत्पादनहरू खपत हुने प्रमुख क्षेत्र हो । त्यसैले विराटनगरलाई लक्षित गरेर कृषि र अन्य वस्तु उत्पादन गर्दा यस गाउँपालिकाका जनताको समृद्धिका लागि प्रशस्त संभावनाहरू पहिल्याउन सक्ने अवस्था विद्यमान छ ।

मोरङको जहदा गाउँपालिकामा घरेलु तथा साना उद्योगहरूको सम्भावना पनि प्रशस्त रहेको छ । घरेलु उद्योगबाट सानो लगानीमा सामग्रीहरू उत्पादन गरेमा बिक्रीका लागि बजारको कुनै अभाव हुँदैन । स्थानीय सीप र प्रविधिमा आधारित उत्पादनको माग हाल आएर बढ्दै गइरहेको सर्न्दभमा गुणस्तरयुक्त वस्तुहरूले राम्रैगरी बजार पाउँछन् । यहाँका मानिसहरू सनपाटको डोरी, चट्टी र झल्ला बनाउने सीप राख्दछन् । बजार पनि नजिकमा पर्ने हुनाले यस स्थानमा यस्ता उद्योगहरू फस्टाउने देखिन्छ । यहाँका पुराना पोखरीहरूको जीर्णोद्धार गरी माछा पाल्ने गरेमा गाउँको आम्दानीमा बृद्धि हुने कुरा निर्विवाद छ ।

मोरङको जहदा गाउँपालिकामा व्यापार व्यवसायका साथसाथै कृषि र पशुपालन गर्ने कार्यलाई पनि महत्व दिन सकिन्छ । अहिले पनि प्रायः सबै घरमा पशुपालन गरिन्छ । हरेक घरमा सरदर तीनवटा पशु रहेको आँकलन गरिएको छ । तर पशुपालन व्यावसायिक उद्देश्यले गरेको चाहि पाइन्न । यसका साथै यस गाविसका खाली जमिनहरूमा वृक्षरोपण गरी पार्कहरूको विकास गरेको खण्डमा यस भेगको सुन्दरतामा बृद्धि हुन गई आन्तरिक र बाह्य पर्यटकहरूलाई आकर्षण गर्न सकिने संभावना रहेको छ । आधुनिक तथा वैज्ञानिक ढङ्गले पशुपालन गरी पशुजन्य वस्तु उत्पादन गरी गाउँलाई आत्मनिर्भर बनाउन सकिने सम्भावना पनि छ । अब गाउँपालिकाले स्वायत निकायको रूपमा आफ्नै पहलमा कर उठाउनसक्ने भएकाले पनि केन्द्रीय बजेटको साथसाथै आफनो आम्दानीबाट विकासका कार्यक्रमहरू सञ्चालन गर्न सक्ने संभावना रहेको छ ।

## गाउँपालिकाको अन्तर सम्बन्ध

जहदा गाउँपालिका र यहाँका निवासीको अन्तरसम्बन्ध विशेषगरी छिमेकी गाविस र बजारहरूसँग रहेको देखिन्छ । यसको अन्तरसम्बन्ध ज्यादा मात्रामा कटहरी, विराटनगर र भारतको जोगबनीसँग रहेको छ । कटहरी–लक्ष्मीनिया–पोखरिया–नोचा –अमाही सडकले यहाँका गाउँहरूलाई जोड्ने काम गरेको छ । त्यसैगरी शिशवनी जहदाबाट रामचोक जाने अर्को सडकले पनि यस गाउँपालिकालाई अन्य गाउँसँग जोड्ने काम गरेको छ । यहाँका मानिसहरू दैनिक रोजगारीको लागि विराटनगर, कटहरी र अन्य आसपासका बजारतर्फ पनि जाने गर्दछन् । यस ठाउँमा उत्पादित कृषिजन्य र पशुजन्य वस्तुहरूको बिक्री वितरण गर्नुका साथै श्रमिकहरूको आपूर्ती कटहरी र विराटनगरमा गरिआएको छ । यसका अलावा सिमावर्ती गाउँ र स्थानीय बजारहरूमा पनि कृषि उत्पादनहरू बेचबिखन हुने प्रशस्त संभावना रहेको छ ।

पशुपंक्षीको खरीद बिक्रीको लागि यस भेगमा स्थानीय बजारहरू पनि लाग्ने गरेका छन् । गाउँपालिकालाई चाहिने अन्य कृषि सामग्री र खाद्य सामग्री लगायत दैनिक आवश्यकताका वस्तुहरूको आयात मूलत कटहरी गाउँपालिका र विराटनगर उपमहानगरपालिकाबाट हुने गरेको पाइन्छ । यसबाहेक जहदा गाउँपालिकाको अन्तरसम्बन्ध सीमावर्ती भारतीय बजारसम्म पनि रहेको पाइन्छ । खुला सिमानाका कारण यहाँका मानिसहरू भारतीय बजारमा जाने र भारतीयहरू नेपाली बजारमा किनमेलका लागि आउने परम्परा त छँदैछ । आफन्त नातागोता दुवैतिर हुने भएकाले पारिवारिक सम्बन्धका कारण पनि भारतीय र नेपाली नागरिकका बीचमा अन्तरसम्बन्ध रहीआएको छ ।

**परिच्छेद तीन**

# आधारभूत तथ्याङ्क विश्लेषण

## खण्ड एक

## व्यक्तिगत विवरण

### जनसङ्ख्याको विवरण

जहदा गाउँपालिकाको हालको वि.सं. २०७४को कूल जनसङ्ख्या ४५८६४ जना रहेको छ, जसमा महिला २३०१२ जना र पुरूष २२८६२ जना रहेका छन् । वि.सं. २०६८ को जनगणना अनुसार यहाँको जनसङ्ख्या ४१८१९१ थियो, जसमा महिला २०७०१ जना र पुरूष २१११८ जना थिए । सङ्ख्यागत रूपमा विगत ६ वर्षको अन्तरालमा यस गाउँपालिकाको जनसङ्ख्या ४०४५ जनाले बढोत्तरी भई वि.सं. २०७४ सालमा जम्मा जनसङ्ख्या ४५८६४ जना पुगेको अनुमान छ । तलको तालिकामा यस गाउँपालिकाको वि.सं. २०७४ सालको आधारभूत जनसङ्ख्या र घरपरिवार सङ्ख्या दिइएको छ ।

**तालिका नं. १**

**घरपरिवार तथा लिङ्ग अनुसार जनसङ्ख्या विवरण**

| वडा नं. | लिङ्ग (२०६८) | | जम्मा | घरपरिवार संख्या | औसत परिवार संख्या | लैङ्गिक अनुपात | लिङ्ग (२०५८) | | जम्मा | घरपरिवार संख्या (२०५८) | औसत वार्षिक जनसंख्या वृद्धिदर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | | | | | पुरुष | महिला | | | |
| १ | ३१३५ | ३१३३ | ६२६८ | १२५२ | ५.०१ | १००.०६ | | | | | |
| २ | ३४७५ | ३३५६ | ६८३१ | १२६५ | ५.४० | १०३.५५ | | | | | |
| ३ | ३५७२ | ३३४५ | ६९१७ | १३३८ | ५.१७ | १०६.७९ | | | | | |
| ४ | ३४६१ | ३३३४ | ६७९५ | १३०५ | ५.२१ | १०३.८१ | | | | | |
| ५ | २९९८ | ३००८ | ६००६ | ११८३ | ५.०८ | ९९.६७ | | | | | |
| ६ | १६६० | १६५२ | ३३१२ | ६८२ | ४.८६ | १००.४८ | | | | | |
| ७ | २८१७ | २८७३ | ५६९० | ११५० | ४.९५ | ९८.०५ | | | | | |
| जम्मा | २१११८ | २०७०१ | ४१८१९ | ८१७५ | ५.१२ | १०२.०१ | १८४८६ | १७३२६ | ३५८१२ | ६५२५ | १.५५ |

स्रोत : राष्ट्रिय जन गणना २०६८ र प्रक्षेपित जनसंख्या ।

वि.सं. २०६८ को जनगणना अनुसार जहदा गाउँपालिकाको कूल जनसङ्ख्या ४१,८१९ जना रहेको छ । यहाँ पुरुषको सङ्ख्या २१,११८ र महिलाको सङ्ख्या भने यसभन्दा केही कम २०,७०१ छन् । जहदाको घरपरिवार सङ्ख्या भने ८,१७५ छ । यहाँको औसत परिवार सङ्ख्या ५.१२ रहेको देखिन्छ । यता लैङ्गिक अनुपात भने १०२.०१ रहेको छ ।

जहदा गाउँपालिकाको वार्षिक जनसङ्ख्या बृद्धिदर १ दशमलव ५५ प्रतिशत रहेको छ । २०६८ को तुलनामा यहाँको जनसङ्ख्या बृद्धिदर केही मात्रामा बढेको देखिन्छ । हालको यस गाउँपालिकाको बृद्धिदर जिल्लाको बृद्धिदरभन्दा केही ज्यादा रहेको छ । वि.सं. २०६८ को तुलनामा यहाँको घरपरिवार सङ्ख्या भने बढेको छ । वडागत आधारमा सबैभन्दा बढी घरपरिवार भएको वडा नं. ३ हो, जसमा १३३८ घरपरिवार र जनसङ्ख्या ६९१७ रहेको छ । यता सबैभन्दा कम घरपरिवार वडा नं. ६ मा ६८२ रहेको छ जहाँको जनसङ्ख्या ३३१२ रहेको छ ।

जहदा गाउँपालिकाको लैङ्गिक अनुपात १०२.०१ रहेको छ । यसको मतलव यहाँ प्रति १०० महिलामा १०२.०१ जना पुरुषहरू रहेका छन् । यसबाट यस गाउँपालिकामा पनि महिलाको तुलनामा पुरुषको सङ्ख्या धेरै रहेको पाइएको छ । यसलाई तलको स्तम्भचित्रबाट पनि देखाइएको छ ।

रेखाचित्र नं. १

लिङ्गका आधारमा जनसङ्ख्या




माथिको रेखाचित्रले देखाएको तथ्यलाई विश्लेषण गर्दा महिला र पुरुष दुवैको जनसङ्ख्या वि.सं. २०५८ को जनगणनाबाट वि.सं. २०६८को जनगणनामा आइपुग्दा बढेको देखिन्छ । जस्तो कि पुरुषको जनसंख्या २०५८ देखि २०६८मा आइपुग्दा २६३२ ले वृद्धि भएको पाइन्छ भने महिलाको जनसङ्ख्या यसै अवधिमा ३३७५ ले वृद्धि भएको देखिन्छ । जुन प्रतिशतको आधारमा भन्नु पर्दा क्रमश: १४.२४ र १९.४८ प्रतिशत हो । अर्थात यस अवधिमा महिलाको जनसङ्ख्या वृद्धिदर तुलनात्मक रूपमा ५.२४ प्रतिशतले धेरै रहेको छ । जुन स्वाभाविक नै हो । यसबाट केही वर्षपछि महिला र पुरुषको अनुपातमा समानता रहनेसक्ने सम्भावना देखिन्छ ।

## विभिन्न वर्षहरूको अनुमानित जनसङ्ख्या

जहदा गाउँपालिकाको वि.सं. २०६८को जनगणना अनुसार २१११८ पुरुष र २०७०१ महिला गरी कुल ४१८१९ जनसङ्ख्या रहेको तथ्याङ्क विभागको प्रतिवेदनमा उल्लेख छ । यसरी जनगणना वर्ष २०६८को जनसङ्ख्यालाई आधार मानी जनसंख्याको वृद्धिदरको आधारमा गणना गर्दा आएको परिणामलाई तुलात्मक रूपमा प्रस्तुत गरिएको छ । जस अनुसार वि.सं. २०७४ मा यहाँको जनसङ्ख्या ४५८६४ पुग्ने अनुमान गरिएको छ । त्यही क्रममा आर्थिक वर्ष वि.सं. २०७५ मा जनसंख्या ४६५७५ पुग्ने अनुमान गरिएको छ ।

तालिका नं. २
गाउँपालिकाको लिङ्ग अनुसार विभिन्न वर्षहरूको अनुमानित जनसङ्ख्या विवरण ।

| सि.नं. | लिङ्ग (२०६८) | | | २०७४ को अनुमानित जनसङ्ख्या | | | २०७५ को जनसङ्ख्या | | | जनसङ्ख्या दोब्बर हुन लाग्ने समय |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | |
| १ | २१११८ | २०७०१ | ४१८१९ | २२८६२ | २३०१२ | ४५८६४ | २३१६६ | २३४२२ | ४६५७५ | ४५ |
| जम्मा | २१११८ | २०७०१ | ४१८१९ | २२८६२ | २३०१२ | ४५८६४ | २३१६६ | २३४२२ | ४६५७५ | ४५ |

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

यहाँ नेपाल सरकारले वि.सं. २०६८मा गरेको जनगणनाबाट प्राप्त तथ्याङ्कलाई आधार मानी महिला र पुरुष अनि कुल जनसङ्ख्याको अनुमान गरी तालिकीकरण गरिएको छ । यसबाट यही क्रममा जनसंख्या वृद्धि हुँदै जाने हो भने आगामी ४५ वर्षमा यहाँको जनसङ्ख्या दोब्बर हुने संभावना रहेको छ । विकास निर्माणको काम गर्दा होस् वा योजना बनाउँदा लैङ्गिक अनुपात तथा जनसंख्या वृद्धिदरको महत्वपूर्ण भूमिका हुन्छ ।

## लिङ्ग अनुसार घरमुली

जहदा गाउँपालिकाको जनसङ्ख्याको विवरण हेर्दा यहाँ महिलाको तुलनामा पुरूष घरमुलीहरूको सङ्ख्या धेरै रहेको देखिन्छ । यस गाउँपालिकामा जम्मा ८१७५ घरपरिवार मध्ये ६५८७ जना घरमुली पुरूषहरू नै रहेका छन् । महिला घरमुलीको सङ्ख्याचाहिं निकै न्यून मात्रमा १५८८ जनामात्र रहेको छ । तलको तालिकामा लिङ्ग अनुसारको घरमुलीको सङ्ख्यासहित वडागत विवरण देखाइएको छ ।

तालिका नं. ३
लिङ्ग अनुसार घरपरिवार मूलीको सङ्ख्या

| वडा नं. | लिङ्ग | | जम्मा |
|---|---|---|---|
| | पुरुष | महिला | |
| १ | १११७ | १३५ | १२५२ |
| २ | ११६८ | ९७ | १२६५ |
| ३ | ४५० | ८८८ | १३३८ |
| ४ | १२०० | १०५ | १३०५ |
| ५ | १०२२ | १६१ | ११८३ |
| ६ | ६०८ | ७४ | ६८२ |
| ७ | १०२२ | १२८ | ११५० |
| **जम्मा** | **६५८७** | **१५८८** | **८१७५** |

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

माथिको तालिकामा दिइएको लिङगअनुसारको घरमुलीको विवरणमा सबैभन्दा ज्यादा महिला घरमुली भएको वडा वडा नं. ३ हो, जहाँ जम्मा ८८८ जना महिलाहरू घरमुलीका भूमिकामा रहेका देखिन्छन् । त्यसैगरी सबैभन्दा कम सङ्ख्यामा महिला घरमूली भएको वडा नम्बर ६ हो जहाँ ७४ जना महिलाले मात्र घरमूलीको भूमिका निर्वाह गरिरहेका छन् । यसलाई तलको रेखाचित्रमा पनि देखाइएको छ ।

**रेखाचित्र नं. २**

**लिङ्गअनुसार घरमूली संख्या**



माथिको वृत्तचित्रमा देखाइए अनुसार मोरङको जहदा गाउँपालिकाका १९.४३ प्रतिशत घरमूलीका रूपमा महिला छन् भने बाँकी ८०.५० प्रतिशत घरमूली पुरूषहरू रहेका छन् । तसर्थ यहाँका घरको सञ्चालनमा पुरषहरूकै बाहुल्यता रहेको देखिन्छ । जनगणना २०६८ अनुसार पुरूष घरमुलीको प्रतिशत यसभन्दा केही ज्यादा थियो । तसर्थ, हाल आएर पुरूषको तुलनामा महिलाको घरमूलीको प्रतिशत केही बृद्धि भएको देखिन्छ । तर पनि कुल परिवार सङ्ख्याको आधारमा खासै उल्लेख्य सुधार भएको पाइएन ।

## समूहगत उमेरको जनसङ्ख्या

जनसङ्ख्याको विश्लेषणमा उमेर समूहको महत्वपूर्ण उपयोगिता रहेको हुन्छ । यसले गाउँपालिकाको जनसङ्ख्याको उमेरगत जनसङ्ख्याको ढाँचालाई वर्गीकरण गरेर कुन उमेरका मानिसहरूको सङ्ख्या के कति छ भन्ने कुरालाई स्पष्ट गर्दछ । यस गाउँपालिकामा सवैभन्दा ज्यादा सङ्ख्या १० देखि १४ वर्षको बीचको उमेर समूहका मानिसहरूको रहेको छ । यिनीहरूको सङ्ख्या गाउँपालिकाको कूल जनसङ्ख्याको १३.११ प्रतिशत रहेको छ । यसैगरी सबैभन्दा कम सङ्ख्यामा रहेका उमेर समूहका मानिसहरू भने ६५ देखि ६९ वर्षका बीचका रहेको छ । यहाँ यिनीहरूको सङ्ख्या जम्मा १.९९ प्रतिशत मात्र रहेको देखिन्छ । तीन वर्षभन्दा कम उमेरका बालबालिकाको सङ्ख्या ८.९९ प्रतिशत रहेको छ । पूर्व प्राथमिक विद्यालयमा जाने उमेरका ४ देखि ५ वर्ष उमेरका बालबालिका ५.५८ प्रतिशत अर्थात २३३४ जना रहेका छन् । यहाँ ६ देखि ९ वर्ष उमेरका बालबालिका भने १०.१४ प्रतिशत रहेको देखिन्छ । यस गाउँपालिकाको उमेर समूहको विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं.४
उमेर समूह तथा लिङ्ग अनुसारको जनसङ्ख्या

| सि.नं. | उमेर समूह | लिङ्ग | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | |
| १ | ३ वर्ष भन्दा कम | १८८१ | १८७८ | ३७५९ | ८.९९ |
| २ | ४ देखि ५ | ११९६ | ११३८ | २३३४ | ५.५८ |
| ३ | ६ देखि ९ | २१३६ | २१०४ | ४२४० | १०.१४ |
| ४ | १० देखि १४ | २७४५ | २७३६ | ५४८१ | १३.११ |
| ५ | १५ देखि १९ | २३४३ | १९९९ | ४३४२ | १०.३८ |
| ६ | २० देखि २४ | १५१० | १६६६ | ३१७६ | ७.५९ |
| ७ | २५ देखि २९ | १७११ | १७८३ | ३४९४ | ८.३६ |
| ८ | ३० देखि ३४ | १३६३ | १४३३ | २७९६ | ६.६९ |
| ९ | ३५ देखि ३९ | १४०६ | १३४२ | २७४८ | ६.५७ |
| १० | ४० देखि ४४ | १०८० | १०५९ | २१३९ | ५.११ |
| ११ | ४५ देखि ४९ | १००९ | ९१७ | १९२६ | ४.६१ |
| १२ | ५० देखि ५४ | ७५२ | ६८० | १४३२ | ३.४२ |
| १३ | ५५ देखि ५९ | ६४७ | ६४६ | १२९३ | ३.०९ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | ६० देखि ६४ | ५०२ | ५६५ | १०६७ | २.५५ |
| १५ | ६५ देखि ६९ | ४४८ | ३८३ | ८३१ | १.९९ |
| १६ | ७० वर्ष भन्दा माथि | ३८९ | ३७२ | ७६१ | १.८२ |
| जम्मा | | २१११८ | २०७०१ | ४१८१९ | १०० |

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

माथिको तालिकामा दिएअनुसार ७० वर्षभन्दा माथिको जेष्ठ नागरिकको सङ्ख्या ७६१ जना अर्थात १.८२ प्रतिशत रहेको छ । समग्रमा यस गाउँपालिकामा पुरूषको तुलनामा महिलाहरूको सङ्ख्या ज्यादा रहेका उमेर समुह भने २५ देखि २९, ३० देखि ३४ र ६० देखि ६४ वर्ष उमेर समूहका मानिसहरू छन् । यता ७० वर्षभन्दा माथिको जनसङ्ख्यामा भने महिला ३७२ र पुरुषको सङ्ख्या ३८९ रहेको देखिन्छ । यसबाट प्रष्ट हुन्छ कि यस गाउँपालिकामा पुरुषको तुलनामा महिलाहरूको तुलनात्मक रूपमा औसत आयु बढी रहेको अर्थात पुरुषको तुलनामा लामो जीवन बाँचेको पाइएको छ ।

**रेखाचित्र नं. ३**

**लिङ्ग तथा उमेर समुह अनुसार जनसङ्ख्याको पिरामिड**




यस गाउँपालिकामा आर्थिक रूपले सक्रिय जनसङ्ख्याको बाहुल्यता रहेको छ । उमेरका आधारमा १४देखि ५९ वर्षसम्मको आर्थिक रूपले सक्रिय जनसङ्ख्या ४४.१८ प्रतिशत रहेको छ । यसलाई युवा लाभांश पनि भनिन्छ । यसैगरी यस गाउँपालिकाको जनसङ्ख्याको विवरणलाई हेर्दा यस गाउँपालिकामा ० देखि ३ वर्ष उमेरका बालबालिकाको सङ्ख्या ३७५९ जना रहेको छ । तीमध्ये

बालक १८८१ र बालिकाको सङ्ख्या १७७८ जना रहेको देखिन्छ । यसबाट तीन वर्षमुनिको बालकहरूको तुलनामा बालिकाको सङ्ख्या केही कम रहेको देखिन्छ ।

तालिका नं. ५
उमेर अनुसार वडागत जनसङ्ख्या वितरण

| सि.नं. | वडा नं. | उमेर समूह | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | |
| १ | १ | ३ वर्ष भन्दा कम | २९९ | २९८ | ५९७ |
| २ | | ४ देखि ५ | १८२ | १६९ | ३५१ |
| ३ | | ६ देखि ९ | ३३७ | ३४६ | ६८३ |
| ४ | | १० देखि १४ | ३९३ | ४१५ | ८०८ |
| ५ | | १५ देखि १९ | ३४४ | २८३ | ६२७ |
| ६ | | २० देखि २४ | २२५ | २८४ | ५०९ |
| ७ | | २५ देखि २९ | २६२ | २६४ | ५२६ |
| ८ | | ३० देखि ३४ | १७६ | १९० | ३६६ |
| ९ | | ३५ देखि ३९ | १७६ | २११ | ३८७ |
| १० | | ४० देखि ४४ | १६१ | १५२ | ३१३ |
| ११ | | ४५ देखि ४९ | १५१ | १५७ | ३०८ |
| १२ | | ५० देखि ५४ | ११५ | ८४ | १९९ |
| १३ | | ५५ देखि ५९ | १०१ | १०० | २०१ |
| १४ | | ६० देखि ६४ | ७८ | ८४ | १६२ |
| १५ | | ६५ देखि ६९ | ७४ | ५९ | १३३ |
| १६ | | ७० वर्ष भन्दा माथि | ६१ | ३७ | ९८ |
| जम्मा | | | **३१३५** | **३१३३** | **६२६८** |
| १७ | २ | ३ वर्ष भन्दा कम | २७६ | २८६ | ५६२ |
| १८ | | ४ देखि ५ | १९० | २०४ | ३९४ |
| १९ | | ६ देखि ९ | ३८७ | ३१७ | ७०४ |
| २० | | १० देखि १४ | ४५९ | ४५४ | ९१३ |
| २१ | | १५ देखि १९ | ३९५ | ३१८ | ७१३ |
| २२ | | २० देखि २४ | २२४ | २४६ | ४७० |
| २३ | | २५ देखि २९ | २६१ | ३०४ | ५६५ |
| २४ | | ३० देखि ३४ | २३३ | २४३ | ४७६ |
| २५ | | ३५ देखि ३९ | २५० | २२० | ४७० |
| २६ | | ४० देखि ४४ | १८५ | १७३ | ३५८ |
| २७ | | ४५ देखि ४९ | १८५ | १६५ | ३५० |
| २८ | | ५० देखि ५४ | १२९ | १०५ | २३४ |

| सि.नं. | वडा नं. | उमेर समूह | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | |
| २९ | | ५५ देखि ५९ | ९६ | ८९ | १८५ |
| ३० | | ६० देखि ६४ | ७३ | ८७ | १६० |
| ३१ | | ६५ देखि ६९ | ६६ | ७६ | १४२ |
| ३२ | | ७० वर्ष भन्दा माथि | ६६ | ६९ | १३५ |
| जम्मा | | | **३४७५** | **३३५६** | **६८३१** |
| ३३ | ३ | ३ वर्ष भन्दा कम | २९९ | ३०३ | ६०२ |
| ३४ | | ४ देखि ५ | १९६ | १८३ | ३७९ |
| ३५ | | ६ देखि ९ | ३४४ | ३२५ | ६६९ |
| ३६ | | १० देखि १४ | ४८९ | ४४४ | ९३३ |
| ३७ | | १५ देखि १९ | ४३३ | ३६४ | ७९७ |
| ३८ | | २० देखि २४ | २८९ | २८६ | ५७५ |
| ३९ | | २५ देखि २९ | २६५ | २९६ | ५६१ |
| ४० | | ३० देखि ३४ | २५९ | २३८ | ४९७ |
| ४१ | | ३५ देखि ३९ | २३८ | २१५ | ४५३ |
| ४२ | | ४० देखि ४४ | १९६ | २०४ | ४०० |
| ४३ | | ४५ देखि ४९ | १७५ | ११६ | २९१ |
| ४४ | | ५० देखि ५४ | ११६ | १०६ | २२२ |
| ४५ | | ५५ देखि ५९ | ८० | ८४ | १६४ |
| ४६ | | ६० देखि ६४ | ६२ | ७७ | १३९ |
| ४७ | | ६५ देखि ६९ | ८१ | ५४ | १३५ |
| ४८ | | ७० वर्ष भन्दा माथि | ५० | ५० | १०० |
| **जम्मा** | | | **३५७२** | **३३४५** | **६९१७** |
| ४९ | ४ | ३ वर्ष भन्दा कम | ३११ | २५२ | ५६३ |
| ५० | | ४ देखि ५ | १९५ | १८० | ३७५ |
| ५१ | | ६ देखि ९ | ३२८ | ३३३ | ६६१ |
| ५२ | | १० देखि १४ | ४६५ | ४२३ | ८८८ |
| ५३ | | १५ देखि १९ | ३५७ | ३६४ | ७२१ |
| ५४ | | २० देखि २४ | २६६ | २७१ | ५३७ |
| ५५ | | २५ देखि २९ | २७५ | २६६ | ५४१ |
| ५६ | | ३० देखि ३४ | २३५ | २६३ | ४९८ |
| ५७ | | ३५ देखि ३९ | २६३ | २४० | ५०३ |
| ५८ | | ४० देखि ४४ | १७८ | १५८ | ३३६ |
| ५९ | | ४५ देखि ४९ | १४९ | १५० | २९९ |
| ६० | | ५० देखि ५४ | १३४ | १३८ | २७२ |
| ६१ | | ५५ देखि ५९ | ११२ | ९१ | २०३ |

| सि.नं. | वडा नं. | उमेर समूह | लिङ्ग पुरुष | लिङ्ग महिला | जम्मा |
|---|---|---|---|---|---|
| ६२ | | ६० देखि ६४ | ७७ | ८७ | १६४ |
| ६३ | | ६५ देखि ६९ | ५० | ५८ | १०८ |
| ६४ | | ७० वर्ष भन्दा माथि | ६६ | ६० | १२६ |
| **जम्मा** | | | **३४६१** | **३३३४** | **६७९५** |
| ६५ | ५ | ३ वर्ष भन्दा कम | २७९ | २७१ | ५५० |
| ६६ | | ४ देखि ५ | १६२ | १६६ | ३२८ |
| ६७ | | ६ देखि ९ | ३०५ | ३१६ | ६२१ |
| ६८ | | १० देखि १४ | ४०४ | ३८७ | ७९१ |
| ६९ | | १५ देखि १९ | ३२० | २६३ | ५८३ |
| ७० | | २० देखि २४ | १९७ | २३२ | ४२९ |
| ७१ | | २५ देखि २९ | २५५ | २७० | ५२५ |
| ७२ | | ३० देखि ३४ | १९२ | २०१ | ३९३ |
| ७३ | | ३५ देखि ३९ | १९० | १८३ | ३७३ |
| ७४ | | ४० देखि ४४ | १३७ | १५७ | २९४ |
| ७५ | | ४५ देखि ४९ | १३५ | १२७ | २६२ |
| ७६ | | ५० देखि ५४ | १०० | ९८ | १९८ |
| ७७ | | ५५ देखि ५९ | ९२ | ११६ | २०८ |
| ७८ | | ६० देखि ६४ | ९० | ९९ | १८९ |
| ७९ | | ६५ देखि ६९ | ७० | ५५ | १२५ |
| ८० | | ७० वर्ष भन्दामाथि | ७० | ६७ | १३७ |
| **जम्मा** | | | **२९९८** | **३००८** | **६००६** |
| ८१ | ६ | ३ वर्षभन्दा कम | १४२ | १६६ | ३०८ |
| ८२ | | ४ देखि ५ | ११३ | ८४ | १९७ |
| ८३ | | ६ देखि ९ | १७० | १६९ | ३३९ |
| ८४ | | १० देखि १४ | १८७ | २२० | ४०७ |
| ८५ | | १५ देखि १९ | १७१ | १४६ | ३१७ |
| ८६ | | २० देखि २४ | ११९ | १३० | २४९ |
| ८७ | | २५ देखि २९ | १५८ | १६६ | ३२४ |
| ८८ | | ३० देखि ३४ | ९८ | १०० | १९८ |
| ८९ | | ३५ देखि ३९ | १०२ | १०९ | २११ |
| ९० | | ४० देखि ४४ | ९४ | ८१ | १७५ |
| ९१ | | ४५ देखि ४९ | ७२ | ६९ | १४१ |
| ९२ | | ५० देखि ५४ | ६१ | ५० | १११ |
| ९३ | | ५५ देखि ५९ | ५६ | ६३ | ११९ |
| ९४ | | ६० देखि ६४ | ४५ | ४६ | ९१ |

| सि.नं. | वडा नं. | उमेर समूह | लिङ्ग पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|---|
| ९५ | | ६५ देखि ६९ | ४३ | २६ | ६९ |
| ९६ | | ७० वर्षभन्दा माथि | २९ | २७ | ५६ |
| **जम्मा** | | | **१६६०** | **१६५२** | **३३१२** |
| ९७ | ७ | ३ वर्षभन्दा कम | २७५ | ३०२ | ५७७ |
| ९८ | | ४ देखि ५ | १५८ | १५२ | ३१० |
| ९९ | | ६ देखि ९ | २६५ | २९८ | ५६३ |
| १०० | | १० देखि १४ | ३४८ | ३९३ | ७४१ |
| १०१ | | १५ देखि १९ | ३२३ | २६१ | ५८४ |
| १०२ | | २० देखि २४ | १९० | २१७ | ४०७ |
| १०३ | | २५ देखि २९ | २३५ | २१७ | ४५२ |
| १०४ | | ३० देखि ३४ | १७० | १९८ | ३६८ |
| १०५ | | ३५ देखि ३९ | १८७ | १६४ | ३५१ |
| १०६ | | ४० देखि ४४ | १२९ | १३४ | २६३ |
| १०७ | | ४५ देखि ४९ | १४२ | १३३ | २७५ |
| १०८ | | ५० देखि ५४ | ९७ | ९९ | १९६ |
| १०९ | | ५५ देखि ५९ | ११० | १०३ | २१३ |
| ११० | | ६० देखि ६४ | ७७ | ८५ | १६२ |
| १११ | | ६५ देखि ६९ | ६४ | ५५ | ११९ |
| ११२ | | ७० वर्षभन्दा माथि | ४७ | ६२ | १०९ |
| **जम्मा** | | | **२८१७** | **२८७३** | **५६९०** |
| **कुल जम्मा** | | | **२११९८** | **२०७०१** | **४१८१९** |

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

माथिको तालिकामा जहदाका सात वटा वडाहरूमा जनसङ्ख्याको वितरण कसरी भएको छ भन्ने कुरा उल्लेख छ । जसले वडागत योजना तर्जुमा गर्ने समयमा उमेरलाई आधार मानेर वडागत रणनीति र कार्ययोजना बनाई अगाडि बढ्न मद्दत गर्दछ ।

## एकल उमेर र लैङ्गिक आधार

उमेरगत आधारमा जनसङ्ख्याको विश्लेषण गर्दा एकल उमेरलाई आधार मानेर गरिने विश्लेषणको आफनै महत्व रहेको छ । यहाँ ३ वर्षभन्दामुनिको अर्थात शून्यदेखि तीन वर्षसम्मको अवधिको सङ्ख्यालाई एक ठाउँमा राखिएको छ । तर ४ वर्षदेखि ७५ वर्षसम्मलाई हरेक वर्षको विवरण अलग अलग दिइएको छ भने ७५ वर्षभन्दा माथिको जनसङ्ख्यालाई एक मुष्ट राखिएको छ ।

तालिका नं.६
एकल उमेर र लैङ्गिक आधारमा जनसङ्ख्या विवरण

| उमेर | लिङ्ग | | जम्मा | उमेर | लिंग | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | | | पुरुष | महिला | |
| ३ वर्षभन्दा कम | १८८१ | १८७८ | ३७५९ | ४० वर्षसम्मको | १६९३९ | १६७१३ | ३३६५२ |
| ४ | ५६१ | ५३५ | १०९६ | ४१ | ९० | ६५ | १५५ |
| ५ | ६३५ | ६०३ | १२३८ | ४२ | १८२ | १७२ | ३५४ |
| ६ | ५६९ | ५३६ | ११०५ | ४३ | ९० | ११५ | २०५ |
| ७ | ५२८ | ५३३ | १०६१ | ४४ | ७० | ७३ | १४३ |
| ८ | ६७५ | ६६५ | १३४० | ४५ | ६०३ | ५२४ | ११२७ |
| ९ | ३६४ | ३७० | ७३४ | ४६ | १०४ | १०५ | २०९ |
| १० | ७५३ | ६९५ | १४४८ | ४७ | ७४ | ६७ | १४१ |
| ११ | ३७३ | ३६७ | ७४० | ४८ | १७० | १७२ | ३४२ |
| १२ | ६४५ | ६६३ | १३०८ | ४९ | ५८ | ४९ | १०७ |
| १३ | ४७५ | ४४० | ९१५ | ५० | ४८१ | ४१५ | ८९६ |
| १४ | ४९९ | ५७१ | १०७० | ५१ | ६४ | ६० | १२४ |
| १५ | ५४० | ४६६ | १००६ | ५२ | ११२ | १०६ | २१८ |
| १६ | ५३१ | ४७७ | १००८ | ५३ | ५७ | ५८ | ११५ |
| १७ | ३९० | ३२९ | ७१९ | ५४ | ३८ | ४१ | ७९ |
| १८ | ५८६ | ५१० | १०९६ | ५५ | ३९२ | ३८८ | ७८० |
| १९ | २९६ | २१७ | ५१३ | ५६ | ७६ | ६९ | १४५ |
| २० | ४५५ | ४८९ | ९४४ | ५७ | ४३ | ५० | ९३ |
| २१ | २३९ | २०४ | ४४३ | ५८ | १०१ | १०२ | २०३ |
| २२ | ३५१ | ४२५ | ७७६ | ५९ | ३५ | ३७ | ७२ |
| २३ | २१३ | २५२ | ४६५ | ६० | ३५० | ३७४ | ७२४ |
| २४ | २५२ | २९६ | ५४८ | ६१ | ४३ | ३९ | ८२ |
| २५ | ६२८ | ६९० | १३१८ | ६२ | ६३ | ८० | १४३ |
| २६ | २८२ | २८९ | ५७१ | ६३ | २७ | ३९ | ६६ |
| २७ | २४४ | १९७ | ४४१ | ६४ | १९ | ३३ | ५२ |

| उमेर | लिङ्ग | | जम्मा | उमेर | लिंग | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | | | पुरुष | महिला | |
| २८ | ४३० | ५१६ | ९४६ | ६५ | २९१ | २७० | ५६१ |
| २९ | १२७ | ९१ | २१८ | ६६ | २६ | २५ | ५१ |
| ३० | ६७२ | ७१८ | १३९० | ६७ | ३१ | २७ | ५८ |
| ३१ | १०६ | १०१ | २०७ | ६८ | ७५ | ५१ | १२६ |
| ३२ | ३६८ | ३३८ | ७०६ | ६९ | २५ | १० | ३५ |
| ३३ | १०२ | १५७ | २५९ | ७० | १९८ | १६५ | ३६३ |
| ३४ | ११५ | ११९ | २३४ | ७१ | ६ | १३ | १९ |
| ३५ | ७९३ | ६६० | १४५३ | ७२ | २१ | २० | ४१ |
| ३६ | १८३ | १९५ | ३७८ | ७३ | ४ | ३ | ७ |
| ३७ | १२३ | ११३ | २३६ | ७४ | ७ | २ | ९ |
| ३८ | २२७ | २९३ | ५२० | ७५ | ६४ | ६४ | १२८ |
| ३९ | ८० | ८१ | १६१ | ७६ वर्ष भन्दा माथि | ८९ | १०५ | १९४ |
| ४० | ६४८ | ६३४ | १२८२ | | | | |
| **जम्मा** | **१६९३९** | **१६७१३** | **३३६५२** | **कुल जम्मा** | **२१११८** | **२०७०१** | **४१८१९** |

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

माथिको तालिकाबाट प्रत्येक उमेर समूहका महिला र पुरुषको जनसङ्ख्या अध्ययन गर्न सकिन्छ । त्यस आधारमा हेर्दा ३५ वर्ष उमेर समूहका मानिसहरू सबैभन्दा धेरै १४५३ जना रहेको पाइयो । त्यसपछि बढी जनसङ्ख्या भएका वर्ष समूहमा १० वर्ष रहेको सो उमेरका जनसङ्ख्या १४४८ रहेको पाइयो । त्यसैगरी क्रमशः ३० वर्षका १३९० जना, २५ वर्षमा १३१८ र १२ वर्षका १३०८ जना रहेको पाइयो । त्यसैले १२ देखि ३५ वर्ष सम्मको जनसङ्ख्या सबैभन्दा बढी रहेको र त्यसपछि घट्दै गएको पाइन्छ ।

यही आधारमा थोरै जनसङ्ख्या भएको उमेर समूह ७३ रहेको छ जुन उमेरका मानिस ७ जना मात्र छन् । त्यसैगरी ७४ वर्षका मानिसहरू ९ जना, ७१ वर्षका १९ जना, ६९ वर्षमा मानिसहरू ३५ जना र ७२ वर्षका मानिसहरूको सङ्ख्या ४१ जना रहेको छ ।

यसरी उमेरगत आधारमा जनसङ्ख्याको अध्ययनले आफूलाई आवश्यक परेको उमेर समूहको आधारमा जनसङ्ख्या गणना गरी सोही अनुसार योजना बनाउन सकिने हुन्छ । जस्तै, बालबालिकाको जनसङ्ख्या निकाल्न माथिको तालिकाको सहारा लिन सकिन्छ ।

## जातिगत जनसङ्ख्या

जहदा गाउँपालिकामा ६२ जातिका मानिसहरूको बसोवास रहेको देखिन्छ । यहाँको जनसङ्ख्यालाई घर परिवार र लैङ्गिक आधारमा वर्गीकरण गरी तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ७
जातजाति, घरपरिवार तथा लिङ्ग अनुसार जनसङ्ख्याको विवरण

| सि.नं. | जातजाति | घर परिवार सङ्ख्या | लिङ्ग | | जम्मा | जातजाति प्रतिशत | औषत परिवार सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | | | |
| १ | गनगाई | १४३७ | ३५०८ | ३३४२ | ६८५० | १६.३८ | ४.७७ |
| २ | सतारसन्थाल | १२०१ | ३०६९ | ३१५५ | ६२२४ | १४.८८ | ५.१८ |
| ३ | राजवंशी | ८२८ | २०२१ | १९२६ | ३९४७ | ९.४४ | ४.७७ |
| ४ | मुस्लिम | ४५९ | १३८५ | १३५० | २७३५ | ६.५४ | ५.९६ |
| ५ | मुसहर | ५२९ | १३२० | १२६९ | २५८९ | ६.१९ | ४.८९ |
| ६ | मल्लाह | ४२३ | १११५ | १०६० | २१७५ | ५.२० | ५.१४ |
| ७ | नुनिया | ३६१ | ९०९ | ९७१ | १८८० | ४.५० | ५.२१ |
| ८ | यादव | ३३९ | ८९० | ८५३ | १७४३ | ४.१७ | ५.१४ |
| ९ | सरवरियाु | २७० | ७३८ | ७१० | १४४८ | ३.४६ | ५.३६ |
| १० | तेली | २१९ | ६२३ | ६०३ | १२२६ | २.९३ | ५.६० |
| ११ | सुनुवार | २३१ | ५७९ | ५२३ | ११०२ | २.६४ | ४.७७ |
| १२ | सुडी | २३४ | ५३८ | ५५४ | १०९२ | २.६१ | ४.६७ |
| १३ | राजभार | १७९ | ५३५ | ५०८ | १०४३ | २.४९ | ५.८३ |
| १४ | केवट | १७४ | ४६० | ४५० | ९१० | २.१८ | ५.२३ |
| १५ | धानुक | १०२ | २७१ | २९१ | ५६२ | १.३४ | ५.५१ |
| १६ | कौरी | ७६ | २६९ | २४० | ५०९ | १.२२ | ६.७० |
| १७ | हजाम ठाकुर | ७१ | २१५ | २०६ | ४२१ | १.०१ | ५.९३ |
| १८ | राजपुत | ७४ | २१२ | २०७ | ४१९ | १.०० | ५.६६ |
| १९ | कहार | ९१ | २१५ | २०२ | ४१७ | १.०० | ४.५८ |
| २० | विन विन्दा | ७१ | २०५ | १९८ | ४०३ | ०.९६ | ५.६८ |
| २१ | ब्राम्हण पहाड | ५७ | १४४ | १४७ | २९१ | ०.७० | ५.११ |
| २२ | चमार हरिजन | ६० | १३१ | १५३ | २८४ | ०.६८ | ४.७३ |
| २३ | मगर | ५३ | १२६ | ११४ | २४० | ०.५७ | ४.५३ |
| २४ | पासवान | ४१ | १२९ | १०९ | २३८ | ०.५७ | ५.८० |

| सि.नं. | जातजाति | घर परिवार सङ्ख्या | लिङ्ग | | जम्मा | जातजाति प्रतिशत | औषत परिवार सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | | | |
| २५ | गुरुंग | ४८ | ११५ | ११७ | २३२ | ०.५५ | ४.८३ |
| २६ | प्रजा | ४५ | ११० | १०६ | २१६ | ०.५२ | ४.८० |
| २७ | कुर्मी | ३५ | १०७ | ८९ | १९६ | ०.४७ | ५.६० |
| २८ | हल्वाई | ३३ | ९४ | ८६ | १८० | ०.४३ | ५.४५ |
| २९ | सार्की | ३५ | ७१ | ८४ | १५५ | ०.३७ | ४.४३ |
| ३० | धोबी | ३१ | ७२ | ७३ | १४५ | ०.३५ | ४.६८ |
| ३१ | कायस्थ | १९ | ४८ | ६३ | १११ | ०.२७ | ५.८४ |
| ३२ | सोनार | २१ | ५५ | ५४ | १०९ | ०.२६ | ५.१९ |
| ३३ | क्षेत्री | १८ | ४६ | ६२ | १०८ | ०.२६ | ६.०० |
| ३४ | बनिया | २० | ४६ | ५९ | १०५ | ०.२५ | ५.२५ |
| ३५ | बरै | १५ | ४९ | ४१ | ९० | ०.२२ | ६.०० |
| ३६ | सन्यसी | १४ | ३४ | ५६ | ९० | ०.२२ | ६.४३ |
| ३७ | नेवार | १७ | ३९ | ४५ | ८४ | ०.२० | ४.९४ |
| ३८ | ब्राम्हण तराई | १७ | ३३ | ४० | ७३ | ०.१७ | ४.२९ |
| ३९ | लोहार | १० | ३४ | २८ | ६२ | ०.१५ | ६.२० |
| ४० | तामांग | ९ | २५ | २२ | ४७ | ०.११ | ५.२२ |
| ४१ | लिम्बु | ११ | २० | २५ | ४५ | ०.११ | ४.०९ |
| ४२ | डोम | ७ | १६ | २० | ३६ | ०.०९ | ५.१४ |
| ४३ | कामी | ६ | २० | १५ | ३५ | ०.०८ | ५.८३ |
| ४४ | कल्वार | ५ | १६ | १६ | ३२ | ०.०८ | ६.४० |
| ४५ | कमार | ६ | ११ | १६ | २७ | ०.०६ | ४.५० |
| ४६ | ठकुरी | ५ | १६ | १० | २६ | ०.०६ | ५.२० |
| ४७ | माली | ३ | १३ | ११ | २४ | ०.०६ | ८.०० |
| ४८ | बधई | ४ | ८ | १४ | २२ | ०.०५ | ५.५० |
| ४९ | राई | ४ | ९ | ८ | १७ | ०.०४ | ४.२५ |
| ५० | बाँतर | ३ | ८ | ८ | १६ | ०.०४ | ५.३३ |
| ५१ | बंगाली | २ | ११ | ४ | १५ | ०.०४ | ७.५० |
| ५२ | तत्मा | ३ | ४ | ८ | १२ | ०.०३ | ४.०० |
| ५३ | खालिङ्ग | २ | ४ | ८ | १२ | ०.०३ | ६.०० |
| ५४ | माझी | २ | ६ | ५ | ११ | ०.०३ | ५.५० |
| ५५ | व्यासी | १ | ६ | ५ | ११ | ०.०३ | ११.०० |
| ५६ | वान्तवा | १ | ५ | ५ | १० | ०.०२ | १०.०० |

| सि.नं. | जातजाति | घर परिवार सङ्ख्या | लिङ्ग | | जम्मा | जातजाति प्रतिशत | औषत परिवार सङ्ख्या |
|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | | | |
| ५७ | दनुवार | २ | ३ | ६ | ९ | ०.०२ | ४.५० |
| ५८ | ह्यालमो | १ | २ | ७ | ९ | ०.०२ | ९.०० |
| ५९ | थारु | २ | २ | २ | ४ | ०.०१ | २.०० |
| ६० | धर्ती भुजेल | १ | १ | ३ | ४ | ०.०१ | ४.०० |
| ६१ | पत्थरकट्टा | १ | १ | २ | ३ | ०.०१ | ३.०० |
| ६२ | मुण्डा | १ | १ | १ | २ | ०.०० | २.०० |
| ६७ | तराई अन्य | ११५ | ३१४ | २९८ | ६१२ | १.४६ | ५.३२ |
| ६८ | उल्लेख नभएका | १९ | ३४ | ३५ | ६९ | ०.१६ | ३.६३ |
| ६९ | अन्य | १ | २ | ३ | ५ | ०.०१ | ५.०० |
| **जम्मा** | | **८१७५** | **२१११८** | **२०७०१** | **४१८१९** | **१००.००** | **५.१२** |

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

माथिको तालिकामा देखाइए अनुसार जहदा गाउँपालिकामा विभिन्न ६२ जातजातिका मानिसहरूको बसोवास रहेको छ । यसमा सवैभन्दा ज्यादा संख्यामा गनगाईको बसोवास छ । उनीहरूको जनसङ्ख्या गाउँपालिकाको कुल जनसङ्ख्याको १६.३८ प्रतिशत रहेको छ । त्यसपछि सतारसन्थालको जनसंख्या रहेको छ । सतारसन्थालहरू कुल जनसङ्ख्याको १४.८८ प्रतिशत रहेका छन् । सतारसन्थालपछि राजबंशी, मुसलमान, मुसहर र मलाहाको सङ्ख्या क्रमशः रहेको छ । सबैभन्दा कम एक–एक घरपरिवार मात्र बसोवास भएका जाति भने व्यासी, बान्तवा, ह्यालमो, घर्तीभुजेल, पत्थरकट्टा र मुण्डा रहेका छन् ।

## जातिगत समूहको जनसङ्ख्या

जातिगत समूहको आधारमा यस गाउँपालिकामा बसोवास गर्ने मानिसहरूमा विभिन्न प्रकारका समूह पर्दछन् । प्राप्त तथ्यांकअनुसार यस गाउँपालिकामा आदिवासी जनजातिको सङ्ख्या २००४१ जना रहेको छ । यिनीहरूको सङ्ख्या यस गाउँपालिकाको कुल जनसङ्ख्याको ४७.९२ प्रतिशत हुन आउँछ । यसबाट यस गाउँपालिकामा आदिवासी जनजातिको बाहुल्य रहेको बुझ्न सकिन्छ । यस बाहेक दलित, मधेशी पिछडा वर्ग र अन्य जातजातिको कुल सङ्ख्या क्रमशः ४९६१, १५६१३ र १२०४ जना रहेको छ । यहाँको जनसङ्ख्याको जातिगत अवस्था तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ८

जातिगत समूहअनुसार जनसङ्ख्या सम्बन्धी विवरण

| वडा नं. | जातजाति | | | | जम्मा |
|---|---|---|---|---|---|
| | आदिवासी जनजाति | दलित | मधेशी पिछडा वर्ग | अन्य जातजाति | |
| १ | १७९३ | १९४९ | २३६४ | १६२ | ६२६८ |
| २ | ३५७९ | ७४२ | २३९४ | ११६ | ६८३१ |
| ३ | ३७५० | ६८३ | २३७३ | १११ | ६९१७ |
| ४ | ३५६६ | ३६१ | २७०८ | १६० | ६७९५ |
| ५ | २४९० | ३४५ | ३०४६ | १२५ | ६००६ |
| ६ | २००१ | ४०३ | ८६८ | ४० | ३३१२ |
| ७ | २८६२ | ४७८ | १८६० | ४९० | ५६९० |
| **जम्मा** | **२००४१** | **४९६१** | **१५६१३** | **१२०४** | **४१८१९** |

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

माथिको तालिकामा देखाइए अनुसार सबैभन्दा धेरै आदिवासी जनजाति रहेका छन् भने त्यसपछि मधेशी पिछडावर्ग, दलित र अन्य जातजातिको बसोबास रहेको पाइन्छ । यहाँ दलितहरूको सङ्ख्या ४९६१ र मधेशी पिछडावर्गको सङ्ख्या १५६१३ जना रहेको देखिन्छ । वडागत आधारमा हेर्दा आदिवासी जनजातिको धेरै सङ्ख्या वडा नम्बर ३ र २ मा रहेको छ । त्यहाँ क्रमश: ३७५० र ३५७९ रहेको छ । पिछडा वर्गको जनसङ्ख्या विश्लेषण गर्दा वडा नम्बर ५ मा सबैभन्दा बढी अर्थात ३०४६ जना रहेको छ भने दोस्रोमा वडा नम्बर ४ मा २७०८ रहेको छ । दलितको जनसङ्ख्या विश्लेषण गर्दा वडा नम्बर १ मा सबैभन्दा बढी अर्थात १९४९ रहेको छ भने सबैभन्दा कम सङ्ख्या वडा नम्बर ५मा रहेको छ । त्यहाँ दलितको सङ्ख्या ३४५ मात्र रहेको छ । पिछडा वर्ग सबैभन्दा कम वडा नम्बर ६मा ८६८ जना रहेको छ । अन्य जातजातिको सङ्ख्या अत्यन्त न्यून अर्थात १२०४ जना रहेको देखिन्छ ।

तालिका नं. ९

जातिगत समूह तथा लिङ्ग अनुसार जनसङ्ख्या तथा घरपरिवार सम्वन्धी विवरण ।

| सि.नं. | जातजाति | घर परिवार सङ्ख्या | लिङ्ग | | जम्मा | जातजाति प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | | |
| १ | आदिवासी जनजाति | ४०६९ | १०१२७ | ९९१४ | २००४१ | ४७.९२ |
| २ | दलित | ९८६ | २५१० | २४५१ | ४९६१ | ११.८६ |
| ३ | मधेशी पिछडा वर्ग | २८९४ | ७९०२ | ७७११ | १५६१३ | ३७.३३ |
| ४ | अन्य जातजाति | २२६ | ५७९ | ६२५ | १२०४ | २.८८ |
| जम्मा | | ८१७५ | २१११८ | २०७०१ | ४१८१९ | १००.०० |

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

यस गाउँपालिकाका विभिन्न जातजातिको घरपरिवार सङ्ख्या ८१७५ रहेको छ । जसमध्ये आदिवासी जनजातिको घर ४०६९ सबैभन्दा धेरै रहेको छ, उनीहरूको जनसङ्ख्या पुरुष १०१२७ र महिला ९९१४ रहेको छ । उनीहरूले जनसङ्ख्याको ४७.९२ प्रतिशत स्थान ओगटेका छन् । दोस्रो स्थान मधेशी पिछडावर्गको रहेको छ । २८९४ घर परिवार रहेका उनीहरूको जनसङ्ख्या १५६१३ रहेको छ, कुल जनसङ्ख्याको ३७.३३ प्रतिशत स्थान ओगटेका छन् । दलितको घर परिवार सङ्ख्या ९८६ रहेको छ । उनीहरूको कुल जनसङ्ख्या ४९६१ रहेको छ जुन कुल जनसङ्ख्याको ११.८६ प्रतिशत हो । सबैभन्दा कम जनसङ्ख्या अन्य जातिको छ । २२६ घर परिवार रहेका उनीहरूको कुल जनसङ्ख्या १२०४ रहेको छ जसमध्ये ५७९ पुरुष र ६२५ महिला छन् ।

लैङ्गिक आधारमा विश्लेषण गर्दा आदिवासी जनजाति, दलित, पिछडावर्ग सबैमा पुरुषको सङ्ख्या महिलाको भन्दा बढी रहेको छ भने अन्य जातिमा पुरुषभन्दा महिलाको सङ्ख्या बढी रहेको पाइएको छ ।
यसलाई तलको रेखाचित्रमा देखाइएको छ ।

**रेखाचित्रनं.४**




## मातृभाषा अनुसारको जनसङ्ख्या

जहदा गाउँपालिकामा २२ प्रकारका मातृभाषा भएका मानिसहरूको बसोबास रहेको पाइएको छ । तिनमा सबैभन्दा बढी मैथली मातृभाषा हुने मानिसहरूको बसोबास रहेको देखिन्छ । यिनीहरूको सङ्ख्या भने ५३.३२ प्रतिशत रहेको छ । यसपछि सन्थाल भाषा बोल्ने मानिसहरूको सङ्ख्या

रहेको छ । उनीहरूको सङ्ख्या भने १४.६८ प्रतिशत रहेको पाइन्छ । यस गाउँपालिकाको मातृभाषाका आधारमा जनसङ्ख्याको विवरण तलको तालिकामा देखाइएको छ ।

तालिका नं. १०

लिङ्ग तथा मातृभाषा अनुसारको जनसङ्ख्या

| सि.नं. | मातृभाषाको नाम | लिङ्ग | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | |
| १ | मैथली | ११२४६ | ११०५० | २२२९६ | ५३.३२ |
| २ | सन्थाली | ३०२७ | ३११४ | ६१४१ | १४.६८ |
| ३ | अंगिका | ३०६० | २९१० | ५९७० | १४.२८ |
| ४ | राजवैशी | १०६८ | ९९० | २०५८ | ४.९२ |
| ५ | नेपाली | ६०१ | ६३६ | १२३७ | २.९६ |
| ६ | सुनुवार | ५७७ | ५१९ | १०९६ | २.६२ |
| ७ | उर्दु | ४०१ | ४२५ | ८२६ | १.९८ |
| ८ | भोजपुरी | ४०२ | ३७२ | ७७४ | १.८५ |
| ९ | हिन्दी | २०५ | १८३ | ३८८ | ०.९३ |
| १० | मगाडी | १४२ | १२६ | २६८ | ०.६४ |
| ११ | गन्गाई | १३८ | १२५ | २६३ | ०.६३ |
| १२ | बंगला | ८९ | ८० | १६९ | ०.४० |
| १३ | तामांग | २५ | २२ | ४७ | ०.११ |
| १४ | लिम्वु | २० | २४ | ४४ | ०.११ |
| १५ | अछामी | ९ | १३ | २२ | ०.०५ |
| १६ | राई | ९ | ७ | १६ | ०.०४ |
| १७ | खालिंग | ४ | ८ | १२ | ०.०३ |
| १८ | बान्तवा | ६ | ६ | १२ | ०.०३ |
| १९ | नेवार | ४ | ६ | १० | ०.०२ |
| २० | ह्याल्मो | २ | ७ | ९ | ०.०२ |
| २१ | थुलुंग | ३ | ३ | ६ | ०.०१ |
| २२ | बज्जीका | ३ | २ | ५ | ०.०१ |
| २३ | अन्य | १२ | १२ | २४ | ०.०४ |
| २४ | उल्लेख नभएका | ६५ | ६१ | १२६ | ०.३० |
| जम्मा | | २१११८ | २०७०१ | ४१८१९ | १०० |

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

माथिको तालिकामा देखाइएअनुसार जहदा गाउँपालिकाका नेपाली मातृभाषा हुने मानिसहरूको सङ्ख्या २.९७ रहेको पाइन्छ । भाषाको हिसाबले पाँचौ क्रममा नेपाली भाषाभाषीको सङ्ख्या रहेको पाइन्छ । सबैभन्दा कम क्रमशः ह्याल्मो, थुलुङ र बज्जीका भाषाभाषीहरूको सङ्ख्या छ । उनीहरूको कुल सङ्ख्या क्रमशः ९, ६ र ५ जना रहेको छ ।

## धर्मअनुसारको जनसङ्ख्या

जहदा गाउँपालिकामा विभिन्न छ धर्मका अनुयायीको बसोबास रहेको छ । यसमा प्रमुख भने हिन्दू धर्म मान्यहरू नै रहेको देखिन्छ । यस गाउँपालिकामा हिन्दूमार्गीको सङ्ख्या ३५४७२ जना रहेको छ, उनीहरू सबै वडामा छरिएर रहेका छन् । त्यसपछि प्रकृति धर्मका अनुयायीको सङ्ख्या दोस्रोमा रहेको देखिन्छ । उनीहरू वडा नम्बर एक बाहेक सबै वडामा रहेको पाइन्छ । तेस्रोमा इस्लाम धर्मावलम्बीहरूको सङ्ख्या छ । उनीहरू पनि वडा नम्बर ४ बाहेक सबै वडाहरूमा छरिएर रहेका छन् । ४ नम्बर वडामा मुस्लिम धर्म मान्ने मानिसको सङ्ख्या १ रहेको छ । तेस्रोमा इसाइहरूको सङ्ख्या आउँछ, उनीहरू वडा नम्बर ६ बाहेक सबै वडामा फैलिएर रहेको पाइन्छ । यस गाउँपालिकाको धर्मअनुसारको जनसङ्ख्यालाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं. ११

धर्म अनुसारको वडागत जनसङ्ख्या विवरण

| वडा नं. | धर्म | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | हिन्दु | बौद्ध | इस्लाम | किरांत | इसाई | प्रकृति | अन्य | जम्मा |
| १ | ५५१४ | २० | ७०७ | ० | ७ | ० | २० | ६२६८ |
| २ | ५९३९ | १५ | ४६८ | ९ | १३८ | २५१ | ११ | ६८३१ |
| ३ | ६४०६ | ० | ३२८ | ० | १५० | १६ | १७ | ६९१७ |
| ४ | ५९०६ | ० | १ | ० | ७२ | ८१५ | १ | ६७९५ |
| ५ | ५४७४ | ० | ३९४ | ० | १०२ | ३६ | ० | ६००६ |
| ६ | १३९८ | ० | ७३० | ० | ० | ११६४ | २० | ३३१२ |
| ७ | ४८३५ | ० | १०७ | ० | २४४ | ५०३ | १ | ५६९० |
| जम्मा | ३५४७२ | ३५ | २७३५ | ९ | ७१३ | २७८५ | ७० | ४१८१९ |

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

माथिको तालिकामा देखाइएअनुसार यस गाउँपालिकाका मानिसहरूले विभिन्न ६ प्रकारका धर्महरू मान्ने गरेका छन् । यसमा सवैभन्दा ज्यादा हिन्दू धर्म मान्ने मानिसहरूको सङ्ख्या रहेको पाइन्छ । तिनीहरूको सङ्ख्या ३५४७२ छ । त्यसपछि प्रकृति धर्मका अनुयायीहरूको सङ्ख्या रहेको छ । उनीहरूको सङ्ख्या २७८५ रहेको छ भने तेस्रो स्थानमा बौद्ध धर्म मान्ने मानिसहरू सङ्ख्या छ । जसको कुल जनसङ्ख्या २७३५ रहेको देखिन्छ । चौथो क्रममा इसाइहरू रहेका छन् । उनीहरूको सङ्ख्या ७१३ रहेको छ । त्यसैगरी पाँचौ क्रममा बौद्ध धर्म मान्नेहरूको

सङ्ख्या रहेको छ । उनीहरूको सङ्ख्या पनि नगण्य अर्थात ३५ रहेको पाइन्छ । सबैभन्दा कम किराात धर्मका अनुयायीहरूको रहेको छ । उनीहरूको कुल जनसङ्ख्या जम्मा ९ रहेको छ । यस गाउँपालिकामा सवैभन्दा कम किराँत धर्म मान्नेहरू छन्, जसको जनसङ्ख्या ९ मात्र रहेको देखिन्छ ।

## धर्म तथा जातीयता अनुसार

धर्म र जात दुवै सम्वेदनशील विषय हुन् । यस तालिकामा जहदा गाउँपालिकाका जातीय समूहहरूलाई धार्मिक आस्थाको आधारमा तुलना गरेर विश्लेषण गरिएको छ ।

तालिका नं. १२
धर्म तथा जातीयता अनुसार गाउँपालिकाको जनसङ्ख्या विवरण ।

| सि.तं. | जातियता | धर्म | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | हिन्दु | बौद्ध | इस्लाम | किरांत | इसाई | प्रकृतिक | अन्य | |
| १ | आदिवासी जनजाति | १६५७४ | ३५ | ० | ९ | ६८४ | २७०२ | ३७ | २००४१ |
| २ | दलित | ४९३७ | ० | ० | ० | ८ | १ | १५ | ४९६१ |
| ३ | मधेशी पिछडा वर्ग | १२८५१ | ० | २७३५ | ० | १० | ६ | ११ | १५६१३ |
| ४ | अन्य जातजाति | १११० | ० | ० | ० | ११ | ७६ | ७ | १२०४ |
| जम्मा | | ३५४७२ | ३५ | २७३५ | ९ | ७१३ | २७८५ | ७० | ४१८१९ |

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

माथिको तालिका विश्लेषण गर्दा जहदा गाउँपालिकामा सबैभन्दा ठूलो धार्मिक सम्प्रदाय हिन्दु ३५४७२ जना रहेका छन् । तीमध्ये ठूलो सङ्ख्या १६५७४ जना आदिवासी जनजाति क्षेत्रमा रहेका छन् भने हिन्दु धर्मावलम्बीहरूको दोस्रो ठूलो हिस्सा मधेशी पिछडा वर्गको रहेको छ । उनीहरूको संख्या १२८५१ रहेको छ । हिन्दू धर्मावलम्बीहरूको तेस्रो ठूलो हिस्सामा दलित रहेको छ । हिन्दु धर्म मान्ने दलितहरूको सङ्ख्या ४९३७ रहेको छ । हिन्दु धर्म मान्ने अन्य जातिको सङ्ख्या १११० रहेको छ ।

किराँत धर्म मान्ने ९ जना सबै आदिवासी जनजाति जातीय समूहका रहेका छन् भने बौद्ध धर्म मान्ने ३५ जना पनि आदिवासी जनजाति समुदायका नै रहेका छन् ।

त्यसैगरी इस्लाम धर्म र किरात मान्नेहरू सबै जातीय समुदायबाट आएका छन् । इसाइ धर्म मान्नेहरू ६८४ जना र प्रकृति धर्म मान्नेहरू २७०२ जना आदिवासी जनजाति छन् । इस्लाम र किराँत दुवै धर्मको दोस्रो अवस्था अन्य जातजातिमा परेको छ । त्यसमा क्रमशः इसाइ ११ र प्रकृति ७६ जना अन्य क्षेत्रका रहेका छन् ।

माथि उल्लेखित धर्महरू बाहेक अन्य धर्म मान्नेहरू ७० जना रहेका छन् । ती मध्ये आदिवासी जनजाति ३७, दलित १५ जना, मधेशी पिछडा वर्ग ११ र अन्यजातजाति ७ जना रहेका छन् ।

## परिवारमा सदस्य सङ्ख्याको अवस्था

जहदा गाउँ पालिकाको परिवारको अवस्था अध्ययन गर्दा १ देखि २३ जनासम्म एउटा परिवारमा रहेको पाइएको छ । यसरी हेर्दा एक परिवारमा एक जना मात्र रहनेको संख्या १८९ रहेको छ । पाँच जनाको परिवार रहनेहरूको सङ्ख्या सबैभन्दा बढी अर्थात  १०३१० जना रहेका छन् । उनीहरू २०६२ घरपरिवारमा हुनेहरूको सङ्ख्या विभक्त छन् । जुन कुल जनसङ्ख्याको २४.६५ प्रतिशत हो । त्यस्तै दोस्रो र तेस्रो क्रममा ४ र ६ जनाको परिवार रहेको सङ्ख्या आउँछ । एक परिवारमा चार जना रहने परिवार सङ्ख्या १६४४ छ, जसको जनसङ्ख्या ६५७६ (१५.७२ प्रतिशतं) रहेको छ । एक परिवारमा ६ जना रहने परिवार सङ्ख्या १३९६ छ, जसको जनसङ्ख्या ८३७६ (२०.०३ प्रतिशत) रहेको छ । सबैभन्दा बढी एक परिवारमा २३ जनाको सङ्ख्या रहेको परिवार संख्या २ रहेको छ । त्यस्तै १९ र २१ जनाको परिवार रहनेका एक एक वटा परिवार रहेका छन् । यो विवरणलाई तलको तालिकामा पनि हेर्न सकिन्छ ।

तालिका नं. १३

परिवारमा सदस्य सङ्ख्याको आधारमा विवरण

| परिवारमा सदस्य रहेको सङ्ख्या | परिवार सङ्ख्या | जम्मा सदस्य सङ्ख्या | परिवार सङ्ख्या प्रतिशत |
|---|---|---|---|
| १ | १८९ | १८९ | ०.४५ |
| २ | ५८१ | ११६२ | २.७८ |
| ३ | ७६८ | २३०४ | ५.५१ |
| ४ | १६४४ | ६५७६ | १५.७२ |
| ५ | २०६२ | १०३१० | २४.६५ |
| ६ | १३९६ | ८३७६ | २०.०३ |
| ७ | ६५५ | ४५८५ | १०.९६ |
| ८ | ३८६ | ३०८८ | ७.३८ |
| ९ | १९८ | १७८२ | ४.२६ |
| १० | ११२ | ११२० | २.६८ |
| ११ | ७० | ७७० | १.८४ |
| १२ | ४० | ४८० | १.१५ |
| १३ | ३० | ३९० | ०.९३ |
| १४ | २१ | २९४ | ०.७० |
| १५ | ७ | १०५ | ०.२५ |
| १६ | ५ | ८० | ०.१९ |
| १७ | ४ | ६८ | ०.१६ |
| १८ | ३ | ५४ | ०.१३ |
| १९ | १ | १९ | ०.०५ |
| २१ | १ | २१ | ०.०५ |
| २३ | २ | ४६ | ०.११ |
| जम्मा | ८१७५ | ४१८१९ | १००.०० |

स्रोत : राष्ट्रिय जन गणना  २०६८ ।

## राष्ट्रियता तथा जातीयता

कुन राष्ट्रियता भएका मानिसहरू बसोबास गर्दछन् भन्ने कुराले पनि विकास अभियानमा अहम् महत्व राख्ने गर्दछन् । जनसहभागिता र विकासको दृष्टिकोण निर्माणमा समेत राष्ट्रियताको महत्व हुन्छ । तलको तालिकामा जहदा गाउँपालिकामा बसोबास गरिरहेका मानिसहरूको राष्ट्रियता र जातीयताको सम्बन्ध उल्लेख छ ।

तालिका नं. १४
राष्ट्रियता तथा जातीयता अनुसार जनसङ्ख्याको विवरण ।

| जातियता | राष्ट्रियता | | | जम्मा |
|---|---|---|---|---|
| | नेपाली | भारत | अन्य मुलकका | |
| आदिवासी जनजाति | १९८५८ | १५७ | २६ | २००४१ |
| दलित | ४९४० | १७ | ४ | ४९६१ |
| मधेशी पिछडा वर्ग | १५५१० | ७७ | २६ | १५६१३ |
| अन्य जातजाति | ११९६ | ८ | ० | १२०४ |
| जम्मा | ४१५०४ | २५९ | ५६ | ४१८१९ |

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

सीमावर्ती गाउँपालिका भईकन पनि जहदाका ९९.२५ प्रतिशत अर्थात ४१५०४ जना मानिसहरू नेपाली नागरिक छन् । बाँकी ०.७५ प्रतिशत गैरनेपाली नागरिकहरूको बसोबास रहेको छ । जहदामा बसोबास गरिरहेका गैर नेपाली नागरिक मध्ये २५९ जनासँग भारतीय नागरिकता रहेको छ भने ५६ जनासँग अन्य मुलुकको नागरिकता रहेको छ ।

## साक्षरताको अवस्था

मोरङको जहदा गाउँपालिकामा दक्षिणी सीमावर्ती गाउँपालिका हो । यसमा साक्षरता प्रतिशत जम्मा ७२.७६ रहेको छ । यहाँ पुरूष साक्षरता ७५.२० प्रतिशत र महिला साक्षरता दर ७०.३० प्रतिशत रहेको देखिन्छ । यसलाई तालिका नम्बर १५ मा देखाइएको छ ।

तालिका नं. १५
गाउँपालिकाको साक्षरता प्रतिशत सम्वन्धी विवरण ।

| सिं नं. | शैक्षिक अवस्था | लिङ्ग | | जम्मा साक्षरता प्रतिशत |
|---|---|---|---|---|
| | | पुरुष साक्षरता प्रतिशत | महिला साक्षरता प्रतिशत | |
| १ | साक्षर प्रतिशत | ७५.२० | ७०.३० | ७२.७६ |
| | जम्मा | **७५.२०** | **७०.३०** | **७२.७६** |

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

माथिको तालिकामा देखाइएअनुसार जहदा गाउँपालिकाका केही मानिसहरू निरक्षर पनि छन् । यहाँ पुरुषको तुलनामा महिलाहरूको निरक्षरताको सङ्ख्या निकै ज्यादा रहेको पाइन्छ । यता अझसम्म पनि यस गाउँपालिकामा कुल निरक्षरताको दर २७.२४ प्रतिशत रहेको देखिन्छ। त्यमा पुरुष निरक्षरताको दर २४.८० प्रतिशत र महिला निरक्षरताको दर २९.७० प्रतिशत रहेको छ। यसबाट प्रष्ट हुन्छ कि यो गाउँपालिकाको विकास गर्नका लागि अझै पनि साक्षरता अभियानमा जोड दिन आवश्यक छ।

## उमेर तथा लिङ्ग अनुसार साक्षरताको अवस्था

मोरङको जहदा गाउँपालिकाको उमेर समूह अनुसारको साक्षरता दर हेर्दा के देखिन्छ भने यहाँ सवैभन्दा ज्यादा साक्षरता दर रहेको जनसंख्या ५ देखि १५ वर्ष उमेर समूहको हो । यस उमेर समूहका पुरुष ८२.४४ प्रतिशत र महिला ७९.९९ प्रतिशत साक्षर देखिन्छन् । यस उमेर समूह बालबालिकाको विद्यालय पढ्ने उमेर समूह भएकाले यस गाउँपालिकामा विद्यालय जाने उमेर समूहका अधिकांश बालबालिका विद्यालय जाने गरेको पाइएको छ ।

सबैभन्दा कमजोर साक्षरताको अवस्था रहेको ४६ देखि ६० वर्ष उमेर समूह हो यसमा ६१.२६ प्रतिशत पुरुष र ५८.६८ प्रतिशत महिला साक्षर भएको पाइन्छ, जसलाई तलको १६ नम्बरको तालिकामा विस्तृत रुपमा देखाइएको छ ।

तालिका नं. १६
उमेर समूह तथा लिङ्ग अनुसार निरक्षर र साक्षरताको विवरण

| सि.नं. | उमेर समूह | पुरुष | | | महिला | | |
|---|---|---|---|---|---|---|---|
| | | निरक्षर | साक्षर | साक्षर प्रतिशत | निरक्षर | साक्षर | साक्षर प्रतिशत |
| १ | ५-१५ | १०६१ | ४९८० | ८२.४४ | ११८१ | ४७२२ | ७९.९९ |
| २ | १६-४५ | २४३८ | ७०३१ | ७४.२५ | ३१६७ | ६१५६ | ६६.०३ |
| ३ | ४६-६० | ८३४ | १३१९ | ६१.२६ | ८६४ | १२२७ | ५८.६८ |
| ४ | ६१ भन्दा माथि | २९५ | ६९३ | ७०.१४ | २१४ | ७२९ | ७७.३१ |
| **जम्मा** | | ४६२९ | १४०२५ | ७५.२० | ५४२७ | १२८३६ | ७०.३० |

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

जहदा गाउँपालिकामा सामान्यतया पुरूषका तुलनामा महिलाहरूको साक्षरता दर कम रहेको देखिन्छ । तर ६१ देखि माथिको उमेर समूहमा भने महिलाको साक्षरता दर पुरुषको भन्दा बढी रहेको पाइएको छ । विगतमा सञ्चालन गरिएका प्रौढ कक्षाका रूपमा चिनिने अनौपचारिक कक्षा शिक्षाको प्रभावका कारणले महिला साक्षरता दर बढेको हुनसक्छ ।

## जातिगत समूहको साक्षरता

सामाजिक विकासको क्रमसँगै जातिगत विकास पनि अगाडि बढिरहेको हुन्छ । शिक्षा र साक्षरतामा पहुँचले कुनै पनि जातिको मानिसको विकासको संभावना आँकलन गर्न सकिन्छ । जातिगत आधारमा साक्षरताको अवस्था हेर्दा सबै जातजातिमा साक्षरता दर एकै प्रकारको रहेको पाइएन । यसबाट यहाँ जातिगत आधारमा विकासको सूचक एकै किसिमको रहेको छैन भन्ने बुझिन्छ । सामान्यतया जहदा गाउँपालिकामा आदिवासी जनजातिहरू साक्षरतामा अगाडि देखिएका छन् भने दलितको अवस्था यहाँ सन्तोषजनक देखिदैन ।

तलको १७ नम्बर तालिकामा जहदा गाउँपालिकाको जातीय आधारमा साक्षरता र निरक्षरताको अवस्था  देखाइएको छ ।

तालिका नं. १७

जातजाति अनुसार निरक्षर र साक्षरताको विवरण

| सि.नं. | जातजाति | निरक्षर | साक्षर | कुल जनसङ्ख्या | साक्षरता प्रतिशत |
|---|---|---|---|---|---|
| १ | आदिवासी जनजाति | ३९०६ | १४०३३ | १७९३९ | ७८.२३ |
| २ | दलित | १४१६ | २८३१ | ४२४७ | ६६.६६ |
| ३ | मधेशी पिछडा वर्ग | ४४१३ | ९२४५ | १३६५८ | ६७.६९ |
| ४ | अन्य जातजाति | ३१९ | ७४८ | १०६७ | ७०.१० |
| जम्मा | | १००५४ | २६८५७ | ३६९११ | ७२.७६ |

स्रोत : राष्ट्रिय जन गणना  २०६८ ।

जहदा गाउँपालिकाको जातिगत समूहको आधारमा साक्षरताको अवस्था माथिको तालिकामा हेर्दा सबैभन्दा बढी साक्षरता दर आदिवासी जनजाति समुदायका मानिसमा रहेको पाइयो । उनीहरूको साक्षरता दर ७८.२३ प्रतिशत रहेको छ । यस गाउँपालिकामा उनीहरूको जनसङ्ख्या पनि सवैभन्दा बढी रहेको छ । त्यस्तै दोस्रो अवस्था अन्य जातजातिको रहेको छ । उनीहरूको साक्षरता प्रतिशत ७२.७६ रहेको छ । यहाँ अन्य जातजाति अन्तर्गत क्षेत्री ब्राह्मण पर्दछन् । यस गाउँपालिकामा उनीहरूको जनसङ्ख्या अत्यन्त कम छ । मधेशी पिछडावर्ग साक्षरताको हिसाबले तेस्रो श्रेणीमा रहेको छ । त्यस समुदायका ६७.६९ प्रतिशत मानिसहरू साक्षर छन् । दलितको साक्षरता दर सबै समुदायको भन्दा कम छ । यस समुदायको साक्षरता दर ६६.६६ प्रतिशत मात्र रहेको पाइन्छ ।

## उत्तीर्ण गरेको शैक्षिक तह

कुनै पनि गाउँका मानिस साक्षर भए भन्दैमा उनीहरूको शिक्षाको विकास सही रुपमा भएको मानिदैन । त्यहाँका मानिसहरूले कुन कुन तह उतीर्ण गरी राष्ट्रका लागि शिक्षित जनशक्तिको

रुपमा योगदान गर्ने भएका छन् भन्ने कुरा महत्वपूर्ण हो । त्यसैले यहाँ मोरङको जहदा गाउँपालिकाका साक्षर मानिसहरूमध्ये कतिले कुन कुन शैक्षिक तह उतीर्ण गरेका छन् भन्ने कुरा विश्लेषण गरिएको छ ।

जहदा गाउँपालिकाको जनसङ्ख्या ४१८१९ मध्ये ३२७१५ जना साक्षर छन् । तर, उतीर्ण गरेको शिक्षाको तह हेर्दा स्नातकोत्तर तहभन्दा माथि १५ जनाले अध्ययन गरेका छन् । यसमा पुरुषका तुलनामा महिलाको सङ्ख्या कम रहेको देखिन्छ । यसैगरी स्नातक तह उत्तिर्ण गर्ने १११ मध्ये १७ जना महिला रहेका छन् । यस गाउँपालिकाका बाँकी मानिसहरूले विभिन्न स्तरसम्मको शिक्षा लिएको देखिन्छ । यहाँका मानिसहरूको शैक्षिक स्तर र लिङ्गलाई  आधार मानेर ५ वर्ष वा सो भन्दा माथिको जनसङ्ख्याको विवरण तलको तालिका नंम्बर १८ मा देखाइएको छ ।

तालिका नं. १८

लिङ्ग अनुसार ५ वर्ष वा सो भन्दामाथिको जनसङ्ख्याले उत्तीर्ण गरेको शैक्षिक तह ।

| सि.नं. | उत्तीर्ण गरेको शिक्षा | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १ | नर्सरी | ३८७ | ३०७ | ६९४ |
| २ | कक्षा १ | १०८७ | १००४ | २०९१ |
| ३ | कक्षा २ | १०४० | ९०३ | १९४३ |
| ४ | कक्षा ३ | १०४३ | ८७८ | १९२१ |
| ५ | कक्षा ४ | १०७६ | ८११ | १८८७ |
| ६ | कक्षा ५ | १७१० | १०१८ | २७२८ |
| ७ | कक्षा ६ | ८३३ | ६०६ | १४३९ |
| ८ | कक्षा ७ | ९३० | ५३० | १४६० |
| ९ | कक्षा ८ | ९४२ | ५४० | १४८२ |
| १० | कक्षा ९ | ७३९ | ३०७ | १०४६ |
| ११ | कक्षा १० | ५२३ | २५१ | ७७४ |
| १२ | एस. एल. सी. | १०७० | ४८६ | १५५६ |
| १३ | प्रवीणता प्रमाणपत्र | २९७ | ८५ | ३८२ |
| १४ | स्नातक तह | ९४ | १७ | १११ |
| १५ | स्नातकोत्तर तह वा माथि | १४ | १ | १५ |
| १६ | अनौपचारिक शिक्षा | १४५ | १०७ | २५२ |
| १७ | उल्लेख नभएको | ३७ | २३ | ६० |
| | **जम्मा** | ११९६९ | ७८७७ | १९८४६ |

स्रोत : राष्ट्रिय जन गणना  २०६८ ।

यस गाउँपालिकाका सबैभन्दा बढी विद्यार्थीको सङ्ख्या कक्षा ५ उत्तीर्ण गर्ने मानिसहरूको रहेको देखिन्छ । कक्षा ५ उतीर्ण गरेकाहरूको सङ्ख्या २७२८ रहेको छ । यसैगरी कक्षा १ उतीर्ण गर्नेको

सङ्ख्या २०९१ रहेको छ । सामान्यतया यहाँका मानिसहरूमा १० कक्षा पढेपछि पढाइ छाड्ने प्रवृत्ति ज्यादा देखिन्छ । त्यस्तै उच्च शिक्षा लिने मानिसहरूको सङ्ख्या निक्कै कम रहेको देखिन्छ । जस्तो कि माथि तालिका नम्बर १८ मा एसएलसी उत्तीर्णहरूको सङ्ख्या १५५६ रहेको देखाइएको छ भने प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गर्नेहरूको सङ्ख्या ३८२मा झरेको छ ।

जहदा गाउँपालिकामा अनौपचारिक शिक्षाको कक्षा उतीर्ण गरेकाहरूको सङ्ख्या २५२ रहेको छ, यसबाट साक्षरताको दर बढाउनमा साक्षरताका लागि सञ्चालन गरिएका अनौपचारिक शिक्षा कक्षाहरूको भूमिका महत्वपूर्ण रहेको प्रष्ट हुन्छ ।

## विद्यालय छाड्ने प्रवृत्ति

लैङ्गिक आधारमा शिक्षाको वर्तमान स्थितिको अध्ययनले बालक र बालिकाको विद्यालय छाड्ने प्रवृत्ति खोजी गर्न र त्यसको समाधानको उपाय पहिचान गर्न महत्वपूर्ण योगदान गर्नसक्छ । यस तालिकाले जहदा गाउँपालिकाको सातै वटा वडाको बालबालिका विद्यालय गइरहेको वा जान छाडेको स्थिति विवरण तालिका नम्बर १९ ले झल्काउँछ ।

तालिका नं. १९

वडा अनुसार ५ वर्ष वा सो भन्दा माथिको जनसङ्ख्याको लिंग अनुसार शिक्षाको स्थिति

| वडा नं. | लिंग | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | | | | महिला | | | |
| | हाल शिक्षाको स्थिति | | | जम्मा | हाल शिक्षाको स्थिति | | | जम्मा |
| | हाल स्कुल गइरहेको | स्कुल जान छाडेको | उल्लेख नभएको | | हाल स्कुल गइरहेको | स्कुल जान छाडेको | उल्लेख नभएको | |
| १ | ८८८ | १८०० | ६८ | २७५६ | ८१२ | १७८९ | १५२ | २७५३ |
| २ | ९९४ | १९३६ | १८० | ३११० | ७८१ | २०५५ | १५४ | २९९० |
| ३ | ९९४ | १९७६ | २०४ | ३१७४ | ७९९ | १९३७ | २१६ | २९५२ |
| ४ | १०८१ | १९११ | ६७ | ३०५९ | ९५५ | १९२१ | ११४ | २९९० |
| ५ | ९०४ | १७१८ | १७ | २६३९ | ७८९ | १८४७ | १४ | २६५० |
| ६ | ५३४ | ८३७ | १०३ | १४७४ | ४७३ | ९०९ | ६५ | १४४७ |
| ७ | ८०६ | १६५६ | २ | २४६४ | ७३२ | १७७१ | ३ | २५०६ |
| **जम्मा** | ६२०१ | ११८३४ | ६४१ | १८६७६ | ५३४१ | १२२२९ | ७१८ | १८२८८ |

स्रोत : राष्ट्रिय जन गणना २०६८

यस गाउँपालिकाका बालबालिकामा स्कूल जान छाड्ने प्रवृत्ति अधिक देखिन्छ । हाल यहाँ रहेका पाँच वर्षमाथिका ३६९६४ मानिसहरू मध्ये ६२०१ बालक र ५३४१ बालिका गरी कुल ११५४२ बालबालिका नियमित विद्यालय गइरहेको पाइएको छ । यस गाउँपालिकामा सामान्यतया १० कक्षा पढेपछि पढाइ छाड्ने प्रवृत्ति ज्यादा रहेको हुँदा यस्तो तथ्याङ्क आएको हो । विद्यालय जान छाडेका ११८३४ बालक र १२२२९ बालिका रहेको देखिन्छ । यसबाट विद्यालय जान छाड्नेमा बालिकाको सङ्ख्या बढी रहेको पनि पाइएको छ ।

**विद्यालय जाने उमेरका आधारमा शिक्षाको अवस्था**

यहाँका पाँच वर्षमाथिका कुल ३६९६४ मानिसहरूमध्ये न्यून सङ्ख्या मात्र अहिले विद्यालय वा महाविद्यालयको शिक्षामा रहेका छन् । त्यस बाहेक अधिकांशले पढाइ छाडेर व्यावहारिक काममा लागेका छन् । तलको तालिका नम्बर २० मा उमेरगत आधारमा विद्यालय जाने र छाड्नेको विवरण उल्लेख गरिएको छ ।

तालिका नं. २०

उमेर समूह अनुसार शिक्षाको स्थिति ।

| सि. नं. | उमेर समूह | हाल शिक्षाको स्थिति | | | जम्मा |
|---|---|---|---|---|---|
| | | हाल स्कुल गइरहेको | स्कुल जान छाडेको | उल्लेख नभएको | |
| १ | ५-१५ | ८९८० | २५३१ | ४५४ | ११९६५ |
| २ | १६-४५ | २५४८ | १५४४० | ८२८ | १८८१६ |
| ३ | ४६-६० | १४ | ४१६९ | ६५ | ४२४८ |
| ४ | ६१ भन्दा माथि | ० | १९२३ | १२ | १९३५ |
| | जम्मा | ११५४२ | २४०६३ | १३५९ | ३६९६४ |

स्रोत : राष्ट्रिय जन गणना २०६८

माथिको तालिकामा देखाइए अनुसार यस गाउँपालिकाका धेरै बालबालिकाले शैक्षिक सत्रको बीचैमा विद्यालय छाडेका छन् । उमेरगत आधारमा हेर्दा विद्यालय शिक्षामा रहनुपर्ने ५ वर्ष देखि १५ वर्षसम्मको उमेरमा २५३१ जनाले विद्यालय छाडेको पाइएको छ । त्यसैगरी उच्च शिक्षा पढ्ने उमेर १६ वर्षदेखि ४५ वर्ष समूहमा झन धेरै पढाइ छाड्ने दर रहेको पाइएको छ । घरको आर्थिक कारण, घरको काम गर्नुपर्ने र नराम्रो बानी भएका साथीहरूको संगतको कारणबाट पनि बालबालिकाले विद्यालय जान छाड्ने गरेको पाइएको छ ।

## विद्यालय जाने उमेर समूहका बालबालिकाको अवस्था

जहदा गाउँपालिका क्षेत्रमा रहेका विद्यालय जान उमेर समूहका बालबालिकाको अवस्था बारे तलको तालिकामा स्पष्ट देखाइएको छ । विद्यालय जाने उमेर समूहका बालबालिकामध्ये ७५ प्रतिशत बालबालिका विद्यालय गइरहेको तथ्याङ्कले देखाएको छ ।

तालिका नं. २१

उमेर समूह तथा बालबालिकाहरू अनुसार हाल शिक्षाको अवस्था

| सि. नं. | उमेर समूह | हाल शिक्षाको स्थिति | | | जम्मा |
|---|---|---|---|---|---|
| | | हाल स्कुल गइरहेको | स्कुल जान छाडेको | उल्लेख नभएको | |
| १ | ५-९ | ३७८४ | १४९८ | १९६ | ५४७८ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | १०-१४ | ४५०५ | ७६५ | २११ | ५४८१ |
| ३ | १५ वर्ष | ६९१ | २६८ | ४७ | १००६ |
| | जम्मा | ८९८० | २५३१ | ४५४ | ११९६५ |

स्रोत : राष्ट्रिय जन गणना २०६८

जहदा गाउँपालिकामा विद्यालय जाने उमेरका बालबालिकाको अवस्था चित्रण गर्दा पाँच वर्ष पुगेका तर १० वर्ष नपुगेका बालबालिकाको संख्या ५४७८ रहेको छ । त्यसैगरी १० देखि १४ वर्ष उमेर समूहका बालबालिकाको संख्या ५४८१ रहेको छ भने १५ वर्षभन्दा माथिको उमेर समूहका बालबालिकाको कुल संख्या १००६ रहेको छ ।

माथिको तालिकाको आधारमा भन्नुपर्दा कुल ११९६५ बालबालिका मध्ये ८९८० जना (७५प्रतिशत) विद्यालय गइरहेको पाइएको छ । त्यसैगरी २५३१ जना (२१.१५ प्रतिशत) बालबालिकाले विद्यालय जान छाडेका छन् भने ४५४ जना (३.७९ प्रतिशत) बालबालिकाको अवस्था अज्ञात छ ।

विद्यालय छाड्ने प्रवृत्तिको विश्लेषण गर्दा ५ देखि ९ वर्ष उमेर समूहको १४९८ जना विद्यार्थी विद्यालय जान छाडेका छन् जुन त्यस उमेर समूहका कुल विद्यार्थी संख्या ५४७८ को २७.३४ प्रतिशत हो । त्यसैगरी १० देखि १४ वर्ष उमेर समूहका बालबालिकामध्ये ७६५जना विद्यालय जान छाडेका छन् । यो संख्या त्यही उमेर समूहका बालबालिकाको संख्या ५४८१ को १३.९६ प्रतिशत हो । त्यसैगरी १५ वर्षभन्दा माथिको उमेर समूहका २६८ जना बालबालिका विद्यालय जान छाडेका छन् । जुन त्यही उमेर समूहका कुल बालबालिकाको संख्या १००६ को २६.६४ प्रतिशत हो । यस आधारमा विश्लेषण गर्दा विद्यालय छाड्ने दर ५ वर्षदेखि ९ वर्षको समूहमा र १५ वर्ष माथिको अवस्था झण्डै उस्तैउस्तै रहेको पाइयो ।

## लैङ्गिक अवस्था र उत्तीर्ण सङ्काय

देशको जनशक्ति आपूर्तिमा कुनै पनि गाउँपालिकाले केकस्तो योगदान दिइरहेको छ भन्ने कुरा त्यहाँबाट शिक्षा लिइरहेका विद्यार्थीले कुन कुन विषयको शिक्षा लिएका छन् भन्ने कुराले निर्धारण गर्दछ । किनकि आजका विद्यार्थी नै भोलिका विषय विज्ञ वा विशेषज्ञहरू हुनसक्छन् । तलको तालिकामा जहदा गाउँपालिकाका विद्यार्थीहरूले कुन कुन विषयमा शिक्षा लिएर मुलुकका लागि केही गर्नसक्ने भएका छन् भन्ने विवरण उल्लेख गरिएको छ । शैक्षिक सङ्कायमा विद्यार्थीको सङ्ख्यालाई लैङ्गिक आधारमा पनि विश्लेषण गर्ने गरी तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. २२

लिङ्ग र उत्तीर्ण सङ्कायका आधारमा जनसङ्ख्याको विवरण ।

| सि.नं. | उत्तीर्ण गरेको सङ्काय | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १ | मानविकी | १०६ | २७ | १३३ |
| २ | व्यवस्थापन तथा प्रशासन | ८५ | ६ | ९१ |
| ३ | शिक्षा | १०८ | ४३ | १५१ |
| ४ | विज्ञान | ३२ | ४ | ३६ |

| | | | | |
|---|---|---|---|---|
| ५ | स्वास्थ्य | ५ | १ | ६ |
| ६ | कानुन | ३ | १ | ४ |
| ७ | सामाजिक शास्त्र | ३ | ० | ३ |
| ८ | तथ्याङ्क तथा गणित | ३ | ३ | ६ |
| ९ | अन्य | ० | १ | १ |
| **जम्मा** | | **३४५** | **८६** | **४३१** |

स्रोत : राष्ट्रिय जनगणना २०६८ ।

माथिको तालिका नम्बर २२ मा जहदा गाउँपालिकाका ४३१ विद्यार्थीले विभिन्न सङ्कायको शिक्षा पूरा गरी आफूलाई शैक्षिक जनशक्तिका रुपमा उभ्याएका छन् । शैक्षिक जनशक्तिका रुपमा आफूलाई प्रस्तुत गर्न सक्षम मानिसहरूमा ३४५ जना अर्थात ८० प्रतिशत पुरुष छन् भने ८६ जना वा २० प्रतिशत महिला रहेका छन् । शिक्षा विषयमा धेरैको पहुँच रहेको छ । कुल १५१ जनाले शिक्षा सङ्कायमा भर्ना भई शिक्षा लिएका छन् भने मानविकीमा भर्ना भई अध्ययन गर्नेहरूको सङ्ख्या १३३ रहेको छ । त्यसपछि व्यवस्थापनमा ९१ जनाले र विज्ञानमा ३६ जनाले शिक्षा लिइरहेको पाइएको छ । स्वास्थ्य, गणित, कानुन र सामाजिक शास्त्र जस्ता सङ्कायमा पढ्ने रुचि विद्यार्थीमा हराउँदै गएको पाइन्छ । किनकि यी विषय पढेर अगाडि बढ्न चाहने विद्यार्थीको सङ्ख्या अत्यन्त न्यून रहेको देखिएको छ ।

## प्रथम विवाहको औसत उमेर

जहदा गाउँपालिकाका मानिसहरूको सरदर विवाहको उमेर के रहेछ भन्ने कुराको अध्ययनले मानिसहरू बैबाहिक जीवनमा कुन उमेरमा प्रवेश गर्दछन् भन्ने कुराको जानकारी मिल्दछ । तलको तालिकामा जहदाका मानिसहरूको औसत विवाह हुने उमेर उल्लेख गरिएको छ ।

तालिका नं. २३
१० वर्ष भन्दा माथिका जनसंख्याको औसत प्रथम विवाह हुँदाको उमेर विवरण ।

| सि. नं. | लिङ्ग | प्रथम विवाह हुँदाको औसत उमेर |
|---|---|---|
| १ | पुरुष | २०.८३ |
| २ | महिला | १७.२० |

स्रोत : राष्ट्रिय जनगणना २०६८

माथिको तालिका अनुसार जहदा गाउँपालिका क्षेत्रमा महिलाको तुलनामा पुरुषको औसत विवाह उमेर बढी देखिएको छ । हाम्रो जस्तो समाजमा प्रायः पुरुषहरूले अलि ढिलो विवाह गर्ने र विवाह गर्दा आफूभन्दा कम उमेरकी केटीसँग विवाह गर्ने प्रचलन रहेको छ । त्यसैको प्रतिफल हुनसक्छ यो अन्तर पनि । जहदा गाउँपालिकामा पुरुषको औसत विवाह हुँदाको उमेर २०.८३ वर्ष रहेको छ भने महिलाको विवाह हुँदाको औसत उमेर १७.२० रहेको छ ।

## १० वर्ष भन्दा माथिको जनसंख्याको  वैवाहिक अवस्था

जहदा गाउँपालिकाका दश वर्षभन्दा बढी उमेरका मानिसहरूको बैवाहिक अवस्थाको विश्लेषण तलको तालिकामा गरिएको छ । यसबाट उनीहरूको बैवाहिक जीवन अहिले केकस्तो अवस्थामा छ भन्ने कुरा बुझ्न सकिन्छ । तालिका नम्बर २४ हेरौं ।

तालिका नं. २४
१० वा १० वर्ष भन्दामाथिका जनसंख्याको वैवाहिक अवस्था र अन्य विवरण

| सि.नं. | वैवाहिक अवस्था | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|
| | | पुरुष | महिला | |
| १ | अविवाहित | ६०९२ | ४४१४ | १०५०६ |
| २ | विवाहित | ९१४१ | १००७२ | १९२१३ |
| ३ | वहुविवाह | १२६ | ४५ | १७१ |
| ४ | पुनविवाह | २८७ | ७५ | ३६२ |
| ५ | विदुर विधुवा | २३७ | ८९९ | ११३६ |
| ६ | सम्वन्ध विच्छेद | ८ | १६ | २४ |
| ७ | छुट्टाछुट्टै बसेको | १४ | ६० | ७४ |
| जम्मा | | १५९०५ | १५५८१ | ३१४८६ |

स्रोत : राष्ट्रिय जन गणना  २०६८

जहदा गाउँपालिकामा १० वर्ष वा सो भन्दा बढी उमेरका मानिसहरूको संख्या ३१४८६ रहेको छ । ती मध्ये पुरुष १५९०५ जना र महिला १५५८१ जना रहेका छन् । यी मध्ये १०५०६ जना अविवाहित छन् । विवाहितहरूको संख्या १९२१३ रहेको छ । अर्थात ९१४१ पुरुषले १००७२ जना महिलासँग विवाह गरेका छन् । विवाहित महिला र पुरुषको अनुपात ११० प्रतिशत रहेको छ । यसको अर्थ १०० जना पुरुषसँग ११० महिलाको विवाह भएको भन्ने हुन्छ । अध्ययनमा कुल १७१ जनाले बहुविवाह गरेको पाइयो । बहुविवाह गर्नेहरूमा पुरुष १२६ रहेका छन् भने महिला ४५ रहेका छन् । पुनः विवाह गर्नेहरूको संख्या पनि उल्लेख्य छ । जहदामा २८७ पुरुष र ७५ महिलाले पहिलो घरबार असफल भएर दोस्रो विवाह गरेका छन् । जहदामा ११३६ जना एकल महिला तथा पुरुष रहेका छन् जसलाई परम्परागत रुपमा विदुर र विधवा भन्ने गरिन्थ्यो ।
विवाहित जोडीले सम्बन्ध विच्छेद गरेका घट्ना पनि यहाँ छन् । ८ पुरुष र १६ महिलाले सम्बन्ध विच्छेद गरेका छन् । यस गाउँपालिकामा १४ पुरुष र ६० महिला गरी ७४ जना श्रीमान र श्रीमती आपसमा छुट्टिएर अलग्गै बसेका छन् ।

## शारीरिक तथा मानसिक अशक्तताको अवस्था

यस जहदा गाउँपालिकाको कुल जनसङ्ख्याको एक महत्वपूर्ण हिस्सा अपाङ्गताको अवस्थामा रहेको पाइएको छ । यस गाउँपालिकामा अपाङ्गता भएका मानिसहरू ६७४ रहेको पाइएको छ ।

तीमध्ये ४१३ पुरुष र २६१ महिला रहेका छन् । तिनीहरूको अपाङ्गता वा अशक्तता को अवस्था र प्रकृति के कस्तो रहेको छ भन्ने कुरा निम्न तालिकाले प्रष्ट पार्दछ ।

तालिका नं. २५
अपाङ्गता वा शारीरिक तथा मानसिक अशक्तताको विवरण

| सि.नं. | शारीरिक तथा मानसिक अवस्था | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १ | शारीरिक | २२५ | १०४ | ३२९ |
| २ | दृष्टि सम्वन्धी | ५२ | ५७ | १०९ |
| ३ | स्वर बोलाइ सम्बन्धी | ४२ | २० | ६२ |
| ४ | सुनाइ तथा दृष्टि सम्वन्धी | ५ | ७ | १२ |
| ५ | बोलाइ सम्वन्धी | ३६ | २० | ५६ |
| ६ | मानसिक | २३ | १६ | ३९ |
| ७ | अन्य | ३० | ३७ | ६७ |
| **जम्मा** | | ४१३ | २६१ | ६७४ |

स्रोत : राष्ट्रिय जन गणना २०६८

नेपालको कानुनले अपाङ्गताको अवस्थालाई माथि उल्लेखित आठ प्रकारमा वर्गीकरण गरेको छ । जहदा गाउँपालिकाको सन्दर्भमा पनि त्यही आधारमा वर्गीकरण र विश्लेषण गरिएको छ ।

कुल अपाङ्गता भएका महिला र पुरुषको अनुपात हेर्दा महिला ३८.७२ प्रतिशत र पुरुष ६१.२८ प्रतिशत रहेको पाइएको छ । अपाङ्गताको प्रकार वा अवस्थाको आधारमा हेर्दा सबैभन्दा बढी अर्थात ४८.८१ प्रतिशत शारीरिक अपाङ्गता भएकाहरू रहेका छन् र दोस्रोमा दृष्टिसम्बन्धी अपाङ्गता रहेको छ । दृष्टिसम्बन्धी अपाङ्गता भएकाहरूको सङ्ख्या १६.१७ प्रतिशत रहेको छ । त्यस्तै स्वर बोली सम्बन्धी अपाङ्गता भएकाहरूको सङ्ख्या ६२ रहेको छ जुन कुल सङ्ख्याको ९.१९ प्रतिशत रहेको छ । ती मध्ये ३९ जना मानसिक अपाङ्गता भएकाहरू छन् । मानसिक अपाङ्गता भएकाहरूको सङ्ख्या करिब ६ प्रतिशत हुन आउँछ ।

यही कुरालाई तलको पाइचार्टबाट अझ प्रष्ट हुन सकिन्छ ।


शारिरिक तथा मानसिक अवस्था अनुसार जनसंख्याको वृत्तचित्र
४९%
१६%
९%
२%
८%
६%
१०%
शरिरिक
दृष्टि सम्वन्धी
स्वर बोलाई सम्बन्धी
सुनाई तथा दृष्टि सम्वन्धी
बोलाई सम्वन्धी
मानसिक
अन्य

**खण्ड दुई**

# घरायसी तथा पारिवारिक विवरण

## घरको स्वामित्व अनुसार घरपरिवार

स्वामित्वको आधारमा मानिसहरू कस्तो घरमा बसिरहेका छन् भन्ने कुरा यस तालिकाले प्रष्ट पार्दछ ।

तालिका नं. १

गाउँपालिकामा वडा नं. अनुसार घरको स्वामित्व अनुसार घरपरिवारको विवरण ।

| वडा नं. | घरको स्वामित्व | | | | जम्मा |
|---|---|---|---|---|---|
| | आफ्नै | भाडामा | संस्थागत | अन्य | |
| १ | १२४२ | ० | १ | ९ | १२५२ |
| २ | १२५८ | १ | ० | ६ | १२६५ |
| ३ | १३३१ | ४ | ० | ३ | १३३८ |
| ४ | १२९४ | २ | ० | ९ | १३०५ |
| ५ | ११७९ | ० | २ | २ | ११८३ |
| ६ | ६८१ | ० | ० | १ | ६८२ |
| ७ | ११३७ | ० | १० | ३ | ११५० |
| जम्मा | ८१२२ | ७ | १३ | ३३ | ८१७५ |

स्रोत : राष्ट्रिय जन गणना २०६८

जहदा गाउँपालिकामा कुल ८ हजार १७५ घरधूरी रहेकोमा ८१२२ घरपरिवार आफनै स्वामित्वको घरमा बसोबास गर्दछन् । जुन प्रतिशतको आधारमा ९९.३५ प्रतिशत हो । भाडमा बस्नेहरू जम्मा ७ घर छन् । त्यो पनि २,३ र ४ नम्बर वार्डमा मात्र । अन्य वार्डहरूमा सबै आफनै सवामित्वको घरमा बस्नेहरू मात्र छन् । संस्थागत भवनहरू १३ वटा छन् । जुन १, २ र ७ नम्बर वडामा रहेका छन् । वडा नम्बर ७ मा मात्र १० वटा संस्थागत स्वामित्वका भवनहरू रहेका छन् ।

## घरहरूको जगको किसिम

कुनै पनि ठाउँका घर निर्माण गर्दा कस्तो जग हालिएको छ भन्ने कुराको अध्ययनले त्यस ठाउँका मानिसहरूको सम्पन्नताको अवस्था थाहा पाउन सकिन्छ एकातिर भने अर्कोतर्फ त्यस ठाउँका मानिसहरूको परम्परागत गृह निर्माण पद्धतिमा कतिको सुधार आएको छ भन्ने कुरा पनि थाहा पाउन सकिन्छ । त्यही भएर जहदा गाउँपालिकाका मानिसहरू बस्ने घरको जग कस्तो छ भन्ने आधारमा पनि विश्लेषण गरिएको छ ।

तालिका नं. २
वडा नं. अनुसार घरहरूको जगको किसिम ।

| वडा नं. | घरको जगको किसिम | | | | जम्मा |
|---|---|---|---|---|---|
| | सिमेन्ट र ढुंगा इटा | सिमेन्ट पिलर | काठको खम्बा | अन्य | |
| १ | ३० | ९० | ४४७ | ६८५ | १२५२ |
| २ | ३७ | ३४ | ४१५ | ७७९ | १२६५ |
| ३ | ६४ | ६ | ९५९ | ३०९ | १३३८ |
| ४ | ९० | ५ | ६१८ | ५९२ | १३०५ |
| ५ | २३ | ४६ | ७८२ | ३३२ | ११८३ |
| ६ | ३४ | १८ | ४०६ | २२४ | ६८२ |
| ७ | ३६ | ५१ | ३८९ | ६७४ | ११५० |
| **जम्मा** | **३१४** | **२५०** | **४०१६** | **३५९५** | **८१७५** |

स्रोत : राष्ट्रिय जन गणना २०६८

घरको जगको आधारमा विश्लेषण गर्दा कुल घरधूरीमध्ये ३१४ घर सिमेन्ट र ढुङ्गाबाट बनेका छन् भने सिमेन्टको पिल्लर भएका घरहरू २५० छन् । काठको खम्बा भएका घरहरू ४०१६ वटा छन् । यस आधारमा हेर्दा अझै पनि ४९.१२ प्रतिशत घरहरूमा काठको खम्बा छन् । सिमेन्ट, इंटा, पिल्लर र काठको खम्बा प्रयोग नगरी बनाएका झुपडीहरू ३५९५ वटा छन् । जुन कुल घरसंख्याको हिसाबले ४३.९७ प्रतिशत रहेको छ । यसरी हेर्दा कुल घरधूरीको ६.९ प्रतिशत घरहरूको मात्र जग पक्की छन्, बाँकी ९३.१ प्रतिशत घरहरूको जग कच्ची रहेको पाइएको छ ।

## घरको बाहिरी गाह्रोको किसिम

घरको बाहिरी गारोले घर केकस्तो अवस्थामा छ भन्ने मात्र होइन एक किसिमले सम्पन्नताको सूचकका रूपमा पनि यसले काम गर्दछ । तलको तालिकामा जहदा गाउँपालिकाका मानिसहरूले बसोबासका लागि उपयोग गरिरहेको घरको अवस्था के रहेको छ भन्ने कुरामा प्रष्ट झलक दिन्छ । यसबाट पनि जहदा गाउँपालिकामा मानिसहरूको परम्परागत गृह निर्माण पद्धतिबारे पनि जानकारी हुने गर्दछ ।

तालिका नं. ३
वडा नं. अनुसार घरहरूको बाहिरी गाह्रोको किसिम ।

| वडा नं. | घरको बाहिरी गाह्रोको किसिम | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | माटो र ढुंगा ईंटा | सिमेन्ट र ढुंगा ईंटा | काठ | बाँस | अन्य | |
| १ | १० | ५० | १८ | ११३५ | ३९ | १२५२ |
| २ | २४ | ६५ | १९ | ११४८ | ९ | १२६५ |
| ३ | १४ | ७१ | ६ | १२२९ | १८ | १३३८ |
| ४ | १७५ | १०० | १९ | १००५ | ६ | १३०५ |
| ५ | ४ | ४० | २ | ११३२ | ५ | ११८३ |
| ६ | २ | ४२ | ४ | ६३४ | ० | ६८२ |
| ७ | १५ | ५७ | २ | १०६७ | ९ | ११५० |
| **जम्मा** | **२४४** | **४२५** | **७०** | **७३५०** | **८६** | **८१७५** |

स्रोत : राष्ट्रिय जन गणना २०६८

जगदा गाउँपालिकाका घरहरूको बाहिरी गारोको आधारमा विश्लेषण गर्दा ७३५० घरहरू बाँसले बारेका छन् । जुन कुल घर संख्याको ८९.९१ प्रतिशत हो । बाँकी रहेकामध्ये ७० घर काठले बारेका छन् । जुन कुल घरसंख्याको ०.८५ प्रतिशत हो । यसरी हेर्दा ९०.७६ प्रतिशत घरहरू कच्ची गारोले बनेका छन् । केवल ६६९ वटा अर्थात ९.२३ प्रतिशत घरहरू मात्र पक्की छन् । पक्कीमा पनि २४४ वटा माटो ढुङ्गा र ईंटाले बनेका छन् भने ४२५ वटा सिमेन्ट, ढुङ्गा र ईंटाको गारोले बनेका छन् ।

## घरको छानाको किसिम

मानिसले आफनो घरको छाना कस्तो लगाएका छन् भन्ने कुरा पनि महत्वपूर्ण सूचक हुन्छ । यसलाई हाम्रो समाजमा आर्थिक सम्पन्नताको प्रतीकका रूपमा लिने गरिन्छ । त्यसैले यसको विश्लेषणबाट कुनै पनि ठाउँको आर्थिक सम्पन्नताको अवस्था थाहा पाउन सकिन्छ । त्यस आधारमा यस्को महत्व रहेको छ ।
जहदा गाउँपालिकाको घरको छानाको विश्लेषण गर्दा वडागत आधारमा विश्लेष गरिएको छ । जसले गर्दा वडागत आधारमा योजना बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

तालिका नं. ४
वडा नं. अनुसारको घरको छानाको किसिम ।

| वडा नं. | घरको छानाको किसिम | | | | जम्मा |
|---|---|---|---|---|---|
| | पराल तथा खर | जस्तापाता | ढलान | अन्य | |
| १ | ३२९ | ८५४ | १७ | ५२ | १२५२ |
| २ | ५६६ | ६४८ | २२ | २९ | १२६५ |
| ३ | ४३२ | ८५३ | ११ | ४२ | १३३८ |
| ४ | २९९ | ९१४ | ७५ | १७ | **१३०५** |
| ५ | १७३ | ९९३ | ९ | ८ | ११८३ |
| ६ | ५३ | ६०७ | ११ | ११ | ६८२ |
| ७ | २७९ | ८२१ | ३२ | १८ | ११५० |
| **जम्मा** | **२१३१** | **५६९०** | **१७७** | **१७७** | **८१७५** |

स्रोत : राष्ट्रिय जन गणना २०६८

माथिको तालिकाको आधारमा विश्लेषण गर्दा जहदा गाउँपालिकाका अधिकांश घरहरू जस्ता पाताले छाएको छन् भन्ने देखिन्छ । कुल ८१७५ घरहरूमध्ये ५६९० घरहरू जस्तापाताले छाएको पाइएको छ । यो संख्या कुल घरसंख्याको ६९.६ प्रतिशत हुन आउँछ । यो अवस्था प्राय: सबै वडाहरूमा देखिन्छ । छानाको हिसाबले दोस्रो क्रममा पराल तथा खरले छाएका घरहरू आउँछन् । यिनीहरूको संख्या २१३१ रहेको छ । यो कुल घरसंख्या ८१७५ को २६.०७ प्रतिशत हो । अर्थात जहदा गाउँपालिकाका २६ प्रतिशत भन्दा बढी जजनता पराल वा खरले छाएको घरमा बसोबास गरिरहेका छन् । यो अवस्था सबै वडाहरूमा देखिएको छ । तेस्रो क्रममा मात्र ढलान भएको छानामुनि बस्नेहरू आउँछन् । यस्ता घरहरूको संख्या १७७ रहेको छ । जुन कुल घरसंख्याको २.१६ प्रतिशत हो । ढलान भएको छानो भएका घरहरू सबै वडाहरूमा रहेका छन् । वडा नम्बर ४ मा संख्यात्मक रूपमा सबैभन्दा बढी अर्थात ७५ घरहरू ढलान भएको छानो भएका छन् । वडा नम्बर ५ मा सबैभन्दा कम अर्थात ९ घरमात्र छानो ढलान भएका छन् ।

## साधन सुविधा उपयोग गर्ने घर परिवार

आधुनिक समयमा मानिसहरू आफनो जीवन यापनका क्रममा विभिन्न सानहरूको प्रयोग गर्दछन् । यस्ता साधनले मानिसको दैनिकीलाई सहज बनाउँछन् । त्यसैले यस्ता साधनको उपयोग गर्ने सम्बन्धमा गाउँ घरमा एक किसिमको प्रतिश्पर्धा भएको पनि देखिन्छ । त्यसैले यस्ता साधन प्रयोग गर्ने अवस्थालाई सोख र सम्पन्नताको सूचकका रूपमा पनि लिने गरिन्छ । जहदा गाउँपालिकाका बासिन्दाले के कस्ता साधन उपयोग गरिरहेका छन् भन्ने कुरा तलको तालिकामा दिइएको छ । यसलाई पनि घरपरिवारको आधारमा नै विश्लेषण गरिएको छ ।

तालिका नं. ५
गाउँपालिका अनुसार विभिन्न साधन सुविधा उपयोग गर्ने घर परिवारको विवरण ।

| सि.नं. | सुविधाको साधन | साधन भएको घरपरिवार संख्या | साधन नभएको घरपरिवार संख्या | जम्मा |
|---|---|---|---|---|
| १ | रेडियो | १४८५ | ६६९० | ८१७५ |
| २ | टेलिभिजन | १९५० | ६२२५ | ८१७५ |
| ३ | टेलिफोन | १९ | ८१५६ | ८१७५ |
| ४ | मोबाइल | ३०३१ | ५१४४ | ८१७५ |
| ५ | केवल टि.भि. | ७६ | ८०९९ | ८१७५ |
| ६ | साइकल | ६९०१ | १२७४ | ८१७५ |
| ७ | मोटरसाइकल | ३०४ | ७८७१ | ८१७५ |
| ८ | मोटर | ४८ | ८१२७ | ८१७५ |
| ९ | फ्रिज | ९ | ८१६६ | ८१७५ |
| १० | कम्प्यूटर | ६७ | ८१०८ | ८१७५ |

स्रोत : राष्ट्रिय जन गणना २०६८

माथिको तालिकाको आधारमा जहदा गाउँपालिकाका बासिन्दाले प्रयोग गरिरहेका साधनहरू १० वटामा बर्गीकरण गरिएको छ । यी दश किसमका साधनहरूमा रेडियो, टेलिभिजन, टेलिफोन, मोबाइल, केबल टिभि, साइकल, मोटर साइकल, मोटर, फ्रीज र कम्प्युटर रहेका छन् ।
यी साधनहरूको प्रयोगको अवस्था हेर्दा सबैभन्दा बढी साइकल प्रयोगकर्ता छन् । यस गाउँपालिकाका ८१७५ घरपरिवारमध्ये ६९०१ घरपरिवारले साइकल प्रयोग गर्दछन् । यो कुल घरसंख्याको ८४.४१ प्रतिशत हो । यसबाट के बुझिन्छ भने यहाँका जनताको मुख्य सवारी साधनका रूपमा साइकल रहेको छ । सवारी साधनकै आधारमा विश्लेषण गर्दा ३०४ घरमा मोटरसाइकल छ र ४८ घरमा गाडी छ । जुन कुल घरपरिवार संख्याको क्रमशः ३.७२ र ०.५८ प्रतिशत हुन आउँछ । यो संख्या ज्यादै न्यून हो ।

दोस्रो जनसंख्या मोबाइल प्रयोगकर्ताकाका रूपमा रहेको छ । यो संख्या ३०३१ रहेको छ जुन कुल घरपरिवार संख्याको करिब ३०.०८ प्रतिशत रहेको छ । यहाँ सञ्चारको साधनको रूपमा टेलिफोन प्रयोग गर्नेको संख्या अत्यन्त न्यून अर्थात १९ घर परिवार मात्र छ ।

सूचना र मनोरञ्जनका लागि रेडियो र टेलिभिन प्रयोगकर्ताहरू यहाँ उल्लेख्य छन् । यिनीहरूको संख्या क्रमशः १४४५ र १९५० घर परिवार रहेको छ । जुन कुल घर परिवार संख्याको क्रमशः १७.६७ प्रतिशत र २३.८५ प्रतिशत हुन आउँछ । यसबाट के देखिन्छ भने रेडियो भन्दा टेलिभिजन प्रयोगकर्ताहरू बढी छन् । टेलिभिजनसँगै सम्बन्धित केवल टेलिभिजनको सुसविधा लिनेहरू भने टेलिभिजन प्रयोगकर्ताको तुलनामा न्यून छ । केवल टेँलिभिजनको सुविधा लिनेहरूको संख्या केवल ७५ रहेको छ । यसबाट अनुमान लगाउन सकिन्छ कि यहाँ केबल टेलिभिजन भन्दा DTH प्रविधि बढी मात्रामा प्रचलनमा रहेको छ । सानो डिस्क राखेर विभिन्न च्यानलहरू हेर्ने प्रचलन रहेको छ । जहदामा घरायसी सामग्री फ्रीज र आधुनिक प्रविधिको उपकरणका रूपमा चिनिएको कम्प्युटरको प्रयोग अहिले कम देखिए पनि बढ्दो क्रममा रहेको पाइछ ।

## पिउने पानीको मुख्य स्रोत

पिउनेपानीको शुद्धता र मानव स्वास्थ्यको प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । जहदा गाउँपालिकाका बासिन्दाले प्रयोग गर्ने पिउने पानीको स्रोत मूलतः ट्यूबवेल नै हो । खानेपानी योजना नभएको अवस्थामा सहज र जिलो पानीको स्रोत ट्यूबवेल नै रहेको छ । वडागत आधारमा ट्यूबवेल प्रयोगकर्ताको विवरण तलको तालिकामा दिइएको छ ।

तालिका नं. ६

वडा नं. अनुसार पिउने पानीको मुख्य स्रोत अनुसार घरपरिवार संख्या ।

| वडा नं. | पिउने पानीको स्रोत | | जम्मा |
|---|---|---|---|
| | टुवेल,कल | अन्य | |
| १ | १२३४ | १८ | १२५२ |
| २ | १२६१ | ४ | १२६५ |
| ३ | १३२७ | ११ | १३३८ |
| ४ | १२४९ | ५६ | १३०५ |
| ५ | ११६७ | १६ | ११८३ |
| ६ | ६५१ | ३१ | ६८२ |
| ७ | ११२१ | २९ | ११५० |
| **जम्मा** | **८०१०** | **१६५** | **८१७५** |

स्रोत : राष्ट्रिय जन गणना २०६८

माथिको तालिकामा हेर्दा ८१७५ घरपरिवार मध्ये ८०१० घरपरिवारले ट्युबवेलको पानी पिउने गरेको पाइएको छ । यो संख्या कुल घरपरिवार संख्याको ९७.९८ प्रतिशत हो । प्रत्येक वडाका ज्यादै न्यून संख्याले अन्य स्रोतको पानी पिउने गरेको बताए पनि घर व्यवहारको क्रममा उनीहरूले पनि ट्यूबवेलको पानी पिउन बाध्य रहेका छन् भन्न सकिन्छ ।

## खाना पकाउने इन्धनको मुख्य स्रोत

मानिसलाई खाना बनाउन इन्धन आवश्यक पर्दछ । त्यो इन्धन उसले कुन स्रोतबाट जुटाउँछ भन्ने कुराले एकातिर त्यहाँका मानिसको जीवशैली प्रष्ट पार्दछ भने अर्कोतर्फ इन्धनमा निर्भरताको अवस्था पनि बुझाउँछ । यस आधारमा हेर्दा जहदाका मानिसहरूले ग्यास, मट्टितेल, दाउरा, गोबरग्यास र गुईठालाई खाना पकाउन प्रयोग गरिने मुख्य इन्धनका रूपमा प्रयोग गरेको पाइन्छ ।

तालिका नं. ७
वडा नं. अनुसार खाना पकाउने इन्धनको मुख्य स्रोत अनुसार घरपरिवार संख्या ।

| वडा नं. | खाना पकाउने इन्धनको मुख्य स्रोत | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | ग्यास | मट्टितेल | दाउरा | गोबरग्यास | गुईंठा | अन्य | |
| १ | ४ | २२ | १७ | ३ | ११८२ | २४ | १२५२ |
| २ | १ | ३० | १२६ | १४ | १००३ | ९१ | १२६५ |
| ३ | ३ | ४० | ३६० | २ | ९२९ | ४ | १३३८ |
| ४ | १८ | ५१ | ३७५ | ३ | ८०१ | ५७ | १३०५ |
| ५ | ५ | १५ | ३४ | १ | १०७५ | ५३ | ११८३ |
| ६ | २ | २९ | ७ | १ | ५८६ | ५७ | ६८२ |
| ७ | १० | २८ | ७५ | ४ | ७२५ | ३०८ | ११५० |
| **जम्मा** | **४३** | **२१५** | **९९४** | **२८** | **६३०१** | **५९४** | **८१७५** |

**स्रोत :** राष्ट्रिय जन गणना २०६८

माथिको तालिकाको आधारमा हेर्दा जहदा गाउँपालिकाका सातै वडाका बासिन्दाहरू माथि उल्लेखित सबै प्रकारका इन्धन उपयोग गर्दछन् । यहाँ खाना पकाउने इन्धनको रूपमा सबैभन्दा बढी गुईठाको प्रयोग हुने गर्दछ । यहाँको परम्परागत इन्धनको स्रोत पनि गुईठा नै हो । त्यो परम्परा अहिले पनि ६३०१ घर परिवारले अवलम्बन गरिरहेको छ जुन कुल घरपरिवार संख्या ८१७५ को करिब ७७.०७ प्रतिशत हो । बाँकी सबै स्रोतहरू २३ प्रतिशतमा सीमित रहेका छन् । इन्धनको दोस्रो महत्वपूर्ण स्रोत दाउरा हो । दाउरा प्रयोग गर्ने घर परिवार संख्या ९९४ रहेको छ जुन कुल घर परिवार संख्याको १२.१५ प्रतिशत हो । त्यसैगरी मट्टितेल, ग्यास र गोबरग्यास प्रयोग गर्नेको संख्या क्रमशः २१५, ४३ र २८ रहेको छ, जुन कुल घर परिवार संख्याको आधारमा क्रमशः २.६३, ०.५२ र ०.३४ प्रतिशत रहेको छ ।

## बत्तिको मुख्य स्रोत अनुसार घरपरिवार

जहदा गाउँपालिका मोरङको विराटनगरसँग जोडिएको गाउँपालिका भए पनि यहाँको बत्तिको मुख्य स्रोत अझै पनि मट्टितेल रहेको छ । लालटिन वा कुप्पिमा मट्टितेल हालेर घरयासी कामका लायि उज्यालोको व्यवस्था गरिन्छ भने अझै पनि बैबाहिक कार्यक्रम वा विवाहमा मेट्रोलम्याक्स बाल्ने चलन छँदैछ ।

तालिका नं. ८
वडा नं.अनुसार बत्तिको मुख्य स्रोत अनुसार घरपरिवार संख्या ।

| वडा नं. | बत्ति स्रोत | | | | जम्मा |
|---|---|---|---|---|---|
| | बिजुली | मट्टितेल | सोलर | अन्य | |
| १ | ३६० | ८७३ | १० | ९ | १२५२ |
| २ | २७२ | ९८१ | ६ | ६ | १२६५ |
| ३ | ५०५ | ८२३ | ६ | ४ | १३३८ |
| ४ | ५७७ | ७०२ | १४ | १२ | १३०५ |
| ५ | १८५ | ९८३ | १२ | ३ | ११८३ |
| ६ | १९२ | ४७३ | १४ | ३ | ६८२ |
| ७ | १३१ | ९८५ | २८ | ६ | ११५० |
| **जम्मा** | **२२२२** | **५८२०** | **९०** | **४३** | **८१७५** |

स्रोत : राष्ट्रिय जन गणना २०६८

जहदाका ८१७५ घरपरिवार मध्ये अहिले पनि ५८२० घर परिवार (७१.१९ प्रतिशत) ले मट्टितेललाई उज्यालो बत्तिको मुख्य स्रोत मान्दछन् । तिनीहरू अहिले पनि परम्परागत लालटिन र टुकी वा डिबिया बालेर उज्यालोको व्यवस्था मिलाइरहेका छन् ।

जहदाको २२२२ घरपरिवारमा विजुली पुगेको छ । त्यही विजुली पुगेका घरपरिवारले फ्रीज कम्प्युटर जस्ता आधुनिक साधनहरू प्रयोग गरिरहेका छन् ।

सौर्य उर्जालाई **उ**ज्यालोको स्रोत मान्ने परिवार ९० पुगिसकेको छ । उनीहरूले सोलर प्यानल जोडेर त्यसैबाट विजुली बाल्ने काम गरेको पाइन्छ । वडागत आधारमा विश्लेषण गर्दा उर्जा खपतको हिसाबले विभिन्न वडामा संख्यात्मक रूपमा केही तल माथि देखिए पनि सबै वडामा एउटै प्रवृत्ति देखिएको छ ।

## शौचालयको व्यवस्था

शौचालय खुला दिसामुक्त अभियानको एक महत्वपूर्ण सूचक हो । त्यसैले यसमा भएको प्रगतिले खुला दिसामुक्त अभियानका साथै गाउँपालिकाको स्वच्छता तथा सरसफाइ अभियानमा योगदान गर्दछ ।

तालिका नं. ९
वडा नं. अनुसार शौचालयको व्यवस्था अनुसार घरपरिवार संख्या ।

| वडा नं. | शौचालयको सुविधा | | | | जम्मा | हाल (२०७३)को अवस्था |
|---|---|---|---|---|---|---|
| | विकसित चर्पी | साधारण चर्पी | खाल्डे चर्पी | शौचालय नभएको | | |
| १ | ४७ | २५ | ७ | ११७३ | १२५२ | ५६९ |
| २ | ५४ | २३ | १ | ११८७ | १२६५ | ६९६ |
| ३ | २४ | ६५ | २ | १२४७ | १३३८ | ७३६ |
| ४ | ८५ | ६० | १ | ११५९ | १३०५ | ४८३ |
| ५ | ४२ | ९ | ० | ११३२ | ११८३ | ५०८ |
| ६ | १०० | १०८ | ० | ४७४ | ६८२ | ५७९ |
| ७ | ४५ | २९ | २ | १०७४ | ११५० | ५१७ |
| ***जम्मा*** | **३९७** | **३१९** | **१३** | **७४४६** | **८१७५** | ४०८८ |

स्रोत : राष्ट्रिय जन गणना २०६८ तथा जहदा गाउँपालिका कार्यालय ।

वि.सं. २०६८को तथ्याङ्कलाई आधार मान्दा जहदा गाउँपालिकामा ७२९ घरमा मात्र कुनै न कुनै प्रकारमा शौचालय रहेका छन् भने ७४४६ घरमा चर्पी छैनन् । तर यसबीचमा खुल्ला दिसामुक्त अभियान व्यापक रूपमा सञ्चालन गई यसमा गाभिएको पोखरिया गाविस खुला दिसामुक्त घोषणा समेत भइसकेका छ भने अन्य गाविसहरूले पनि यसमा केन्द्रित भई अभियान सञ्चालन गरेका छन् । त्यसैले त्यसपछिको पाँच वर्षको अवधिमा यस क्षेत्रका बासिन्दाहरूमा शौचालय निर्माण र प्रयोग गर्ने बानी व्यहोरामा धेरै नै परिवर्तन भएको छ ।

जहदा गाउँपालिकाको वडा नम्बर १ का ४५ प्रतिशत घरहरूमा चर्पी बनेर प्रयोग गर्ने गरिएको र वडा नम्बर २ र ३ मा ५५ प्रतिशत, वडा नम्बर ४ मा ३७ प्रतिशत, वडा नम्बर ५ मा ४३ प्रतिशत, वडा नम्बर ६मा ८५ प्रतिशत र वडा नम्बर ७ मा ४५ प्रतिशत घरमा चर्पी बनिसकेको अवस्था रहेको छ । समग्र रूपमा गाउँपालिकाका ५० प्रतिशत घरहरूमा शौचालय बनेर प्रयोग भइरहेको अवस्था देखिन आउँछ ।

## महिलाको नाममा घर जग्गा भएको घरपरिवार

महिलासँग सम्पति रहेको अवस्था के कस्तो छ भन्ने कुरा महिलाको नाममा रहेको घर तथा जग्गाको विश्लेषणबाट थाहा पाउन सकिन्छ । महिला सशक्तीकरण र आत्मनिर्भरताको लागि यो एक महत्वपूर्ण सूचक हुनसक्छ । महिलाको नाममा स्थिर सम्पति भएको खण्डमा महिलाविरुद्ध हुने घरेलु हिंसा पनि कम हुन्छ भन्ने मान्यता रही आएको छ । त्यस आधारमा पनि महिलाको सम्पतिको विश्लेषण महत्वपूर्ण हुन आउँछ ।

तालिका नं.१०

महिलाको नाममा घर जग्गा भएको घरपरिवार विवरण

| वडा नं. | घर जग्गा | जग्गा मात्र | दुवै नभएको | उल्लेख नभएको | जम्मा |
|---|---|---|---|---|---|
| १ | १५२ | ३०९ | ९४२ | १ | १२५२ |
| २ | ४७ | २३२ | १०३२ | १ | १२६५ |
| ३ | २९९ | ४२६ | ९०८ | ४ | १३३८ |
| ४ | ८६ | २३७ | १०६२ | ६ | १३०५ |
| ५ | ६९ | २४६ | ९३४ | ३ | ११८३ |
| ६ | ४३ | ११२ | ५७० | ० | ६८२ |
| ७ | ४३ | १७७ | ९७२ | ० | ११५० |
| जम्मा | **७३९** | **१७३९** | **६४२०** | **१५** | **८१७५** |

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

महिलाका नाममा घर जग्गा भएको परिवारहरूको विश्लेषण गर्दा यस गाउँपालिका क्षेत्रका ४४७८ घरका महिलाहरूको नाममा घरजग्गा रहेको छ भने घरजग्गा केही पनि आफनो नाममा नभएका महिलाहरूको संख्या ६४२० रहेको छ । घर जग्गा भएका महिलामध्ये ७३९ परिवार महिलाको नाममा घर रहेको छ भने १७३९ परिवारका महिलाको नाममा घरजग्गा दुवै छ । यसरी सम्पतिको स्वामित्व सहितका महिलाको संख्या कुल घरपरिवारको ५४.७८ प्रतिशत हुन आउँछ । त्यसैगरी घरजग्गा नभएका महिलाको संख्या पनि कुल घर परिवारको आधारमा ७८.५३ प्रतिशत रहेको छ । यसको अर्थ एउटै परिवारभित्र पनि कसैले जमिनमाथिको स्वामित्व पाएका छन् भने कसैले नपाएको अवस्था रहेको पाइन्छ ।

## सिंचाइको अवस्था

जहदा गाउँपालिका सिंचाइ सुविधा भएको गाउँपालिका हो । यो सुनसरी मोरङ सिंचाइ आयोजनाको प्रभाव क्षेत्रमा पर्दछ । सप्तकोशी नदीबाट आउने नहरबाट सिंचाइ हुन्छ । खासगरी उक्त नहरको विराटनगर शाखा नहर अन्तरगत साविक बुधनगर गाविस पर्दछ । त्यस आधारमा वडा नम्बर १ विराटनगर शाखा नहर अन्तरगत पर्दछ भने बाँकी वडाहरू हरीनगरा शाखा नहर अन्तरगत रहेका छन् ।

तालिका नं.११

सिंचाइको स्रोत

| क्र.स. | सिचाई स्रोतको नाम | वडा न.. | कैफियत |
|---|---|---|---|
| १ | कोशी नहर विराटनगर शाखा | १ | नहरमा पर्याप्त र नियमित पानी नआउने भएकाले किसानहरू बोरिङ गरेर सिंचाइ गर्न बाध्य छन् । |
| २ | कोशी नहर हरिनगरा शाखा | २ देखि ७ सम्म | |
| ३ | डिप बोरिङ | | |
| ४ | स्यालो बोरिङ | | |

स्रोत : जहदा गाउँपालिका कार्यालय ।

## कृषक परिवारमा जग्गाको आकार

जहदा गाउँपालिकाका कृषकहरूको जमिनमाथिको पहुँच र खेतीमा संलग्न किसान परिवारको विश्लेषण गर्दा जहदा गाउँपालिकाको कुल खेतीयोगय जमिन कृषक परिवारले कसरी उपयोग गरिरहेका छन् भन्ने कुरा प्रष्ट हुन्छ ।

तालिका नं.११

कृषक परिवारमा जग्गाको आकारको विवरण

| **वडा नं..** | कृषियोग्य जमिन (हे) | कृषक परिवार संख्या | प्रति कृषक परिवार जमिन (हे) | कैफियत |
|---|---|---|---|---|
| १ | ८९० | ६६२ | १.३४ | |
| २ | ६६० | ६१२ | १.०९ | साविक गाविसको आधारमा निकालिएको |
| ३ | ८२५ | ६११ | १.२२ | |
| ४ | १००४ | ८९७ | १.१२ | |
| ५ | ९५० | ८९१ | १.०७ | |
| ६ | ८८० | ७४१ | १.१९ | |
| ७ | ६०० | ५६८ | १.०५ | |
| **जम्मा** | **५८०९** | **४९८२** | **१.१६** | |

स्रोत : जिल्ला कृषि विकास कार्यालय ,मोरङ ।

तालिकामा प्रति परिवार जमिनको औसत आकार दिइएको छ । जहदा गाउँपालिकामा ५८०९ हेक्टर जमिन कृषियोग्य रहेको छ । यो जमिनमा ४९८२ परिवार किसानहरूले कमाइरहेका छन् । यसरी हेर्दा यहाँका किसानसँग प्रति परिवार १.१६ हेक्टर जमिन पर्दछ । यस आधारमा भन्नुपर्दा वडा नं. १, ३ र ६ का जनतासँग औसत भन्दा बढी जग्गा छ भने बाँकी वडाका कृषकहरूसँग औसतभन्दा कम जमिन रहेको छ ।

## खाद्यान्नमा आत्मनिर्भरताको अवस्था

जहदा गाउँपालिकाका जनताले आफनो कमाइबाट कति समय खान पुऱ्याउँछन् भन्ने कुरा खाद्यान्नमा आत्म निर्भरताको अवस्था अध्ययनबाट थाहा हुन्छ । तालिका नं. १२ मा यसको विवरण उल्लेख छ ।

तालिका नं.१२

खाद्यान्नमा आत्मनिर्भरताको अवस्था

| क्र.सं. | विवरण | परिवार | प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | ३ महिनाभन्दा कम खान पुग्ने | १८९९ | २३.२३ | |
| २ | ४ –६ महिना खान पुग्ने परिवार | २५१५ | ३०.७७ | |
| ३ | ७ –९ महिना खान पुग्ने परिवार | १३२७ | १६.२३ | |
| ४ | १० –१२ महिना खान पुग्ने परिवार | १३७० | १६.७६ | |
| ५ | आफनो खेतीको उत्पादन आफूले खाएर बेचविखन गर्ने परिवार | १०६४ | १३.०१ | |

स्रोत : फोकस ग्रुप छलफलबाट जिल्लाको अनुपातमा समायोजन गरी तयार गरिएको ।.

माथिको तालिकामा उल्लेख भए अनुसार जहदाका २९.७७ प्रतिशत जनताले मात्र आफनो कमाइबाट वर्षभरि खान पुर्‍याउने गरेका छन् । बाँकी ७०.२३ प्रतिशत जनताले आफनो कमाइबाट वर्षभरि खान पुग्ने अवस्था छैन । अधिकांश जनता (५४ प्रतिशत)लाई आफनो कमाइबाट छ महिना पनि खान पुगेको अवस्था छैन । यसबाट विपन्नताको अवस्थामा अधिकांश जनताको दैनिकी गुज्रिरहेको छ भन्न सकिन्छ । तलको तालिकाले गरिबीको अवस्थालाई अझ प्रष्ट पार्दछ ।

**गरिबीको अवस्था :**

जहदा गाउँपालिकामा गरीबीको मात्रा धेरै नै छ । यहाँ जनबनी गरेर जीविको पार्जन गर्नेहरूको संख्या धेरै छ । त्यसैले यहाँ रहेको गरिबीको अवस्थाबारे विश्लेषण गर्न आवश्यक छ ।

तालिका नं.१३

गरिबीको अवस्था

| वडा नं.. | गरिबीको दर प्रतिशत | गरिबीको विषमता प्रतिशत | गरिबीको गहनता प्रतिशत | कैफियत |
|---|---|---|---|---|
| १ | २८.९ | ६.७ | २.३ | सावकि गाविसको आधारमा समायोजन गरिएको |
| २ | २८.९ | ६.७ | २.३ | |
| ३ | २८.९ | ६.७ | २.३ | |
| ४ | ३०.२ | ७.२ | २.५ | |
| ५ | २८.९ | ६.७ | २.३ | |
| ६ | ३०.२ | ७.२ | २.५ | |
| ७ | ३०.२ | ७.२ | २.५ | |

स्रोत : जिल्ला कृषि विकास कार्यालय ,मोरङ ।

गरिबीको प्रतिशत हेर्दा वडा नं. १, २,३ र ५ मा भन्दा वडा नम्बर ४,६ र ७ मा बढी गरिबी छ । यही कुरा गरिबीको गहनता र विषमताको महलले पनि प्रष्ट पारेको छ ।

## कृषि सम्बन्धी विवरण

कृषिसम्बन्धी विस्तृत जानकारी तलको तालिकाले दिन्छ । यसमा कृषक परिवार संख्याका साथसाथै उनीहरूसँग कति कृषियोग्य जमिन छ, पशुमात्र पाल्ने, पंक्षीमात्र पाल्ने, पशुपंक्षी दुवै पाल्ने र केही नपाल्ने कृषकहरूको अवस्था तालिका नम्बर १४ ले झल्काएको छ ।

तालिका नं.१४

कृषि सम्बन्धी विवरण (प्रतिशतमा)

| **वडा नं..** | परिवार **संख्या** | कृषियोग्य जमिन | पशु मात्र पाल्ने | पंक्षी मात्र पाल्ने | जमिन मात्र | जमिन र पशु | जमिन र पंक्षी | पशु र पंक्षी | कुनै पनि नभएको |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १२५२ | १०.३२ | ४.४९ | २.९६ | २२.४६ | ०.४७ | ६.५० | २३.०८ | २७.५७ |
| २ | १२६५ | ६.५४ | १०.७१ | १.९७ | १८.१३ | १.२३ | ९.८८ | ३०.०७ | २१.४७ |
| ३ | १३३८ | ६.५४ | १०.७१ | १.९७ | १८.१३ | १.२३ | ९.८८ | ३०.०७ | २१.४७ |
| ४ | १३०५ | ५.८२ | ११.३३ | १.९४ | २०.७३ | १.७९ | ९.१० | २५.८८ | २३.४२ |
| ५ | ११८३ | ७.२० | ९.०६ | ३.६७ | १९.५५ | ३.४४ | ८.८१ | ३४.४६ | १७.०८ |
| ६ | ६८२ | ४.५६ | ५.८४ | २.५५ | १३.१४ | २.९२ | १०.२२ | ४४.३४ | १६.४२ |
| ७ | ११५० | ७.२० | ८.६९ | ३.६७ | १९.५५ | ३.५४ | ८.८१ | ३३.४६ | १५.०८ |

स्रोत : जिल्ला कृषि विकास कार्यालय ,मोरङ ।

## सहकारी संस्थाहरूको विवरण

सहकारीलाई अर्थतन्त्रको एक महत्वपूर्ण खम्बा मानिएको छ । यसर्थ सहकारीको विश्लेषणबाट कति मानिसहरू सहकारी कर्ममा सलग्न छन् भन्ने कुरा त जानकारी हुन्छ नै साथसाथै कतिले यसमा रोजगारी पाएका छन् भन्ने कुरा पनि जान्न सकिन्छ । जहदा गाउँपालिका क्षेत्रमा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरू छैनन् । यहाँ २१ वटा सहकारी संस्थाहरू रहेका छन् । तिनीहरूको विवरण तलको तालिकामा दिइएको छ ।

## तालिका नं.१५

## सहकारी संस्थाहरूको विवरण

| क्र.स. | सहकारीको नाम | ठेगाना | सदस्य संख्या | | | रोजगारी | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| १ | मानव विकास बचत तथा ऋण सहकारी संस्था लि. | भाथिगछ | १५ | ११ | २६ | ० | ० | ० |
| २ | भाथिगछ महिला बचत तथा ऋण सहकारी संस्था लि. | भाथिगछ | ९२ | ११६ | २०८ | ० | १ | १ |
| ३ | मालती महिला बचत तथा ऋण सहकारी संस्था लि. | मझारे | ० | २०९ | २०९ | ० | १ | १ |
| ४ | आधुनिक बचत तथा ऋण सहकारी संस्था लि | भाथिगछ | १४५ | १६० | ३०५ | २ | १ | ३ |
| ५ | शिशवनी जहदा नारी बचत तथा ऋण सहकारी संस्था लि | शिशवनी जहदा | ० | ६२ | ६२ | ० | १ | १ |
| ६ | सन्देस बचत तथा ऋण सहकारी संस्था लि | भाथिगछ | २५ | ० | २५ | ० | ० | ० |
| ७ | जीवन सुधार बचत तथा ऋण सहकारी संस्था लि | बुधनगर | ३१ | १४ | ४५ | ० | ० | ० |
| ८ | प्रकाश बचत तथा ऋण सहकारी संस्था लि | मझारे | २८२ | ५३६ | ८१८ | ३ | २ | ५ |
| ९ | जनसेवा बचत तथा ऋण सहकारी संस्था लि | शिशवनी जहदा | १७७ | २२४ | ४०१ | १ | २ | ३ |
| १० | मा भगवती बचत तथा ऋण सहकारी संस्था लि | शिशवनी जहदा | ३० | १५ | ४५ | ० | ० | ० |
| ११ | अटुट बचत तथा ऋण सहकारी संस्था लि | बुधनगर | ३८ | १२ | ५० | ० | ० | ० |
| १२ | कलश बचत तथा ऋण सहकारी संस्था लि | बुधनगर | २० | ४५ | ६५ | ० | ० | ० |
| १३ | उपमा समृद्धि बचत तथा ऋण सहकारी संस्था लि | मझारे | ७ | ४५ | ५२ | ० | ० | ० |
| १४ | जितीया समृद्धि बचत तथा ऋण सहकारी संस्था लि | पोखरिया | ० | २५ | २५ | ० | ० | ० |
| १५ | उत्सव कृषि सहकारी संस्था लि. | शिशवनी जहदा | २२ | ३ | २५ | ० | ० | ० |
| १६ | बुधनगर कृषि सहकारी संस्था लि. | बुधनगर | ३४ | ६ | ४० | ० | ० | ० |
| १७ | जगदम्बा कृषि सहकारी संस्था लि. | बुधनगर | १४८ | ७७ | २२५ | ० | ० | ० |
| १८ | प्रशंसा कृषि सहकारी संस्था लि. | भाथिगछ | ९ | १३१ | १४० | १ | ० | १ |
| १९ | प्रसिद्ध महिला बचत सहकारी संस्था लि | बुधनगर | ० | १०० | १०० | ० | ० | ० |
| २० | सिसबनी जहदा नारी वचत तथा सहकारी संस्था लि. | शिशवनी जहदा | ० | ४५ | ४५ | ० | ० | ० |
| २१ | किसान विकास बचत तथा ऋण सहकारी संस्था लि | बुधनगर | २० | ५ | २५ | ० | ० | ० |
| | **जम्मा** | | **१०९५** | **१८४१** | **२९३६** | **७** | **८** | **१५** |

स्रोत : डिभिजन सहकारी कार्यालय मोरङ ।

जहदा गाउँपालिका क्षेत्रमा भएका सहकारीहरूलाई साविक गाविसको आधारमा ठेगाना उल्लेख गरिएको छ । विगतमा रहेको गाविसलाई कार्यक्षेत्र मानेर काम गरिरहेका सहकरीहरूका सदस्यहरू छरिएर रहेका छन् । साविक बुधनगर गाविस क्षेत्र जहदा गाउँ पीलका र विराटनगर उपमहानगरपालिकामा परेको छ । त्यसैले अहिलेको वडा विभाजन अनुसार छुट्याउन कठिन भएकाले साविक ठेगाना नै उल्लेख गरिएको हो ।

यसरी हेर्दा जहदा गाउँपालिका क्षेत्रमा १३ वटा वचत तथा ऋण सहकारी संस्थाहरू, ३ वटा बहुद्देश्यीय सहकारी संस्थाहरू र पाँच वटा कृषि एवम् अन्य प्रकारका सहकारी संस्थाहरू क्रियाशील रहेको डिभिजन सहकारी कार्यालय मोरङद्वारा प्रकाशित वार्षिक तथ्याङ्क विवरणमा उल्लेख छ ।

**खण्ड तीन**

# बालमैत्री स्थानीय शासन र बाल अधिकार

## बाल अधिकार

बालबालिकाको अधिकारलाई छोटकरीमा बालअधिकार भनिन्छ । बाल अधिकार प्रदान गर्ने र गराने मुख्य दायित्व राज्यको हो । राज्यका प्रतिनिधिले नै अन्तराष्ट्रिय मञ्चमा उभिएर बालबालिकाका अधिकार दिने प्रतिबद्धता गरेको हुन्छ । त्यसैले राज्य आफैंले वा उसको पहलमा सरकारी वा गैरसरकारी वा सामाजिक संघसंस्था र परिवारले समेत बालअधिकार बहालीका लागि जिम्मेवार भई काम गर्नुपर्दछ । नगरे उनीहरूलाई जिम्मेवार बनाउने काम पनि राज्य वा सरकारको नै हो ।

स्थानीय तह स्थानीय सरकार हो । गाउँपालिकाले आफनो क्षेत्रभित्रका बालबालिकाका लागि गर्नुपर्ने सबै कामको जिम्मेवारी लिनुपर्दछ । उसले गर्नुपर्ने काम र कार्यविधि नेपाल सरकारबाट जारी बालमैत्री स्थानीय शासन कार्यविधि २०६८ मा उल्लेख छ । त्यस कार्यविधिले सरकारले बालबालिकाका लागि अनुकूल हुने संसर बनाउनका लागि आफनो तहमा काम गर्नुपर्दछ भन्ने कुरा उल्लेख छ । गाउँपालिका तल्लो तहको सरकार नै हो । उसले पनि आफनो तहमा बालबालिकाको हित अनुकूल संरचना बनाउने, नीति बनाई लागू गर्ने र त्यस्ता कार्यको अनुगमन गर्ने हैसियत राख्दछ । त्यसै कारण विगत देखि नै तत्कालीन गाउँ विकास समिति र नगरपीलिकाहरूले बालमैत्री स्थानीय सरकारको अवधारणा लिएर काम गरिहेका छन् ।

बालबालिका भनेका जन्मेदेखि १८ वर्ष नपुगेका मानवहरू हुन् । सुरक्षित रुपमा जन्मिन पाउनु, आवश्यक खोप तथा औषधी उपचार पाउनु, हेरचाह तथा स्याहार पाउनु उनीहरूको अधिकार हो । त्यस्तै खान, बस्न, लाउन पाउनु, उमेर र अवस्थाका आधारमा उपयुक्त शिक्षा पाउनु, खेल तथा मनोरञ्जन पाउनु, उपयुक्त पारिवारिक तथा सामाजिक वातावरण पाउनु पनि बालअधिकार नै हो । साथै, कुटपिट, हेला, हिंसा, दुर्व्यवहार र शोषणबाट संरक्षण पाउनु, मनमा लागेको कुरा भन्न पाउनु, स्याबासी र हौसला पाउनु आदिजस्ता कुराहरू पनि बालबालिकाका लागि आवश्यक छन् ।

बालबालिकालाई अति आवश्यक पर्ने यी अधिकारहरूलाई नै बालअधिकार भनिन्छ । बालअधिकार सम्बन्धमा अन्तर्राष्ट्रिय दस्तावेज बालअधिकार सम्बन्धी महासन्धि १९८९ हो । यस महासन्धिलाई संयुक्त राष्ट्र संघले मान्यता दिएको छ । यस महसन्धिले १८ बर्षमुनिका सबै मानवलाई बालबालिका मानेको छ । उनीहरूले पाउनुपर्ने अधिकारलाई बालअधिकार भनेको छ । यस महासन्धिका ५४ वटा धारा छन् । यी धाराहरूमा जति पनि अधिकारहरू व्यवस्था गरिएका छन् तिनिहरूलाई  मुख्य गरी चार भागमा बाँढेर अध्ययन गरेको पाइन्छ । एकअर्काको पूरकका रूपमा रहेका यी चारवटै भागहरूलाई चार बाकस वा चार स्तम्भ पनि भन्ने गरिन्छ ।

### १.बाँच्न पाउने अधिकार

बाँच्न पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो । गर्भमा रहेदेखि नै सुरक्षित हुनु र सुरक्षित जन्मिनु उसको अधिकार हो । जन्मिएपछि आवश्यक स्वस्थकर खाना, उचित स्याहार, बास,

स्वास्थ्य उपचार र न्यानो कपडा लगायतका एउटा बालक बाँच्नका लागि नभई नहुने अधिकारहरू नै यससँग सम्बन्धित अधिकारहरू हुन् ।

## २. विकासको अवसर पाउने अधिकार

बालबालिकाहरू बाँचेर मात्र पुग्दैन । उनीहरूको चौतर्फी विकास हुनुपर्दछ । बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक तथा संवेगात्मक विकासको लागि चाहिने सम्पूर्ण आवश्यकताहरूलाई नै बालविकासको अधिकार भनिन्छ । जस्तै : शिक्षा, खेलकुद, मनोरञ्जन, स्याहार सम्भार, पौष्टिक आहार, पर्याप्त भोजन, पर्याप्त स्वास्थ्य सेवा आदि ।

## ३. संरक्षण पाउने अधिकार

हरेक किसिमको भेदभाव, शोषण, दुर्व्यवहार, यातना, कुटपिट, अपहरण, हिंसा र अवहेलनाबाट बालबालिकाको संरक्षण हुनुपर्दछ । प्रत्येक बालबालिकाले नाम पाउनुपर्छ र जन्मदर्ताको अधिकार पाउनुपर्छ । बेचबिखनबाट संरक्षण, अपहरणबाट संरक्षण, सशस्त्र द्वन्द्वबाट संरक्षण, जोखिमपूर्ण श्रम, श्रमशोषणबाट संरक्षण पाउनुका साथै अपाङ्गता भएका, अनाथ बालबालिकाको विशेष संरक्षण, यौनशोषणबाट संरक्षण, लागू पदार्थ दुर्व्यसन तथा ओसार पसारमा प्रयोग हुनबाट संरक्षण पाउने जस्ता महत्वपूर्ण अधिकारहरू यस अन्तर्गत पर्दछन् ।

## ४. सहभागी हुन पाउने अधिकार

बालबालिकाको सर्वोत्तम हितका विषयहरूमा बालबालिकाले आफ्नो धारणा राख्न पाउनु, आफूसँग सरोकार राख्ने विषयमा निर्णय गर्ने अवसर पाउनु, भेला हुन पाउनु, एकजुट हुन पाउनु, उपस्थित हुन पाउनु, बालक्लबहरू खोल्न पाउनु तथा बलाक्लबका गतिविधिहरूमा भाग लिन पाउनु, आफ्नो कुरा स्वतन्त्रतापूर्वक राख्न पाउनु, समूहमा छलफल गर्न, संलग्नता देखाउन र प्रतिभा प्रस्तुत गर्न पाउनु नै बालबालिकाको सहभागी हुन पाउने अधिकार हो । त्यस्तै अरुले आयोजना गरेको बाल कार्यक्रमहरूमा सहभागी हुन पाउनु, बाल हकहितका नीति निर्णयमा सहभागी हुन पाउनु, प्रशंसा, स्याबासी र हौसला पाउनु साथै विचार र भावनाको कदर हुने वातावरण पाउनु जस्ता आधारभूत अधिकारहरू यस अन्तरगत पर्दछन् ।
बालअधिकारका यी चारैवटा भागहरू एक अर्काका पूरक हुन् ।

## बालअधिकारका सिद्धान्तहरू

बालबालिकासँग र उनीहरूका निम्ति गरिने प्रत्येक कार्यहरू बालबालिकाको हितमा छन् भनी मापन गर्न बालअधिकार महासन्धिले चारओटा सिद्धान्तहरूलाई अँगालेको छ । यी सिद्धान्तहरूले परिवार, समाज र राज्यबाट भए गरेका कार्यहरू बालअधिकारका पक्षमा छन् वा छैनन् भनी जाँच्नका लागि आधारभूत मापदण्डको काम गर्छन् । बालबालिकासँग र उनीहरूका निम्ति गरिने प्रत्येक कामहरू बालअधिकारको यी चार सिद्धान्त विपरीत हुनुहुँदैन भनेर यसले मार्गदर्शन पनि गर्दछ ।

बालअधिकारका चार सिद्धान्तहरू यसप्रकार छन् :
क. विभेद रहित

ख. बालबालिकाको सर्वोत्तम हित
ग. दीर्घजीवन र विकास
घ. बालबालिकाको विचार तथा भावनाको कदर

**जहदाको बालबालिकाको जनसङ्ख्या**

शून्यदेखि १८ वर्ष उमेर समूहका मानिसलाई बालबालिका भनिन्छ, भन्ने परिभाषा अन्तराष्ट्रिय बाल अधिकार महासन्धि १९८९ मा गरिएको छ । नेपालको कानुनले शून्य देखि १६ वर्षसम्मका मानिसलाई बालबालिका भन्नुपर्दछ भनी परिभाषित गरे पनि व्यवहारमा र सामाजिक संघसंस्थाले महासन्धिको परिभाषालाई आत्मसात गरेर काम गरेको देखिन्छ । त्यसैले यहाँ शून्यदेखि १८ वर्ष उमेर समूहका मानिसलाई बालबालिका भनी विश्लेषण गरिएको छ ।

तालिका नं.१
बालबालिकाको लैङ्गिक आधारमा जनसङ्ख्या विवरण

| उमेर | लिङ्ग | | जम्मा |
|---|---|---|---|
| | बालक | बालिका | |
| ३ वर्षभन्दा कम | १८८१ | १८७८ | ३७५९ |
| ४ | ५६१ | ५३५ | १०९६ |
| ५ | ६३५ | ६०३ | १२३८ |
| ६ | ५६९ | ५३६ | ११०५ |
| ७ | ५२८ | ५३३ | १०६१ |
| ८ | ६७५ | ६६५ | १३४० |
| ९ | ३६४ | ३७० | ७३४ |
| १० | ७५३ | ६९५ | १४४८ |
| ११ | ३७३ | ३६७ | ७४० |
| १२ | ६४५ | ६६३ | १३०८ |
| १३ | ४७५ | ४४० | ९१५ |
| १४ | ४९९ | ५७१ | १०७० |
| १५ | ५४० | ४६६ | १००६ |
| १६ | ५३१ | ४७७ | १००८ |
| १७ | ३९० | ३२९ | ७१९ |
| १८ | ५८६ | ५१० | १०९६ |
| **जम्मा** | **१०००५** | **९६३८** | **१९६४३** |

स्रोत : राष्ट्रिय जन गणना २०६८ ।

माथिको तालिकामा जहदा गाउँपालिकाको वडागत आधारमा र समग्रतामा उमेर समूहहरूको जनसाँख्यिक विवरण देखाइएको छ । ती विवरण आफैंमा महत्वपूर्ण छन् । त्यसमा बालबालिकाको

सङ्ख्या १९६४३ रहेको छ । त्यस आधारमा हेर्दा जहदा गाउँपालिकामा ० देखि १८ वर्ष उमेर समूहका बालिका ९५३८ र बालक १०००५ रहेका छन् । बाल अधिकारको कुरा गर्दा वा बालबालिकाको हितको निम्ति गरिने कार्यक्रमको लक्षित वर्ग १९६४३ अर्थात कुल जनसङ्ख्याको ४६.९७ प्रतिशत रहेको प्रष्ट हुन्छ ।

## जहदाको बाल अधिकारको अवस्था

जहदा गाउँपालिकामा ० देखि १८ वर्ष उमेर समूहका बालिका ९५३८ र बालक १०००५ गरी बालबालिकाको संख्या १९६४३ रहेको छ । कुल जनसङ्ख्याको ४६.९७ प्रतिशत ओगटने यो वर्ग नै मुलकको भविष्यका नायकनायिकाहरू हुन् भन्ने कुरा स्पष्ट छ ।

बाल अधिकारका माथि उल्लेखित चार वटा भाग वा चार बाकस बालबालिकाका अधिकारका विषय हुन् । ती अधिकारहरू परिवार, राज्यले परिपुर्ति गरिदिनुपर्दछ । अर्थात, ती अधिकारहरू पूरा गरिदिने दायित्व अभिभावक, समाज र राज्यको हो । त्यसैले यहाँ बाल अधिकारको अवस्था अध्ययन गर्दा मूलत शिक्षा, स्वास्थ्य, खेलुकदको अवस्थालाई विश्लेषण गर्नुपर्ने हुन्छ । उनीहरूको सहभागिताको अधिकारहरूका लागि बालक्लबहरूको गठन, सञ्चालन र बालक्लबका प्रतिनिधिहरूलाई बालबालिकाले सरोकार राख्ने संस्था वा निकायमा प्रतिनिधित्वको अवस्थालाई हेरिनुपर्दछ ।

गाउँपालिका बन्नुअघिको अवस्थामा यसमा गाभिएका सबै गाविसहरूमा विभन्न सरकारी तथा गैरसरकारी संस्थाहरूको पहलमा बालमैत्री अभियान सञ्चालन भएको पाइएको छ । साविक पोखरिया बाल विवाहमुक्त गाविस घोषण भएको मानव अधिकार तथा वातावरण मञ्च(फरेन) द्वारा प्रकाशित **बालविवाहलाई नाई भनौ** स्थिति प्रतिवेदन २०७३ मा उल्लेख छ । बाल विवहमुक्त गाविस घोषणा गर्ने अभियानमा बाल बालिका, राजनीतिक दल, प्रहरी, धार्मिक गुरु, महिला समूह,आमा समूह सबै परिचालित भएको कुरा सो प्रतिवेदनमा उल्लेख छ । गत वर्ष नै साविक पोखरिया गाविस खुल्ला दिसामुक्त गाविस घोषित भइकेसको छ । पोखरियाका कुल ६९१ घर परिवारमध्ये २३० घर परिवारलाई पूर्ण सरसफाइयुक्त घरका रूपमा घोष्णा पनि गरिएको छ । सम्पूर्ण बालबालिकाले आधारभूत तथा अनिवार्य शिक्षा पाइसकेको र पूर्ण जन्मदर्ता भएको गाविसका रूपमा यस गाउँपालिकामा समेटिएका सबै मझारे, शिशवनी जहदा,पोखरिया,भाथिछ र बुधनगर घोषित भइसकेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा पाएको भनी घेषित गाविसहरू सबै (बुधनगर बाहेक) यही गाउँपालिकामा रहेका छन् ।

सबै साविक गाविसहरूमा गाविस स्तीय बालक्लब सञ्जालहरू कार्यरत छन् । समाजका राजनीतिक तथा सामाजिक क्षेत्रको प्रतिनिधित्व हुने गरी स्थानीय बालमैत्री शासन समिति बनेर काम गरिरहेको अवस्था छ भने सबै गाविसमा बाल विवाह लगायतका बाल संरक्षणका मुद्दाहरूका बारेमा केन्द्रित भई काम गर्ने गरी गाउँ सतरीय बाल संरक्षण गठन भई उनीहरूकै पहलमा गाउँ स्तरीय क्रियाकलापहरू सञ्चालन भइरहेको अवस्था छ ।

यी कार्यक्रमहरूको प्रभाव राम्रो परेको छ । त्यस आधारमा पनि बाल अधिकार सम्बन्धी सचेतना

यस गाउँपालिका क्षेत्रका अधिकांश घरपरिवार र नागरिकमा पुगेको छ भन्न सकिन्छ । किनकि विगतका तिनै गाउँ विकास समितिहरूलाई समेटेर गाउँपालिका र नगरपालिकाको पुनर्संरचना गरिएको हो । विगतमा विकास भएको चेतना र बालमैत्री अभियानमा लाग्ने सकारात्मक वातावरण जहदा गाउँपालिकाको लागि सम्पति हो । यही सम्पतिलाई समेटर गाउँपालिका अगाडि बढ्न सक्ने अवस्था छ ।

यस अभियानमा विगत वर्षहरूमा गाउँ विकास समितिहरूसँग सहकार्य गर्ने सरकारी तथा गैरसरकारी एवम् सामाजिक संघसंस्थाहरू गाउँपालिकाले भविष्यमा काम गर्दाका महत्वपूर्ण साझेदार बन्न सक्ने संभावना छ । फेरि पनि यस गाउँपालिका क्षेत्रमा बालमैत्री अभियान सञ्चालन गर्नका लागि शून्यमा झरेर काम गर्नुपर्ने अवस्था छैन । कामको अवस्था जुन उचाइमा पुगेको छ त्यहीबाट सुरु जर्न सकिने अवस्था छ । जस्तो कि विगतमा पोखरिया एउटा छुट्टै गाविस थियो । अहिले जहदा गाउँपालिकाको एउटा वार्ड बनेको छ । अब बाँकी वडाहरूमा मात्र त्यो अभियान सञ्चालन गरेर गाउँपालिकालाई बालविवाह मुक्त गाउँपालिका घोषणा गर्न सकिने अवस्था सिर्जना हुनसक्छ ।

बाल अधिकार बहालीका सूचकहरू विभिन्न प्रकारका हुन्छन् । बालमैत्री स्थानीय शासन कार्यविधिले ३९ वटा सूचकहरू तोकेको छ । ती सूचकहरू बालमैत्री अभियानका लागि महत्वपूर्ण हुन्छन् । बालबालिकाको बाँच्न पाउने हकका लागि स्वास्थ्य सेवा तथा खोप अनि मातृशिशुको स्वास्थ्य अवस्थाको विशेष महत्व हुन्छ । विकासको अधिकार खेलकुद र शिक्षासँग सम्बन्धित हुन्छन् । त्यसैले विद्यालय तहको शिक्षा भयरहित वातावरणमा गुणस्तरीय शिक्षा पढ्न पाउने र त्यो भन्दा सानो उमेर बालविकास केन्द्रमा गई पढ्न पाने अवस्था यसका लागि महत्वपूर्ण हुन्छन् । बाल सहभागिताको अधिकारको लागि भित्तेपत्रिका प्रकाशन र बालक्लबमा आवद्ध हुन पाउने र बालक्लबको तर्फबाट विद्यालय व्यवस्थापन समिति, गाउँपालिका र अन्य सरकोकारवाला निकायमा बालबालिका सम्बन्धी विषयमा महत्वपूर्ण निर्णय भइरहँदा बालबालिकाको प्रतिनिधित्व र अर्थपूर्ण सहभागिता महत्वपूर्ण हुन्छ । बाल संरक्षणको सवालमा भयरहित शिक्षा, बेचविखान, यातना, बालविवाह, लागूपदार्थ दुर्व्यसनबाट संरक्षण, अपहरण र अन्य अमानवीय व्यवहारबाट संरक्षण जस्ता विषयहरू पर्दछन् ।

त्यसैले जहदा गाउँपालिकाको बालक्लबको अवस्था, बाल विकास केन्द्रको अवस्था, खोप तथा स्वास्थ्य सेवा सम्बन्धी विवरण यही अभिप्रायबाट यस पार्श्वचित्रमा समेटिएको छ ।

## बाल क्लबहरूको अवस्था

बालक्लब बालबालिकाको आफनो संगठन हो । यसमा आवद्ध भएर विचार सुन्ने, आफनो विचार बनाउँने, विचार व्यक्त गर्ने सीप सिक्नुका साथै मानवीय जीवनका लागि आवश्यक अन्य सीपहरू पनि सिक्छन् । यही बालक्लबको माध्यमबाट संगठन सञ्चालन पद्धति, नेतृत्व सीप, लोकतान्त्रिक विधि र व्यवहार सिक्छन् । सुशासनका आधारभूत ज्ञान पनि यसबाट सिक्छन् । बालबालिकाको प्रतिनिधित्व गर्ने महत्वपूर्ण संस्था हो । कुनै ठाउँमा बालबालिकाको प्रतिनिधित्व गराउनु पर्दा त्यसको लागि आधिकारिक निकाय स्थानीय बालक्लब तथा बालक्लब सञ्जालहरू नै हुन् ।

बालबालिकालाई फुत्त बोलाएर नाम मात्रको सहभागिता गराउने भन्दा बालक्लबहरू निर्माण तथा सञ्चालनमा गाउँपालिकाले योगदान गर्नुका साथै बालबालिकाको सहभागिता गराउँनु पर्दा बालक्लब वा बालसञ्जाललाई पत्र पठाएर औपचारिक रूपमा प्रतिनिधि माग गरी उनीहरूले पठाएको प्रतिनिधिलाई सहभागी बनाउने गर्नाले बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित हुनुका साथै उनीहरूको प्रतिनिधित्व संस्थागत भएको मानिन्छ ।

तालिका नं.२

बाल क्लबहरूको विवरण

| क्र.सं | वडा नम्बर | बालक्लबहरूको संख्या | गाविसस्तरीय बालक्लब सञ्जाल |
|---|---|---|---|
| १ | १ | ५ | १ |
| २ | २ | ४ | १ |
| ३ | ३ | ५ | १ |
| ४ | ४ | ८ | १ |
| ५ | ५ | ६ | १ |
| ६ | ६ | ९ | १ |
| ७ | ७ | ४ | १ |
| **जम्मा** | | **४१** | **७** |

स्रोत : मानव अधिकार तथा वातारण मञ्च (फरेन) विराटनगर ।

**बालविकास केन्द्रहरू**

आधुनिक शिक्षा पद्धतिले बाल विकास केन्द्रहरूको महत्वपूर्ण भूमिका हुने कुरालाई मान्यता दिएको छ । विद्यालय जाने उमेर नपुगेका बालबालिकालाई बाल विकास केन्द्रमा राखेर विद्यालय जान बानी पार्नुपर्दछ भन्ने मान्यता रही आएको छ । त्यसैले सरकारले विद्यालयमा आधारित बाल विकास केन्द्रहरू, समुदायमा आधारित बाल विकास केन्द्रहरू तथा पूर्वप्राथमिक विद्यालय शिक्षाहरूमा विशेष लगानी गरिरहेको छ । बालबालिकाको प्रारम्भिक सिकाइ र समाजिकीकरणको पूर्व अभ्यास यही समयमा हुने भएकोले बाल विकास केन्द्रहरू मार्फत यस्ता सेवाहरू दिनुपर्ने अवधारणा ल्याएको छ ।

जहदा गाउँपालिका क्षेत्रको बाल विकास केन्द्रहरूको अवस्था र तिनमा रहेका बालबालिकाका बारेमा तलको तालिकामा अध्ययन गर्न सकिन्छ । यहाँ विद्यालयमा आधारित बाल विकास केन्द्रहरू मात्र रहेको पाइएको छ । समुदायले समेत विभिन्न स्रोतहरू जुटाएर बाल विकास केन्द्र खोल्न सक्ने व्यवस्था राज्यले गरेको भए पनि जहदा गाउँपालिका क्षेत्रमा त्यस्ता केन्द्रहरू समुदाय स्तरबाट खोली सञ्चालनमा आएको पाइएको छैन ।

तालिका नं.३

**बालविकास केन्द्रहरूको विवरण**

| पूर्व गाविस | विद्यालयको नाम | वि.. बाल वि. केन्द्र | जम्मा | | | दलित | | | जनजाति | | | अन्य | | | *नयाँ भर्ना* | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | *छात्र* | *छात्रा* | *जम्मा* |
| बुधनगर | बुधेश्वरी मावि | १ | | | | | | | | | | | | | | | |
| बुधनगर | जनता बाल निमावि | १ | १४ | १० | २४ | १४ | १० | २४ | ० | ० | ० | ० | ० | ० | १४ | १० | २४ |
| बुधनगर | लक्ष्मी प्रावि | १ | | | | | | | | | | | | | | | |
| बुधनगर | दुर्गामावि | १ | | | | | | | | | | | | | | | |
| बुधनगर | गणेश प्रावि | १ | ८ | ६ | १४ | ४ | २ | ६ | ४ | ४ | ८ | ० | ० | ० | ८ | ६ | १४ |
| भाथिगछ | आदर्श प्रावि | १ | १३ | २० | ३३ | ८ | १५ | २३ | ० | ० | ० | ५ | ५ | १० | ९ | १८ | २७ |
| भाथिगछ | जनप्रियप्रावि | १ | ६ | ४ | १० | १ | २ | ३ | ४ | २ | ६ | १ | ० | १ | ४ | ० | ४ |
| भाथिगछ | जनता मावि | १ | १७ | १४ | ३१ | २ | ३ | ५ | ११ | १० | २१ | ४ | १ | ५ | १७ | १४ | ३१ |
| भाथिगछ | काली निमावि | १ | ४ | २ | ६ | १ | १ | २ | ३ | ० | ३ | ० | १ | १ | ४ | २ | ६ |
| भाथिगछ | लक्ष्मी निमावि | १ | २४ | १६ | ४० | ० | ० | ० | १४ | ११ | २५ | १० | ५ | १५ | २४ | १६ | ४० |
| भाथिगछ | माँ भवानी प्रावि | १ | | | | | | | | | | | | | | | |
| भाथिगछ | बैरिया मावि | १ | ७ | ३ | १० | ४ | २ | ६ | ० | ० | ० | ३ | १ | ४ | ७ | ३ | १० |
| भाथिगछ | हरिनगरा प्रावि | १ | ७ | ११ | १८ | ४ | २ | ६ | २ | ४ | ६ | १ | ५ | ६ | ४ | ९ | १३ |
| भाथिगछ | रामजानकी प्रावि | १ | ८ | ९ | १७ | ७ | १ | ८ | १ | ३ | ४ | ० | ५ | ५ | ० | ० | ० |
| भाथिगछ | सन्थाल प्रावि | १ | १९ | १७ | ३६ | १९ | १७ | ३६ | ० | ० | ० | ० | ० | ० | १९ | १७ | ३६ |
| मझारै | दुर्गा मावि | १ | २३ | २९ | ५२ | १० | ३ | १३ | १ | ४ | ५ | १२ | २२ | ३४ | २३ | २९ | ५२ |
| मझारै | हनुमान प्रावि | १ | १२ | ११ | २३ | ३ | १ | ४ | ० | ० | ० | ९ | १० | १९ | १२ | ११ | २३ |
| मझारै | जनताप्रिया निमावि | १ | १६ | ११ | २७ | ० | ० | ० | १ | ० | १ | १५ | ११ | २६ | ७ | ७ | १४ |
| मझारै | जानकी प्रावि | १ | ३ | ५ | ८ | ० | ० | ० | २ | ५ | ७ | १ | ० | १ | ३ | ५ | ८ |
| मझारै | लोहन्द्रा प्रावि | १ | | | | | | | | | | | | | | | |
| मझारै | महेन्द्र मावि | १ | | | | | | | | | | | | | | | |
| मझारै | रामजानकी निमावि | १ | | | | | | | | | | | | | | | |
| पोखरिया | भवानी प्रावि | १ | १२ | १२ | २४ | २ | ३ | ५ | ८ | ८ | १६ | २ | १ | ३ | ६ | ७ | १३ |
| पोखरिया | इस्लामिया मदर्सा | १ | २५ | २३ | ४८ | ० | ० | ० | ० | ० | ० | २५ | २३ | ४८ | २५ | २३ | ४८ |
| पोखरिया | जनता मावि | १ | १६ | १० | २६ | ३ | २ | ५ | ११ | ६ | १७ | २ | २ | ४ | १४ | ८ | २२ |
| शि.जहदा | भानुभक्त प्रावि | १ | १२ | १३ | २५ | ८ | ३ | ११ | २ | ४ | ६ | २ | ६ | ८ | ३ | ११ | १४ |
| शि.जहदा | लक्ष्मी निमावि | १ | ८ | १३ | २१ | ० | १ | १ | ३ | ३ | ६ | ५ | ९ | १५ | ८ | १३ | २१ |
| शि.जहदा | सरस्वती निमावि | १ | २६ | २० | ४६ | १२ | १२ | २४ | १४ | ८ | २२ | ० | ० | ० | १३ | ११ | २४ |
| शि.जहदा | सार्वजनिक मावि | १ | ३ | २ | ५ | ० | ० | ० | ० | ० | ० | ३ | २ | ५ | ३ | २ | ५ |
| **जम्मा** | | **३०** | **२८३** | **२६१** | **५४४** | **१०२** | **८०** | **१८२** | **८१** | **७२** | **१५३** | **१०० ** | **१०९** | **२०९** | **२२७** | **२१९** | **४४६** |

स्रोत : जिल्ला शिक्षा कार्यालय मोरङ २०७३ ।

माथिको तालिकामा देखाइए अनुसार ३० वटा विद्यालयहरूले पूर्व प्राथमिक कक्षाको पढाइ सञ्चालन गर्ने अनुमति लिए पनि २३ वटाले मात्र सञ्चालन गरी विद्यालय जाने उमेर नभएका बालबालिकाको प्रारम्भिक शिक्षामा योगदान गरेको पाइन्छ । कुल २३ वटा केन्द्रमा २८३ ( ५२ प्रतिशत) बालक र २६१ (४८ प्रतिशत) बालिका गरी कुल ५४४ जना बालबालिकालाई शिक्षा दिइरहेको छ । बाल विकास केन्द्रमा पढिरहेका बालबालिका मध्ये १८२ जना (३३.४५ प्रतिशत) दलित, १५३ जना (२८.१३ प्रतिशत) जनजाति र २०९ जना (३८.४२ प्रतिशत) अन्य समुदायका छन् ।

त्यसैगरी वि.सं. २०७३को भर्नालाई आधार मानेर हेर्दा बाल विकास केन्द्रमा नयाँ विद्यार्थी भर्ना दर अत्यन्त उच्च छ । यस वर्ष मात्र ४४६ जना बालबालिका भर्ना भएको देखिन्छ । जुन केन्द्रमा अध्ययनरत बालबालिकाको तुलनामा करिब ८२ प्रतिशत हुन आउँछ ।

## सामुदायिक तथा धार्मिक विद्यालयहरू

जहदा गाउँपालिकामा चार वटा मदर्सा सहित कुल ३७ वटा सामुदायिक विद्यालय र एक कृष्ण प्रसाद कोइराला सेवा गुठी गरी ३८ वटा सामुदायिक शिक्षण संस्थाहरू रहेका छन् । तिनीहरूको विवरण तल दिइएको छ ।

तालिका नं.४

**सामुदायिक विद्यालय, धार्मिक विद्यालय तथा गुठीको विवरण**

| सि.नं. | वडा नंम्बर | सामुदायिक तथा धार्मिक विद्यालय | | गुठी (प्राविधिक शिक्षालय) | जम्मा संख्या |
|---|---|---|---|---|---|
| | | आधारभूत तह | माध्यमिक तह | | |
| १ | १ | ६ | २ | ० | ८ |
| २ | २ | ५ | १ | ० | ६ |
| ३ | ३ | ६ | १ | ० | ७ |
| ४ | ४ | २ | १ | १ | ४ |
| ५ | ५ | ५ | १ | ० | ६ |
| ६ | ६ | ३ | १ | ० | ४ |
| ७ | ७ | २ | १ | ० | ३ |
| **जम्मा** | | **२९** | **८** | **१** | **३८** |

स्रोत : जिल्ला शिक्षा कार्यालय मोरङ तथा आधारभूत तथ्याङ्क संकलन ।

माथिको तालिकाको आधारमा विश्लेषण गर्दा जहदा गाउँपालिका क्षेत्रमा चारवटा मुस्लिम धर्मसम्बन्धी शिक्षा दिने मदर्सा (धार्मिक विद्यालयहरू), ३४ वटा विभिन्न तहका सामुदायिक विद्यालयहरू र एउटा प्राविधिक शिक्षालयको रूपमा काम गरिरहेको सेवा गुठी रहेको छ । पिताजी कृष्णप्रसाद कोइराला सेवा गुठी पुरानो शिशवनी जहदामा स्थापना भई प्राविधक शिक्षालयका रूपमा सञ्चालित रहेको थियो । हाल यो जहदा गाउँपालिकाको एक मात्र प्राविधिक शिक्षालयका रूपमा  रहेको छ ।

जहदा गाउँपालिका क्षेत्रमा निजी विद्यालयहरूको संख्या पनि एक दर्जनजति रहेको अनुमान छ । तर तिनीहरूको व्यवस्थित तथ्याङ्क उपलब्ध हुन सकेन । विद्यालयहरूको विवरण तल उल्लेख गरिएको छ ।

## तहगत विद्यार्थीको संख्या

कक्षागत आधारमा विद्यार्थीहरूको कक्षागत संख्यालाई आधार मानेर विश्लेषण गर्नका लागि तलको तालिकाको सहारा लिन सकिन्छ । तालिकामा सामुदायिक विद्यालयमा अध्ययनरत बालबालिकाको संख्या दर्शाएको छ । यसमा छात्र र छात्राको संख्या पनि तहगत आधारमा प्रस्तुत गरिएको छ ।

तालिका नं.५

कक्षागत विद्यार्थीको संख्या

| **कक्षा** | **१ देखि ५** | **६ देखि ८** | **आधारभूत तहको** | **९ देखि १०** | **११ देखि १२** | **माध्यमिक तहको** | **कुल जम्मा** |
|---|---|---|---|---|---|---|---|
| **छात्रा** | २५६८ | १०४२ | ३६१० | ४९१ | ९४ | **५८५** | **४१९५** |
| **छात्र** | २३६७ | ८५९ | ३२२६ | ४८५ | ५८ | **५४३** | **३७६९** |
| **जम्मा** | **४९३५** | **१९०१** | **६८३६** | **९७६** | **१५२** | **११२८** | **७९६४** |
| सरदर | ९८७ | ६३४ | ८५४.५ | ४८८ | ७६ | **२८२** | |

स्रोत : जिल्ला शिक्षा कार्यालय मोरङ २०७३ ।

माथिको तालिकामा हेर्दा बालिका वा छात्राको संख्या छात्र वा बालकको तुलनामा समग्रमा बढी देखिन्छ । माथि तालिकामा दिइए अनुसार प्राथमिक तह, निम्न माध्यमिक तह मात्र होइन माध्यमिक र उच्च माध्यमिक तहमा पनि छात्र भन्दा छात्राको संख्या बढी छ । यसबाट छोरीलाई विद्यालय पठाउने चलन बढ्दो क्रममा रहेको छ भन्न सकिन्छ । जति माथिल्लो कक्षामा गयो त्यति नै विद्यार्थी संख्या घट्ने क्रम पनि देखिन्छ ।  जस्तो कि कक्षा १देखि ५ सम्मका विद्यार्थीको औसत विद्यार्थी संख्या ९८७ रहेकोमा कक्षा ६देखि ८ मा यो औसत विद्यार्थी संख्या ६३४ मा झरेको छ । त्यसैगरी कक्षा ९ देखि १० मा ४८८ मा ओर्लिएको छ । कक्षा ११ र १२ मा पढ्ने विद्यार्थीको औसत संख्या ७६ जना रहेको छ । उसो त यस गाउँ पालिकामा कक्षा ११ र १२ सम्म पढाइ हुने एक मात्र विद्यालय रहेको छ ।

शिक्षा ऐन २०७२ले विद्यालय शिक्षालाई दुई तहमा विभाजन गरेको छ । कक्षा १ देखि ८ सम्म आधारभूत तह र कक्षा ९ देखि १२ सम्म माध्यमिक तह । यस आधारमा हेर्दा कुल विद्यार्थी संख्या मध्ये ८५.८४ प्रतिशत बालबालिका आधारभूत तहमा पढ्छन् भने १४.१६ प्रतिशत बालबालिकाले माध्यमिक तहमा पढ्ने अवसर पाएका छन् । यसबाट हरेक तहमा विद्यार्थीले विद्यालय छाड्ने प्रवृत्ति (Drop out rate) रहेको निष्कर्षमा पुग्न सकिन्छ ।

**विद्यालयहरूको वडागत नामावली**

**जहदा गाउँपालिका वडा नम्बर १ मा रहेका सामुदायिक विद्यालयहरू**

१. श्री जनता बाल निमावि (बुधनगर २)

२. श्री बुधेश्वरी मावि (बुधनगर ६)

३. श्री दुर्गा मावि बुधनगर (बुधनगर ८)

४. श्री लक्ष्मी प्रावि बुधनगर (बुधनगर ६)

५. श्री गणेश प्रावि बुधनगर (बुधनगर ७)

६. श्री अरिफ हुसैन मदर्सा (बुधनगर ९)

७. श्री जनता निमावि (बुधनगर २)

८. श्री मडिन्टोल मदर्सा (बुधनगर ९)

**जहदा गाउँपालिका वडा नम्बर २ मा रहेका सामुदायिक विद्यालयहरू**

९.श्री जनता मावि भाथिगछ ५

१०. श्री प्रावि हरिनगरा भाथिगछ ८

११. श्री फैनजे मलालाता मदर्सा भाथिगछ ८

१२. श्री काली निमावि भाथिगछ ८

१३. श्री जनप्रावि भाथिगछ ५

१४. श्री सन्थाल प्रावि भाथिगछ ९

**जहदा गाउँपालिका वडा नम्बर ३ मा रहेका सामुदायिक विद्यालयहरू**

१५. श्री बाललक्ष्मी प्रावि (भाथिगछ ७)

१६. श्री आदर्श निमावि (भाथिगछ ७)

१७. श्री माँ भवानी प्रावि भाथिगछ ४

१८. श्री बैरिया मावि भाथिगछ ७

१९. श्री लक्ष्मी निमावि भाथिगछ २

२०. श्री रामजानकी प्रावि भाथिगछ २

२१. श्री मदर्सा स्लामिया तालिमुल कुरान ४

**जहदा गाउँपालिका वडा नम्बर ४ मा रहेका सामुदायिक विद्यालयहरू**

२२. श्री सार्वजनिक मावि शिशवनी जहदा

२३. श्री  लक्ष्मी निमावि शिशवनी जहदा

२४. श्री सरस्वती निमावि शिशवनी जहदा

**जहदा गाउँपालिका वडा नम्बर ५ मा रहेका सामुदायिक  विद्यालयहरू**

२५. श्री रामजानकी निमावि मझारे

२६. श्री दुर्गा उच्च मावि मझारे

२७. श्री  हनुमान प्रावि मझारे

२८. श्री जानकी प्रावि मझारे

२९. श्री भानुभक्त प्रावि मझारे

३०. श्री मदर्सा तालिमुल कुरान

**जहदा गाउँपालिका वडा नम्बर ६ मा रहेका सामुदायिक  विद्यालयहरू**

३१. श्री जनता मावि पोखरिया

३२. श्री भवानी प्रावि पोखरिया

३३. श्री बाबादिनाभद्री प्रावि पोखरिया

३४. श्री मदर्सा इस्तामिक प्रावि पोखरिया

**जहदा गाउँपालिका वडा नम्बर ७ मा रहेका सामुदायिक  विद्यालयहरू**

३५.श्री महेन्द्र मावि मझारे

३६. श्री लोहन्द्रा प्रावि मझारे

३७. श्री  जनप्रिय निमावि मझारे

**गहदा गाउँपालिका क्षेत्रमा रहेका निजी विद्यालय तथा गुठीहरू**

१। श्री मेरीगोल्ड इङ्लिस बोर्डिङ स्कुल जहदा गाउँपालिका वडा नम्बर २

२। श्री चन्द्र सूर्य इङ्लिस बोर्डिङ स्कुल जहदा गाउँपालिका वडा नम्बर ३

३। श्री बालबालिका इङ्लिस बोर्डिङ स्कुल जहदा गाउँपालिका वडा नम्बर  ३

४। श्री विषाखा इङ्लिस बोर्डिङ स्कुल जहदा गाउँपालिका वडा नम्बर ३

५। श्री बुद्ध किन्डर प्राइमरी बोर्डिङ स्कुल जहदा गाउँपालिका वडा नम्बर ४

६। श्री लिटिल चाइल्ड इङ्लिस बोर्डिङ स्कुल जहदा  गाउँपालिका वडा नम्बर ५

७। श्री डन बोस्को बोर्डिङ स्कुल जहदा गाउँपालिका वडा नम्बर  ६

८। श्री ज्ञान सागर इङ्लिस बोर्डिङ स्कुल जहदा गाउँपालिका वडा नम्बर ६

९। श्री विजय ज्योति इङ्लिस बोर्डिङ स्कुल जहदा गाउँपालिका वडा नम्बर  ६

१०।श्री कृष्णप्रसाद कोइराला सेवा गुठी (सिटिइभिटीको कक्षा सञ्चालन गरिरहेको)

**परिच्छेद चार**

# सार्वजनिक सरोकारका विषयहरू

## सामाजिक सुरक्षा भत्ता

समाजमा पछाडि पारिएका, ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा भक्ताको नाममा राज्यकोषबाट सहयोग गर्ने अवधारणा कल्याणकारी राज्यको अवधारणा हो । वि.सं. २०५१ देखि ज्येष्ठ नागरिकलाई मासिक १०० रुपैयाँ भक्ता दिने नारा सहित सुरु गरिएको सामाजिक सुरक्षा भक्ता अहिले ज्येष्ठ नागरिकका साथसाथै एकल महिला, अपाङ्गता भएका, दलितलाई समेत प्रदान गरिन्छ । यसले समाजमा पछाडि परेका अशक्तहरूलाई सम्मानपूर्वक बाँच्न प्रोत्साहन हुने विश्वास गरिएको छ । मोरङमा अवस्य पनि सामाजिक सुरक्षा भक्ता वितरण गरिन्छ, त्यसको विवरण तलको तालिका (नम्बर १)मा उल्लेख गरिएको छ ।

तालिका नं.१

सामाजिक सुरक्षा भत्ता पाउने नागरिकहरू

| वडा नम्बर | ज्येष्ठ नागरिक | | | दलित ज्येष्ठ नागरिक | | | एकल महिला | पूर्ण अशक्त अपाङ्ग | | | आंशिक अशक्त अपाङ्ग | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | **जम्मा** | महिला | पुरुष | जम्मा | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | |
| १ | ६८ | ६९ | **१३७** | ३४ | ३५ | **६९** | **१८४** | ९ | ९ | **१८** | ५ | ६ | **११** | ४१९ |
| २ | ४० | ४२ | **८२** | ८ | ८ | **१६** | **११३** | ३ | ४ | **७** | ४ | ५ | **९** | २२७ |
| ३ | ५० | ५३ | **१०३** | १० | ११ | **२१** | **१४२** | ४ | ४ | **८** | ६ | ६ | **१२** | २८६ |
| ४ | ७९ | ८२ | **१६१** | ४ | ५ | **९** | **१८०** | ४ | ४ | **८** | ४ | ४ | **८** | ३६६ |
| ५ | ५१ | ४९ | **१००** | १० | ९ | **१९** | **१५४** | ७ | ७ | **१४** | ४ | ४ | **८** | २९५ |
| ६ | ३८ | ४० | **७८** | ५ | ४ | **९** | **१५** | १ | ० | **१** | १ | १ | **२** | १०५ |
| ७ | ३६ | ३५ | **७१** | ९ | ८ | **१५** | **१०४** | १ | १ | **२** | ३ | ३ | **६** | १९८ |
| जम्मा | | | **७३२** | | | **१५८** | **८९२** | | | **५८** | | | **५६** | १८९६ |

स्रोत : जिल्ला विकास समिति सामाजिक सुरक्षा शाखा आ.व. २०७२/२०७३ ।

नोटः पूर्व गाविसको सामाजिक सुरक्षा भत्ता वितरण भएको संख्याको आधारमा समानुपातिक रूपमा वडामा विभाजन गरी यो तथ्याङ्क निकालिएको हो । प्रत्येक वडाको लैङ्गिक अनुपातको आधारमा त्यो संख्या समायोजन गरी उल्लेख गरिएको छ । एकल महिलाको हकमा ६० वर्ष माथि र ६० वर्षभन्दा मुनिका सबैलाई एकैठाउँमा समावेश गरिएको छ ।

## व्यक्तिगत घट्ना दर्ता विवरण

मानिसको जीवनमा हुने महत्वपूर्ण घट्नाहरू जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्ध विच्छेद हुन् । नेपाल सरकारले यस्ता घट्नाहरू व्यवस्थित रूपमा दर्ता गरी अभिलेख राख्ने पद्धति बसाएको छ । सोही अनुसार वि.सं. २०७२ बैशाखदेखि २०७२ चैतसम्म एक वर्षको अवधिमा भएका व्यक्तिगत घट्ना दार्ताको विवरण यहाँ उल्लेख गरिएको छ ।

तालिका नं.२

व्यक्तिगत घट्ना दर्ता विवरण

| पूर्व गाविसहरू | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह दर्ता | बसाइसराइ | | | | सम्बन्ध विच्छेद |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | **जम्मा** | महिला | पुरुष | जम्मा | | दर्ता संख्या | आएको व्यक्ति | गएको व्यक्ति | जम्मा व्यक्ति | |
| बुधनगर | १५३ | १४९ | **३०२** | १२ | २८ | **४०** | **१८१** | २० | १२ | **२२** | **३४** | ० |
| भाथिगछ | ११२ | १२८ | **२४०** | १३ | २३ | **३६** | **१०४** | १० | १६ | **२१** | **३७** | ० |
| शि.जहदा | ७४ | ८३ | **१५७** | १२ | २० | **३२** | **५४** | १७ | १७ | **३०** | **४७** | ० |
| मझारे | ९४ | ११६ | **२१०** | २१ | २३ | **४४** | **७३** | ८ | १ | **७** | **८** | ० |
| पोखरिया | १५ | २८ | **४३** | ७ | १० | **१७** | **१६** | ३ | ० | **७** | **७** | ० |
| **जम्मा** | **४४८** | **५०४** | **९५२** | **६५** | **१०४** | **१६९** | **४२८** | **५८** | **४६** | **८७** | **१३३** | |

स्रोत : जिल्ला विकास समिति सामाजिक सुरक्षा शाखा .वर्ष २०७२ ।

माथिको तालिकामा पूर्व गाविसको विवरणलाई जस्ताको तस्तै राखिएको छ । त्यसलाई वडागत आधारमा वर्गीकरण गर्नु भन्दा पूर्व गाविसकै अवस्थामा रहन दिनु उचित देखिएकाले यसो गरिएको हो । यस तालिकाबाट प्रष्ट हुन्छ कि जहदा गाउँपालिका क्षेत्रमा एक वर्षमा ९५२ जना जन्मिए भने १६९ जनाको मृत्यु भयो । विवाह गरेर ४२८ जना यस गाविस क्षेत्रमा भित्रिएका छन् । बसाइसराइको अवस्था हेर्दा यस क्षेत्रमा आउने भन्दा जानेको संख्या बढी छ । अर्थात ४६ जना बसाइ सरेर आए भने गएको वर्ष ८७ जना बसाइ सरेर यस गाउँपालिका क्षेत्रभन्दा बाहिर गए । यी सबै व्यक्तिगत घट्ना दर्ताको अभिलेखबाट यो थाहा हुन्छ कि वि.सं २०७२ को एक वर्षमा ११६७ जना मानिस थपिए । अर्थात, यस गाउँपालिकामा यस अवधिमा ११६७ जनसंख्या बढ्यो । रोचक कुरो अध्ययन गरिएको वर्षभरिमा एउटा पनि सम्बन्ध विच्छेदको घटना दर्ता भएको पाइएन ।

## विद्यमान स्वास्थ्य सेवाहरू

जहदा गाउँपालिका क्षेत्रमा हाल उपलश्ध स्वास्थ्य सेवाको विवरण यस्तो रहेको छ । यसमा गाउँपालिका क्षेत्रमा हाल रहेका स्वास्थ्य संस्थाहरू, औषधी पसल तथा हाल उपलब्ध परिवार नियोजन सेवाहरू समेत तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं.३

गाउँपालिकामा विद्यमान स्वास्थ्य सेवाहरूको अवस्था

| क्र.सं. | स्वास्थ्य सेवा | संख्या | बेड संख्या |
|---|---|---|---|
| १ | जिल्ला जनस्वास्थ्य कार्यालय | ० | |
| २ | सरकारी अस्पताल | ० | |
| ३ | प्रसुती गृह | १ | ३ |
| ४ | वाल अस्पताल | ० | |
| ५ | आयुर्बेद अस्पताल | ० | |
| ६ | प्राकृतिक चिकित्सा | ० | |
| ७ | स्वास्थ्य चौकी | ५ | |
| ८ | उप-स्वास्थ्य चौकी | ० | |
| ९ | प्राथमिक स्वास्थ्य स्याहार केन्द्र | ० | |
| १० | निजी अस्पताल | २ | |
| ११ | फार्मेसी | २४ | |
| १२ | चिकित्सक संख्या | ० | |
| १३ | चिकित्सक अनुपात | ० | |
| १४ | क्लिनिक | ५ | |
| १५ | बर्थिंङ सेन्टरः | ० | |
| १६ | पोलि क्लिनिक | १ | |
| १७ | स्वास्थ्य संस्थामा सुत्केरी गराउने प्रतिशत | ८० | |
| १८ | दक्ष स्वास्थ्यकर्मी बाट सुत्केरी गराउने प्रतिशत | ८० | |
| १९ | सुडेनीवाट सुत्केरी गराउने प्रतिशतः | २० | |
| २० | भिसीटी केन्द्र संख्याः | ० | |
| २१ | महिला स्वयम सेविका संख्याः | २० | |
| २२ | टि.बी. उपचार केन्द्रः | १ | |
| २३ | परिवार नियोजन का ५ बिधि र ३ बिधीको सेवा उपलब्ध स्वास्थ्य संस्था संख्याः | ५ | |
| २४ | बि.ओ.सी.(आधारभूत): | ० | |
| २५ | सि.ई.ओ.सी.( अपरेसन सेवा) उपलब्ध स्वास्थ्य संस्था | ० | |

| | | | |
|---|---|---|---|
| २६ | गर्भवती जाँच पहिलो पटकको प्रतिशत: | ९० | |
| २७ | गर्भवती जाँच चौथो पटक सम्मको प्रतिशत: | ६० | |
| २८ | सुत्केरी पश्चात जाच गराउन आउने प्रतिशत: | ० | |
| २९ | औसत आयु: ५५ वर्ष (महिला: ५६ वर्ष र पुरुष: ५४ वर्ष ) | ० | |

स्रोत : स्थानीय स्वास्थ्य चौकीहरू ।

## खोप सेवाको विवरण

यस गाउँपालिका क्षेत्रमा विभन्न स्वास्थ्य संस्थामार्फत उपलब्ध खोपहरूको विवरण यहाँ उल्लेख गरिएको छ । खोपहरू एकातिर मानव जीवनमा रोग प्रतिरोध क्षता बढाउनका लागि महत्वपूर्ण छन् भने अर्कोतर्फ आमा र बच्चाको स्वास्थ्यसम्बन्धी अत्यन्त महत्वपूर्ण सूचक पनि हो । बाल अधिकारको बाल बचाउ सम्बन्धी महत्वपूर्ण अवयबका रूपमा पनि खोपले काम गरेको हुन्छ । त्यसैले यसलाई बालबचावट सम्बन्धी महत्वपूर्ण सूचकका रूपमा लिइन्छ । हाल जहदा गाउँपालिकामा समेटिएका सबै गाउँविकास समितिहरू गाउँपालिका बन्नुअघि नै पूर्ण खोपको सुविधा पाएको गाविसका रूपमा घोषित भइसकेका गाविसहरू हुन् । त्यसैले जहदा गाउँपालिका क्षेत्र स्वत: पूर्ण खोपयुक्त गाउँपालिकाका कायम हुनगएको छ ।

तालिका नं.४

खोप सेवाको विवरण

| क्र. सं. | विवरण | आ.व २०७०।७१ | आ.व २०७१।७२ | आ.व २०७२।७३ |
|---|---|---|---|---|
| १ | वि. सि. जि. | १००% | १००% | १००% |
| २ | डि. पि. टि. | ९०% | ९०% | ९०% |
| ३ | हेपाटाइटिस वि | ९०% | ९०% | ९०% |
| ४ | दादुरा | ९०% | ९०% | ९०% |
| ५ | पोलियो ३ | ९०% | ९०% | ९०% |
| ६ | टि. टि. | ९०% | ९०% | ८०% |

स्रोत : स्थानीय स्वास्थ्य चौकीहरू ।

तालिका न ५

खोप सेवा दिइने बालबालिकाको अवस्था

| क्र. सं. | विवरण | आ.व २०७०।७१ | आ.व २०७१।७२ | आ.व २०७२।७३ |
|---|---|---|---|---|
| १ | वि.सि.जि र दादुरा | ५% | ५% | ५% |
| २ | डि.पि.टि, हेपाटाइटिस वि, एच. आइ. भि.१ र ३ | ५% | ५% | ५% |
| ३ | खोप नलगाएका बालबालिका | ५% | ५% | ५% |

स्रोत : स्थानीय स्वास्थ्य चौकीहरू ।

माथिका तालिका नम्बर ४ र ५ बाट खोप र सवास्थ्य सेवाको अवस्था निक्कै राम्रो रहेको देखिएको छ । बालबालिकालाई उमेर अनुसार दिनुपर्ने खोप प्राय: सबै बालबालिका र गर्भवती महिलाले लिने गरेको पाइएको छ । जहदा गाउँपालिकामा राज्यको तर्फबाट व्यवस्था गरिएको सबै किसिमका सामान्य तथा विशेष खोप सेवाहरू दिने काम भइरहेको स्वास्थ्य कर्ताकर्ताहरू बताउँछन् ।

## पोषणको अवस्था

पाँच वर्षमुनिका बालबालिकाको पोषण तथा गर्भवती महिलाले सेवन गर्नुपर्ने आइरन चक्की र जूकाको औषधीको सेवनको अवस्थाबारे  तालिका नम्बर ६ले जानकारी गराउनेछ ।

तालिका नं.६

विगत तीन वर्षको पोषणको अवस्था

| क्र. सं. | विवरण | आ.व २०७०।७१ | आ.व २०७१।७२ | आ.व २०७२।७३ |
|---|---|---|---|---|
| १ | ५ वर्ष भन्दा मुनिका बृद्धि अनुगमन पटक | ८ | ७ | ९ |
| २ | गर्भवती महिलाहरूका लागि आइरन चक्की वितरण | ८0% | ८0% | ८0% |
| ३ | गर्भवती महिलाहरूले प्राप्त गरेका जुकाको औषधी (जना) | ८0% | ८0% | ८0% |
| ४ | सुत्केरी भएका महिलाका लागि भिटामिन ए वितरण | १00% | १00% | १00% |
| ५ | ६ महिना देखी ५वर्ष सम्मका वच्चाहरूलाइ खुवाएको भिटामिन ए | ८0% | १00% | १00% |
| ६ | १ देखी ५ वर्ष सम्मका वच्चाहरूलाई खुवाएको जुकाको औषधी जना | ८0% | १00% | १00% |

स्रोत : स्थानीय स्वास्थ्य चौकीहरू ।

## महिला हिंसाको अवस्था

नेपाली समाजमा महिला हिंसालाई गम्भीर सामाजिक अपराधका रूपमा मानिएको छ । जहदा गाउँपालिकामा पनि महिला हिंसाको अवस्था के रहेको छ भनी बुझ्ने र त्यसलाई तथ्याङ्कमा उल्लेख गरी सार्वजनिक गर्ने प्रयास गरिएको छ । यद्यपि महिला हिंसाका घ्टनामध्ये घरेलु हिंसा ज्यादै गम्भीर र पेचिलो रूपमा हाम्रो समाजमा विद्यमान रहेको छ । यसको विवरण तलको तालिकामा उल्लेख छ ।

तालिका नं.७

महिला हिसां सम्वन्धी विवरण

| क्र.सं. | विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | घरेलु हिंसाबाट पीडित | २८ | |
| २ | सौता रहेको | १४० | |
| ३ | वेचविखनमा परेको | ५ | |
| ४ | श्रीमानवाट पीडित/ पिटिएका | १७० | |
| ५ | द्वन्द्ववाट पिडित | २५ | |
| ६ | सामाजिक कुरीती लगाइएका | १२ | |
| ७ | जम्मा | ३८० | |

स्रोतः फोकसग्रुप छलफल तथा पूर्व गाविसको अभिलेखमा आधारित ।

## कृषक समूहहरू

किसानहरू समूहमा आवद्ध भएर काम गर्दा आपसमा एकताबद्ध भई सामूहिक भावनाले काम गर्ने कुरा त छँदैछ, त्यसका अलावा जिल्ला कृषि र जिल्ला पशुले विभिन्न किसिमका आयोजनाहरू आउँदा सहभागी हुनका लागि सजिलो पनि हुन्छ । जसको माध्यमबाट नेपाल सरकारले उपलब्ध गराएका विभिन्न प्रकारका कृषि तथा पशुपंक्षी उत्पादन सम्बन्धी अनुदान कार्यक्रममा सहभागी हुने अवसर पनि प्राप्त हुन्छ ।

तालिका नं.५

कृषक समूहको विवरण

| क्र.स. | नाम | भवनको प्रकृति वटा | | | वडा नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | गोटा | कच्ची | पक्की | | |
| १ | श्री बजरङ्गवली कृषक समूह | | | | | |
| २ | श्री रामजानकी | | | | | |
| ३ | श्री आनन्द | | | | | |
| ४ | श्री प्रगतिशील कृ.समूह | | | | | |
| ५ | श्री शिवशक्ति कृ.समूह | | | | | |
| ६ | श्री लोहन्द्रा कृ.समूह | | | | | |
| ७ | श्री सिर्जनशील कृ.समूह | | | | | |
| ८ | श्री श्रृङ्खला कृ.समूह | | | | | |
| ९ | श्री त्रिशक्ति कृ.समूह | | | | | |
| १० | श्री मिलन कृषक समूह | | | | | |

स्रोत : जहदा गाउँपालिका कार्यालय ।

## पशु सेवा केन्द्र तथा उपकेन्द्रहरू

किसानले पालेको पशुहरूका लागि आवश्यक सल्लाह तथा उपचारका लागि सेवा पुऱ्याउने उद्देश्यले विभिन्न प्रकारका पशु सेवा केन्द्र, उपकेन्द्र र कृषक समूहहरू क्रियाशील रहेका हुन्छन् । तिनीहरूलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं.६

पशु सेवा केन्द्र, उपकेन्द्र र कृषक समूह

| क्र.स. | नाम | भवनको प्रकृति वटा | | | वडा नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | गोटा | कच्ची | पक्की | | |
| १ | पशु सेवा केन्द्र ख | | | | | |
| २ | | | | | | |

स्रोतः जहदा गाउँपालिका कार्यालय ।

## सरकारी भवन

जहदा गाउँपालिका क्षेत्रमा प्रहरी चौकी र स्वास्थ्य चौकी बाहेक अन्य सरकारी कार्यालयहरू अत्यन्त कम छन् । यी बाहेक अन्य कार्यालयहरूमा एक अतिरिक्त हुलाकको आफनो भवन सहित सञ्चालनमा रहेको छ भभने मच्छिन्द्र वृहद खानेपानी अयोजना भर्खरै स्थापना भई कार्यालय सञ्चालन गरिरहेको छ । यसको पनि आफनै भवन रहेको छ ।

तालिका नं.७

सरकारी भवन, हुलाक सेवा केन्द्र

| क्र.स. | नाम | भवनको प्रकृति वटा | | | वडा नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | गोटा | कच्ची | पक्की | | |
| १ | अतिरिक्त हुलाक | १ | | १ | | |
| २ | बृहद मच्छिन्द्र खानेपानी आयोजना | १ | | १ | | |

स्रोतः जहदा गाउँपालिका कार्यालय ।

## गाउँपालिकाको चलअचल सम्पति

जहदा गाउँपाँलिका कार्यालयको आफ्नै कार्यालय भवन छैन । महिला सामुदायिक भवनमा कार्यालय सञ्चालन गरिरहेको छ । गाउँपालिकामा गाभिएका पूर्व गाउँ विकास समितिका कार्यालय भएका भवनहरू वडा कार्यालयहरू सञ्चालन भइरहेका छन् । यस्तो अवस्थामा जहदा

गाउँपालिकाको भवन दुई कोठा भवन तीन कट्ठा जमिनमा रहेको छ । गाउँपालिकाको आफनो सम्पतिका रूपमा एउटा मोटरसाइकल एक ल्यापटप तथा एउटा प्रिन्टर सहितको फोटोकपि मेसिन रहेको छ । त्यसबाहेक आवश्यक मात्रामा कार्यालय फर्निचरहरू सम्पतिका रूपमा रहेका छन् ।

## गाउँपालिका कार्यालयमा पुग्न लाग्ने समय

जहदामा गाउँपालिका कार्यालयमा पुग्न लाग्ने समय एकनासको छैनन । कही पाँच मिनेटमा पुगन सकिने ठाउँ छ भने कही (बुधनगरमा) विराटनगर घुमेर मात्र गाउँपालिका कार्यालय आइपुग्ने अवस्था छ । त्यस कुरालाई तलको तालिका नंम्बर ८ ले प्रष्ट पार्नेछ ।

तालिका नं ८

गाउँपालिकाको टाडाको बस्तीबाट गाउँपालिका कार्यालयमा पुग्न लाग्ने समय

| वडा नं. | रोडवाट गापा को केन्द्र पुग्नलाग्ने समय | सेवा प्राप्त गरी पैदल घर फर्किन लाग्ने समय |
|---|---|---|
| १ | १५ किमि | ५ घण्टा |
| २ | ४ किमि | १ घण्टा |
| ३ | ३ किमि | १ घण्टा |
| ४ | ४ किमि | १ घण्टा |
| ५ | ७ किमि | ४ घण्टा |
| ६ | ५ किमि | २ घण्टा |
| ७ | ६ किमि | ३ घण्टा |

स्रोत : जहदा गाउँपालिका कार्यालय ।

## धार्मिक स्थलहरू

धार्मिक स्थलहरू सकारात्मक सोच र मानव हितको रक्षाको लागि खोलिएका पवित्र स्थलहरू हुन् । त्यस आधारमा हेर्दा यहाँ हिन्दू धर्मावलम्बीहरूको बाहुल्यता रहेको भए पनि विभिन्न धर्मावलम्बीहरूको बसोबास रहेको छ । उनीहरूले आफनो आस्था अनुसारको धार्मिक स्थलमा गएर प्रार्थना गर्ने, भगवानसँग शक्ति माग्ने र मनले चिताएको पुगोस भनेर उपासना गर्ने गर्दछन् । यसका लागि प्राय: सबै वडामा हिन्दू धर्म अनुसारका धार्मिक स्थलहरू रहेका छन् । ग्रामथान तथा मन्दिर र मस्जिदहरू प्रशस्त संख्यामा छन् तिनीहरूमध्ये केहीको नाम सूची यहाँ प्रस्तुत गरिएको छ ।

तालिका नं.१२

जहदा गाउँपालिकामा रहेका धार्मिक स्थलहरू

| क्र.स. | मन्दिर | मस्जिद | गुम्बा | चर्च | अन्य |
|---|---|---|---|---|---|
| १ | श्री अनन्त मन्दिर | श्रीतालिमुनिक मदर्सा | | | |
| २ | श्री बजरङ्गवली | श्री मदर्सा | | | |
| ३ | श्री रामजानकी | श्री फैजिमिल्त मदर्सा | | | |
| ४ | श्री दिनाभद्री | श्री स्लामिया मदर्सा | | | |
| ५ | श्री कालीथान | | | | |
| ६ | श्री ग्रामथान | | | | |
| ७ | श्री शिवमन्दिर | | | | |
| ८ | श्री राधाकृष्ण | | | | |
| ९ | श्री सत्यनारायण | | | | |
| १० | श्री आनन्द | | | | |
| ११ | श्री पञ्चमुखी हनुमान | | | | |
| १२ | श्री लक्ष्मी | | | | |

स्रोत : जहदा गाउँपालिका कार्यालय ।

## सडक सञ्जालको विद्यमान अवस्था

जहदा गाउँपालिका देशको राजनीतिक तथा औद्योगिक नगरी विराटनगरसँग जोडिएको गाउँपालिका भए पनि यसमा पूर्वाधार विकासको अवस्था निक्कै नाजुक छ । यहाँको सडक सञ्जालको अवस्था साँच्चै कमजोर छ । त्यस्तै अवस्था अन्य पूर्वाधारहरूमा पनि रहेको छ । यस विषयमा तल रहेको दुई वटा तालिकाहरू नम्बर १३ र १४ ले प्रष्ट पार्नेछन् ।

तालिका नं.१३

सडक सञ्जालको विद्यमान अवस्था

| क्र.स. | सडकको वर्गीकरण | लम्बाई कि.मि. | सडकको औसत चौडाइ (मिटर) | सडकले सेवा पुगेका वडा |
|---|---|---|---|---|
| १ | ..... राजमार्ग | | | |
| २ | सहायक राजमार्ग | ६ किमि | १० | |
| ३ | पक्की तथा कालोपत्रे | २५ किमि | १० | |
| ४ | ग्राभेल सडक | १३० किमि | ६ | |
| ५ | कच्ची सडक/मौसमी सडक | ५०० किमि | ४.५ | |
| ६ | मुल वाटो (त्चबर्ष) | ८० किमि | ३ | |
| ७ | ईंटा विच्छाइएको वाटो | | | |
| ८ | ढुंगा छापेको वाटो | | | |
| ९ | सिढी तथा खुड्किला | | | |
| | जम्मा | ६४१ किमि | | |

स्रोत : जहदा गाउँपालिका कार्यालय ।

तालिका नं.१४

निर्माणाधीन गाउँस्तरीय सडकहरू

| सडकको किसिम | लम्वाई कि.मि. | सडकको चौडाइ | सडक पुगेको वडा | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|
| कालो पत्रे | | | | |
| ग्राभेल | | | | |
| कच्ची तथा धुले | १० | ३ मिटर | ५ र ७ | १५००० |
| जम्मा | १० | | | |

स्रोत : जहदा गाउँपालिका कार्यालय ।

सवारी साधनहरू

यस जहदा गाउँपालिकामा चल्ने सवारी साधन र तिनको अवस्था बारे तलका तालिका नम्बर १५ र १६मा विवरण दिइएको छ । तालिका नम्बर १५ मा गाउँपालिका क्षेत्रमा रूट परमिट लिएर सञ्चालन भइरहेका सवारी साधनहरूको विवरण उल्लेख छ भने तालिका नम्बर १६ मा यस गाउँपालिका क्षेत्रमा चल्ने सवारी साधनको अवस्था झल्काइएको छ ।

तालिका नं.१५

गाउँपालिका क्षेत्रबाट रूट परमिट लिएर सञ्चालन हुने सवारी साधनहरू

| बस चल्ने शुरु स्थान | बस पुग्ने अन्तिम स्थान | दैनिक सञ्चालन हुने सवारी साधन संख्या | वस स्टप संख्या ( यात्रु चढाउने ओराल्ने स्थान) | कैफियत |
|---|---|---|---|---|
| लक्ष्मीनिया | विराटनगर | १० | कुनै निश्चित स्थान नतोकिएको | |
| जम्मा | | १० | | |

स्रोतः जहदा गाउँपालिका कार्यालय ।

तालिका नं.१६

गाउँपालिका क्षेत्रमा चल्ने सवारी साधनहरू

| क्र.स. | सवारी साधनको प्रकार अवस्था | संख्या | अवस्था | | अवस्था |
|---|---|---|---|---|---|
| | | | १० वर्षसम्म पुरानो | १० वर्षभन्दा बढी पुरानो | |
| १ | निजी | | | | |
| २ | सरकारी स्वामित्वका | १५०० | १००० | ५०० | – |
| ३ | सार्वजनिक (भाडाका) | १० | १० | – | – |

स्रोत : जहदा गाउँपालिका कार्यालय ।

## सतह ढलको अवस्था

सतह ढलको अवस्था पनि जहदा गाउँपालिका क्षेत्रमा निक्कै नाजुक रहेको छ । यसले ढल निकासको क्षेत्रमा अझै धेरै काम गर्नुपर्ने अवस्था छ भन्ने कुरा यो तालिकाले प्रष्ट पार्दछ । यस गाउापालिका क्षेत्रमा ह्युम पाइप, पक्की स्याब भउको र पक्की स्ल्याबले नढाकिएको गरी कुल १८ किलोमिटर मात्र ढल निर्माण कार्य भएको पाइन्छ ।

तालिका नं.१७

विद्यमान सतह ढलको अवस्था

| **क्र.सं.** | **सतह ढलको प्रकार** | **कि.मि.** | **कैफियत** |
|---|---|---|---|
| १ | ह्युम पाइप | ५ | |
| २ | पक्की स्ल्याब ढाकिएको | ३ | |
| ३ | पक्की स्ल्याब नढाकिएको | १० | |
| | जम्मा | १८ | |

स्रोत : जहदा गाउँपालिका कार्यालय ।

## सार्वजनिक शौचालय

जहदामा गाउँपालिका क्षेत्रमा सार्वजनिक शौचालय एउटा पनि छैन । यहाँका गाभिएका पूर्व गाविसहरूमध्ये पोखरियामात्र खुल्ला दिसामुक्त घोषित हो । त्यसबाहेकका गाविसहरूमा खुल्ला दिसामुक्त अभयिानको काम चलिरहेको अवस्था हो । पोखरिया बाहेक अन्य गाविस क्षेत्रमा खुल्ला दिसामुक्त घोषाण समेत नभएकोले पूर्ण सरसफाइका लागि आवश्यक पर्ने सार्वजनिक शौचालय बनेको र प्रयोग भएको अवस्था यहाँ छैन ।

तालिका नं.१८

सार्वजनिक शौचालय सम्बन्धी विवरण

| क.स | सार्वजनिक शौचालय रहेको स्थान | वडा न. | सञ्चालनको अवस्था | सञ्चालक |
|---|---|---|---|---|
| १ | छैन | | छैन | |
| २ | छैन | | छैन | |
| ३ | छैन | | छैन | |
| ४ | छैन | | छैन | |
| जम्मा | | | | |

स्रोत : जहदा गाउँपालिका कार्यालय र फोकस ग्रुप छलफल ।

## प्रकोपबाट भएको क्षति

जहदा गाउँपालिका पनि प्राकृतिक प्रकोपबाट पीडित हुनबाट अछुतो रहेको छैन । यहाँ पहिरोको पीडा अनुभव गरिएको छैन तर बेलाबेलामा हुने अन्य प्रकारका प्रकोपहरूबाट बेलाबेलामा पीडित हुने गरेको छ । जुन कुरा तलको तालिका नम्बर १९ मा यस सम्बन्धी विवरण हेर्न सकिन्छ ।

यो गाउँपालिका क्षेत्रमा बाढी पीडा, आगलागी, चट्याङ र हावा हुरीको प्रकोप बेलाबेलामा हुने गरेको पाइएको छ ।

तालिका नं.१९

प्रकोपबाट भएको क्षतिको विवरण

| प्रकोपको किसिम | क्षतिको विवरण | भएको अनुमानित क्षति रु. | मानवीय क्षति |
|---|---|---|---|
| बाढी | सिगिया कटान | १० लाख | |
| पहिरो | | | |
| आगजनी | ८ घर | १० लाख | |
| महामारी | | | |
| हावाहुरी | ३ घर उडायो | ३ लाख | |
| चट्यांग | | | १ जनाको मृत्यु |
| नदी कटान | लोहन्द्रा | १० लाख | |
| खडेरी | | | |
| शित लहर | | | |
| भुकम्प | | | |
| अन्य.. | | | |

स्रोत : जहदा गाउँपालिका कार्यालय ।

## विपद व्यवस्थापन पूर्व तयारी सम्वन्धी विवरणः

जहदा गाउँपालिकामा विवद व्यवस्थापनको दृष्टिले हेर्दा निम्न अवस्था रहेको पाइएको छ ।

- विपद व्यवस्थापन गाउँपालिका समिति (Village Disaster Management Committee)बनेको छ ।
- सुरक्षित स्थान तोकिएको छैन ।
- विपद व्यवस्थापन पूर्व तयारी योजना बनेको छ ।
- विपद व्यवस्थापन कोष बनेको छ, रू. २ लाख कोषमा रहेको छ ।

## सहरी विद्युतीकरणको अवस्था

जहदा गाउँपालिकामा विजुलीको उज्यालो छ तर त्यो सबैतिर पुगेको छैन । अहिले पनि जहदाका धेरै घरका मानिसहरू विजुलीको उज्यो उपयोग गर्न नपाएर लालटिन वा टुकी बाल्न बाध्य छन्

। यस गाउँपालिकामा विजुली उपयोगको अवस्था तलको तालिका नम्बर २० बाट प्रष्ट रूपमा बुझ्न सकिन्छ । यसबाट विजुलीका कति लाइनहरू कुन कुन प्रयोजनका लागि तानिएका छन् भन्ने कुरा बुझ्न सकिन्छ ।

तालिका नं.२०।

सहरी विद्युतीकरण

| क्र.सं. | विवरण | परिमाण (संख्या) |
|---|---|---|
| १ | ग्राहस्थ लाइन संख्या | ७१२४ |
| २ | औद्योगिक लाइन संख्या | ३४ |
| ३ | व्यापारिक संख्या | १५० |
| ४ | मन्दिरमा वितरित संख्या | ३० |
| ५ | खानेपानी | १ |
| ६ | सडक वत्ति | – |
| ७ | अस्थायी वत्ति | – |
| ८ | सिंचाई | – |
| जम्मा ग्राहक संख्या | | |
| ९ | स्विचिङ्ग स्टेशन | १ |
| | टान्सफर्मर संख्या | १८ |

स्रोतः जहदा गाउँपालिका कार्यालय ।

## दूर सञ्चार सेवाको अवस्था

सञ्चार आजको समयका लागि अपरिहार्य विषय भएको छ । सुरुमा तार प्रविधिको सञ्चार आए पनि अहिले बेतार अर्थात मोबाइल प्रविधिको सञ्चार साधनको प्रयोग दिनानुदिन बढिरहेको अवस्था छ । यस गाउँपालिका क्षेत्र पनि यस कुरामा अछुतो छैन । यहाँका नागरिकमा खास गरी युवा वर्गमा मोबाइलको क्रेज बढेको छ । तथापि तथ्याङ्कको आधारमा विश्लेषण गर्दा यस गाउँपालिकाको हालको अवस्थामा देशका अन्य भागमा भन्दा भिन्न अवस्थामा पाइएको छ ।

तालिका नं.२१

**दूर सञ्चार सम्बन्धी विवरण**

| क्र.स. | संचार सेवाको किसिम | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | PSTN टेलिफोन लाईन | | |
| २ | ए.डी.एस.एल. सेवा | | |
| ३ | इन्टरनेट तथा जी.पी.आर.एस. सेवा | ७ | Wireless सेवाको Data एकिन गर्न नसकिने भएकाले |
| ४ | मोबाइल टावर जी.एस.एम. | ४ | |
| ५ | मोबाइल टावर स्काई | | |
| ६ | जी.एस.एम. पोस्टपेड मोबाइल | ६० | |
| ७ | जी.एस.एम. प्रिपेड मोबाइल | २००० | |

| | | | |
|---|---|---|---|
| ८ | स्काई पोस्टपेड मोबाइल | २० | नेपाल टेलिकम अधिकांश स्थानमा नलाग्ने लागेर सम्पर्क भए पनि आवाज नसुनिने गुनासो रहेको पाइयो । |
| ९ | स्काई प्रिपेड मोबाइल | ५०० | |

स्रोत : जहदा गाउँपालिका कार्यालय ।

## पुलको अवस्था

पुलले नदीका दुईतिरको गाउँ वा सहरलाई जोड्ने काम गर्दछ । पुल मानिसको सुविधाको लागि बनाएको साधन मात्र होइन यो त विकासको पूर्वाधार पनि हो । त्यसैले नदीको कारणले विभाजित अवस्थामा रहेका मानिसहरूलाई विकास कार्यमा सँगसँगै सहभागी हुने अवसर यसले प्रदान गर्दछ । झेलुङ्गे पुल खासगरी पनि पहाडी क्षेत्रमा बढी बनाउने गरिएको छ । तर तराईमा यसको उपयोगको संभवना त्यतिकै मात्रामा रहेको छ भन्ने कुरा जहदा गाउँपालिकामा बनेका दुई वटा पुलहरूले प्रष्ट पार्दछन् । यस गाउँपालिकामा बनेका पुलहरूको विवरण तलको तालिका नं. २२ मा दिइएको छ ।

तालिका नं.२२

पुल सम्बन्धी विवरण

| पुल/खोलाको नाम | दायाँ किनारा रहेको स्थान | बायाँ किनारा रहेको स्थान | निर्मित साल | सहयोगी निकाय |
|---|---|---|---|---|
| सिघिया खोला | पूर्व | पश्चिम | २०७३ | जिविस |
| लोहन्द्रा खोला | मझारे | भाथिगछ | २०७३ | जिविस |

स्रोतः जहदा गाउँपालिका कार्यालय ।

## व्यापारिक केन्द्रहरू

जहदा गाउँपालिका क्षेत्रमा रहेका बजार तथा व्यापारिक केन्द्रहरू तालिका नम्बर २३ मा उल्लेख गरिएअनुसार रहेको छ । जे भए पनि यहाका स्थानीय मानिसहरूका लागि खरिद विक्री हुने मुख्य बस्तुहरू  उखु, दाल चामल, तेल मकै आदि रहेका छन् ।

तालिका नं.२३

व्यापारिक केन्द्रहरूको विवरण

| क.स. | व्यापारिक केन्द्रहरूका नाम | व्यापारिक वस्तु | कैफियत |
|---|---|---|---|
| १ | लक्ष्मीनिया | रहेका छन् ।उखु, दाल चामल, तेल मकै आदि | |
| २ | भेडियारी | उखु, दाल चामल, तेल मकै आदि | |

| | | | |
|---|---|---|---|
| ३ | रामचौक | उखु, दाल चामल, तेल मकै आदि | |
| ४ | शिशवनी | उखु, दाल चामल, तेल मकै आदि | |
| ५ | डुमरिया | उखु, दाल चामल, तेल मकै आदि | |

स्रोतः जहदा गाउँपालिका कार्यालय ।

## सामुदायिक भवनहरू

ग्रामीण क्षेत्रमा बनेका सामुदायिक भवनहरू मानिसहरूको जमघट र भालकुसारी गर्ने महत्वपूर्ण स्थलहरू हुन् । यिनमा पारिवारिक र सामाजिक क्रियाकलापहरू सञ्चालन हुन थालेपछि हाम्रो समाजमा यसको महत्व बढ्न थालेको छ । ।जहदामा रहेका दुई वटा सामुदायिक भवन र पाटी पौवाहरू आम मानिसको हितमा सञ्चालन भइरहेको थाहा पाउन सकिन्छ

तालिका नं.२४

सामुदायिक भवनहरूको विवरण

| क.स. | सामुदायिक भवनका नाम | वडा नं. | हालको उपयोग |
|---|---|---|---|
| १ | महिला सामुदायिक भवन | ५ | जहदा गाउँपालिका |
| २ | महिला सामुदायिक भवन | ४ | निर्माणाधीन |

स्रोतः जहदा गाउँपालिका कार्यालय ।

तालिका नं.२५

सार्वजनिक पाटी पौवा र चौतारा

| क.स. | सार्वजानिक वस्तु वितरण | स्थान | उपयोग |
|---|---|---|---|
| १ | पोखरियामा तीन वटा | वडा नम्बर ६ | बस्ने |
| २ | | | |

स्रोतः जहदा गाउँपालिका कार्यालय ।

## सार्वजनिक खेल मैदान

मानिसको शारीरिक र मानसिक विकासका लागि खेल अपरिहार्य छ । खेल अहिलेका युवाहरूको व्यक्तिको विकासको महत्वपूर्ण पाटो भएको छ । त्यसैले गाउँघरमा भएका युवा प्रतिभालाई प्रस्फुटन गराई उनीहरूभित्र रहेको क्षमता बाहिर ल्याउन सकेको खण्डमा उनीहरूको व्यक्तित्व बन्ने कुरा त छँदैछ स्थानीय क्षेत्रको विकासमा पनि त्यसले महत्वपूर्ण भूमिका खेल्दछ । त्यसैले राज्यले हरेक स्थानीय तहमा खेलका लागि आवश्यक पूर्वाधारहरू बनाउँदै लैजाने नीति लिएको छ ।

खेलको पूर्वाधारका लागि उचित किसिमको मैदान चाहिन्छ । यहाँ जहदा गाउँपालिका क्षेत्रमा भएका सार्वजनिक खेल मैदानहरूको विवरण तयार गरी प्रस्तुत गरिएको छ ।

तालिका नं.२६

सार्वजनिक खेल मैदानको विवरण

| क.स. | खेल मैदान किसिम र क्षेत्रफल | स्थान वडा नं. | उपयोग अवस्था |
|---|---|---|---|
| १ | जहदामा २ विघा | ४ | सार्वजनिक |
| २ | मझारेमा २ विघा | ५ र ७ | सार्वजनिक |

स्रोत : जहदा गाउँपालिका कार्यालय ।

## गाउँपालिका कार्यालयदेखि वडा केन्द्रसम्मको दुरी

तालिका नं.२७

गाउँपालिका कार्यालयदेखि प्रत्येक वडा केन्द्रसम्मको दुरी

| वडा नं. | वडाको केन्द्र रहेको स्थान | गाउँपालिका केन्द्रसम्मको दुरी (किमि) | कैफियत |
|---|---|---|---|
| १ | बुधनगर | १५ | गाउँपालिका कार्यालयबाट वडा नम्बर १ बुधनगर जान सिधा बाटो छैन, विराटनगर भएर जानुपर्ने अवस्था छ । |
| २ | भाथिगछ | ४ | |
| ३ | भाथिगछ | ४ | |
| ४ | मझारे | ० | |
| ५ | शिशवनी जहदा | ७ | |
| ६ | पोखरिया | ४ | |
| ७ | मझारे | २ | |

स्रोतः जहदा गाउँपालिका कार्यालय ।

## वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्र

तालिका नं.२८

वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्र सम्बन्धी विवरण

| वडा नं. | जम्मा सदस्य | लैंगिक आधार | | कैफियत |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| १ | १४६ | ९८ | ४८ | |
| २ | १०२ | ६० | ४२ | |
| ३ | १३० | ५० | ८० | |
| ४ | २०४ | ९९ | १०५ | |

| | | | | |
|---|---|---|---|---|
| ५ | १५४ | ५४ | १०० | |
| ६<br>७ | २३२<br>१०३ | १०३<br>४६ | १२९<br>५७ | |

स्रोत : जहदा गाउँपालिका कार्यालय र वडा समितिहरू ।

## तालिम प्राप्त जनशक्ति

तालिम शिक्षाको महत्वपूर्ण पाटो हो । सबै शिक्षा विद्यालय वा विश्वविद्यालयबाट मात्र प्राप्त गर्न सकिदैन । व्यवहारमा आवश्यक पर्ने सीप, ज्ञान, अभिवृद्धि तालिमबाट नै प्राप्त हुन्छ । यस जहदा गाउँपालिकाका बासिन्दाहरूले पनि सरकारी तथा गैरसरकारी संस्थाहरूमार्फत सञ्चालन गरिएका विभिन्न तालिमहरूमा सहभागी भई महत्वपूर्ण ज्ञान सीप हासिल गरेका छन् । तिनको विवरण निम्न अनुसार रहेको छ ।

तालिका नं.२९

चेतनामूलक तालिम प्राप्त गरेको जनसंख्याको विवरण

| क्र. स. | तालिम विवरण | लिंग | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | | |
| १ | बचत तथा ऋण | ४२७९ | ५६६० | ९९३९ | |
| २ | संस्थागत नेतृत्व | २०७ | २११ | ४१८ | |
| ३ | लैंगिक समविकास | ५६७ | २६९ | ८३६ | |
| ४ | स्वास्थ्य | १२०६ | ८८४ | २०९० | |
| ५ | परिवार नियोजन | २५७६ | १६०८ | ४१,८४ | |
| ६ | खानेपानी सरसफाइ | ६९२ | ६७२ | १३६४ | |
| ७ | वन व्यवस्थापन | ३७ | ५३ | ९० | |
| ८ | फोहोरमैला व्यवस्थापन | ७४३ | ५२२ | १२६५ | |
| ९ | सिप विकास | ३९५७ | ३२०७ | ७१६४ | |
| १० | अन्य | २४४ | ७९८ | १०४२ | |
| जम्मा | | १४४०८ | १३९८४ | २८३९२ | |

स्रोत : जहदा गाउँपालिका कार्यालय ।

## मुख्य पेशा

यहाँका मानिसहरूको परम्परागत पेशा कृषि नै हो । कृषिमा खेतीपाती र पशुपालन दुवै आउँछ । पछिल्लो समय मानिसहरूमा मत्स्य पालनतर्फ पनि आकर्षित भइरहेको पाइएको छ । जहदाका मानिसहरूको पेशागत विवरण तलको तालिकामा उल्लेख गरिएको छ । कृषिमा यस

गाउँपालिकका ८० प्रतिशत मानिसहरू कृषि पेशामा निर्भर छन् । कृषि अन्तरगत पशुपंक्षी पालन र माछा पालन पनि पर्दछ । त्यसैगरी गैर कृषि क्षेत्रमा उद्योग व्यापार र नोकरी पर्दछन् ।

तालिका नं.३०

मुख्य पेशा सम्बन्धी विवरण

| क. स. | विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | **कृषि** | **६५४०** | **८०** |
| १.१ | खेतिपाती | ४९०५ | ७५ |
| १.२ | पशुपालन | ९८१ | १५ |
| १.३ | कुखुरा पालन | ३२७ | ५ |
| १.४ | माछा पालन | ३२७ | ५ |
| १.५ | अन्य | | |
| **जम्मा** | | | १०० |
| २ | **गैर कृषि** | **१६३५** | **२०** |
| २.१ | व्यापार | १४४ | ८.८१ |
| २.२ | उद्योग | १२ | ०.७३ |
| २.३ | नोकरी | ३१५ | १९.२७ |
| २.४ | दैनिक ज्यालादारी | ३८१ | २३.३० |
| २..५ | वैदेशिक रोजगार | ५३७ | ३२.८४ |
| २.६ | अन्य भए खुलाउने | २४६ | १५.०५ |
| **जम्मा** | | | **१००** |
| कुल जम्मा | | **८१७५** | **१००** |

स्रोत : जहदा गाउँपालिका कार्यालय ।

## औसत मासिक पारिवारिक आम्दानी

जहदाका मानिसहरूको औसत आमदानी तलको तालिका नम्बर ३१ मा देखाइएको छ । जहदामा एकातिर मासिक एक हजार रूपैयाँसम्म आमदानी गर्ने मानिसहरू छन् भने अर्कातिर मासिक २५ हजार रुपैयाँ भन्दा बढी आमदानी गर्ने परिवार पनि छन् । तिनीहरुको विस्तृत विवरण तलको तालिकामा देखाइएको छ ।

तालिका नं.३१

औसत मासिक पारिवारिक आम्दानी

| क.स. | औसत मासिक पारिवारिक आम्दानी विवरण (रुपैंयामा) | परिवार सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १००० भन्दा कम | २४५ | ३ |
| २ | १००० देखि २००० | ३२७ | ४ |
| ३ | २००१ देखि ३००० | ९८१ | १२ |
| ४ | ३००१ देखि ५००० | १२२७ | १५ |
| ५ | ५००१ देखि १०००० | २२८९ | २८ |
| ६ | १०००० देखि १५००० | २०४३ | २५ |
| ७ | १५००० देखि २५००० | ६५४ | ८ |
| ८ | २५००० भन्दा माथि | ४०९ | ५ |
| **जम्मा** | | **८१७५** | **१००** |

स्रोत : पूर्व गाउँ विकास समिति कार्यालयहरू तथा फोकस ग्रुप छलफल ।

## औसत मासिक पारिवारिक वचत

जहदाका मानिसहरूको औसत आमदानीको अनुसार मासिक बचत पनि हुने गर्दछ। तलको तालिका नम्बर ३२ मा जनताको बचतको अवस्था देखाइएको छ। जहदामा एकातिर मासिक एक शून्य रूपैयाँ बचत गर्ने मानिसहरू छन्। अर्कातिर मासिक १० हजार रुपैयाँ भन्दा बढी बचत गर्ने परिवार पनि छन्। तिनीहरुको विस्तृत विवरण तलको तालिकामा देखाइएको छ।

तालिका नं.३२

औसत मासिक पारिवारिक वचतको अवस्था

| क.स. | औसत मासिक पारिवारिक वचत विवरण (रुपैंयामा) | परिवार सख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शून्य | १२२६ | १५ |
| २ | ५०० देखि १००० | ९८१ | १२ |
| ३ | १००१ देखि २००० | १२२७ | १५ |
| ४ | २००१ देखि ३००० | १७९८ | २२ |
| ५ | ३००१ देखि ५००० | १४७१ | १८ |
| ६ | ५००१ देखि १०००० | ९८१ | १२ |
| ७ | १०००० भन्दा माथि | ४९१ | ६ |
| जम्मा | | ८१७५ | १०० |

स्रोत : पूर्व गाउँ विकास समिति कार्यालय तथा फोकस ग्रुप छलफल ।

## प्रति व्यक्ति खाद्यपदार्थ उपलब्धता

खाद्य पदार्थ मानव जीवनका लागि महत्वपूर्ण छन् । मानिसले खाना नखाई बाँचन् , काम गर्न सक्दैन । त्यसैले उसले कति खाद्यपदार्थ प्राप्त गर्दछ र कति खपत गर्दछ भन्ने कुरा आफैंमा महत्वपूर्ण हुन्छ । त्यसैले यहाँ तलको तालिकामा जहदा गाउँपालिका क्षेत्रका जनताले प्रति व्यक्ति कति खाद्य सामग्री पाउँछन् र तीमध्ये कति उनीहरूले खपत गर्दछन् भन्ने जानकारी तलको तालिकामा छ ।

तलको तालिकामा जहदाबासीले औसतमा प्रतिव्यक्ति वार्षिक १४५ केजी खाद्यपदार्थ प्राप्त गरेको देखाइएको छ । यसरी अध्ययन गर्दा वडा नम्बर १ र ४ ले मात्र औसत भन्दा बढी खाद्यपदार्थ प्राप्त र खपत गरेको पाइन्छ भने बाँकी वडाहरूमा खाद्य पदार्थको प्राप्ति र खपत दुवै औसतभन्दा कम रहेको पाइन्छ ।

तालिका नं.३३

प्रति व्यक्ति प्रतिवर्ष खाद्यपदार्थ उपलब्धता

| वडा नम्बर | प्रति व्यक्ति खाद्यपदार्थ उपलब्धता ( केजीमा) | जनसंख्या | जम्मा खाद्यपदार्थ खपत ( केजीमा) | प्रतिव्यक्ति औसत खाद्यपदार्थ उपलब्धता (केजीमा) |
|---|---|---|---|---|
| १ | १९० | ६२६८ | ११९०९२० | |
| २ | १४५ | ६८३१ | ९९०४९५ | |
| ३ | १५५ | ६९१७ | १०७२१३५ | |
| ४ | १९० | ६७९५ | १२९१०५० | |
| ५ | १६० | ६००६ | ९६०९६० | |
| ६ | १५२ | ३३१२ | ५०३४२४ | |
| ७ | १५७ | ५६९० | ८९३३३० | |
| जम्मा | | **४१८१९** | **६९०२३१४** | **१६५** |

स्रोत : जिल्ला कृषि विकास कार्यालय मोरङ ।

## पशुपंक्षी उत्पादन

जहादा गाउँपालिकामा मानिसहरू कृषि र पशुपालनमा रमाउँछन् । तलको तालिकामा जहदाका जनताले पाल्ने पशुपंक्षीको बिवरण देखाइएको छ । यसबाट जहदामा प्रशस्त मात्रामा पशु र पंक्षी उत्पादन गर्ने गरिएको छ । यसरी उत्पादित पशुपक्षीहरू आवश्यकता अनुसार स्थानयि

गाउाघरमा पनि विक्री हुनसक्छ । विराटनगर र सीमावर्ती भारतीय बजारमा लगेर बेच्ने काम पनि गरिन्छ ।

तालिका नं.३५

पशुपंक्षी  र तिनको उत्पादनको विवरण

| क. सं. | किसिम संख्या | संख्या | | | उत्पादन | | |
|---|---|---|---|---|---|---|---|
| १ | **पशुधन** | **स्थानीय** | **उन्नत** | **जम्मा** | **दूध लि.** | **मासु केजी** | **उन केजी** |
| | क गाई गोरु | २४५०० | ५०० | २५००० | | | |
| | ख भैंसी राँगा | ३५०० | ४०० | ३९०० | | | |
| | ग बोका खसी वाखा | १५००० | ६००० | २१००० | | | |
| | घ भेडा च्यांग्रा | | | | | | |
| | ङ सुँगुर बंगुर | १२००० | ३००० | १५००० | | | |
| | च अन्य............. | ७५ | ६० | १३५ | | | |
| २ | **पंक्षी** | **स्थानीय** | **उन्नत** | **जम्मा** | **अण्डा संख्या** | | **मासु केजी** |
| | क कुखुरा | २५००० | ५००० | ३०००० | | | |
| | ख हाँस | ४००० | ५०० | ४५०० | | | |
| | ग अन्य ................ | २०० | | २०० | | | |
| ३ | माछा केजी | ५०००० | ५००० | ५५००० | | | |
| | क मौरी घार मह केजी | १०० | २० | १२० | | | |
| ४ | अन्य ............. | १२५ | | १२५ | | | |

स्रोत : गाउँपालिका स्तरीय फोकस ग्रुप छलफल ।

## उद्योग तथा व्यापार व्यवसाय

जहदाका मानिसहरू अधिकांश किसान भए पनि उनीहरुमध्ये केहीले आंशिक र केहीले पूर्णकालीक रूपमा व्यापार व्यावसाय गर्दछन् । केहीले दुकान गर्छन, केहीले चामल कुट्ने मिल चलाउँछन् । केही नोकरी गर्छन र कोही बैदेशिक रोजगारीमा पनि गएका छन् । त्यसबाट उनीहरूले जविकोपार्जन र आर्थिक आयआर्जन गर्ने लक्ष्य लिएका हुन्छन् । उनीहरुको पेशागत विवरण तलको तालिका नम्बर ३६मा दिइएको छ । यसबाट यहाँका कति मानिस कस्तो व्यवसायमा लागेका छन् भन्ने प्रष्ट हुन सकिन्छ ।

तालिका नं.३६

औद्योगिक तथा व्यापार व्यवसाय सम्बन्धी विवरण

| सि. नं. | व्यपार,व्यवसाय विवरण जम्मा संख्या | जम्मा संख्या |
|---|---|---|
| १ | दुग्घ व्यवसायी | ७५ |
| २ | टेलर्स | ४० |

| | | |
|---|---|---|
| ३ | सुनचाँदी व्यवसायी | १० |
| ४ | भाडा व्यवसायी | |
| ५ | होटल व्यवसायी | ६० |
| ६ | फेन्सी व्यवसायी | |
| ७ | क्लिनिक तथा औषधी व्यवसायी | ४ |
| ८ | तरकारी तथा फलफूल व्यवसायी | १२५ |
| ९ | इलेक्ट्रोनिक व्यवसायी | १५ |
| १० | माछामासु पसल, व्यवसायी | २५ |
| ११ | हेयर सैलुंग तथा सौन्दर्यकला व्यवसायी | २९ |
| १२ | उद्योग | |
| १३ | आर्ट व्यवसायी | ५ |
| १४ | बेकरी तथा मिष्ठान्न व्यवसायी | २० |
| १५ | वाल मनोरञ्जन | ० |
| १६ | बङ्गुर पालन | ५० |
| १७ | कार्ड बोर्ड उत्पादन | ० |
| १८ | बोर्डिंङ स्कुल सञ्चालन | |
| १९ | ठेक्कापट्टा | ५० |
| २० | जुत्ता पसल | |
| २१ | फोटो स्टुडियो | १८ |
| २२ | फर्निचर | ८ |
| २३ | किनारा पसल तथा व्यवसायी | १०० |
| २४ | सि.डि.पसल | ४ |
| २५ | पुल हाउस | ० |
| २६ | अटो वर्कसप | ० |
| २७ | कपास उद्योग | ० |
| २८ | राइस मिल | ५ |
| २९ | घडी रेडियो टि.भी मर्मत | २५ |
| ३० | पेट्रोल पम्प | १ |
| ३१ | मसला उद्योग | ० |
| ३२ | चस्मा पसल | ० |
| ३३ | पस्मिना पसल | ० |
| ३४ | माटाका भाडा, मुकुण्डो तथा सेरामिक्स | ० |
| ३५ | खोज अनुसन्धान सेन्टर | ० |
| ३६ | खाजाघर तथा चिया पसल | २५ |
| ३७ | ढुवानी सेवा | १ |
| ३८ | पांगो माटो व्यवसाय | ० |

| | | |
|---|---|---|
| ३९ | टयुसन सेन्टर | ४ |
| ४० | हाउजिंग | ० |
| ४१ | कार्पेट पसल | ० |
| ४२ | सरसफाइ तथा फोहोर मैला संकलन | ० |
| ४३ | नर्सरी फुल व्यवसायी | ० |
| ४४ | कुरियर | ० |
| ४५ | मदिरा व्यवसाय | २८४ |
| ४६ | ग्यास डिलर | १ |
| ४७ | नृत्य प्रशिक्षण तथा संगित प्रशिक्षण केन्द्र | ० |
| ४८ | पाउ भण्डार | १ |
| ४९ | क्याटरिङ | १ |
| ५० | कानुन व्यवसायी र परामर्श सेवा | ३ |
| ५१ | जिमखाना | ० |
| ५२ | निर्माण व्यवसायी तथा सप्लायर्स | ० |
| ५३ | कवाडी संकलन केन्द्र | ० |
| ५४ | मल बिउ उत्पादन | ० |
| ५५ | कम्प्युटर टेनिंग सेन्टर साईवर व्यवसायी | ० |
| ५६ | फिल्म हल | ० |
| ५७ | सिसा पसल | ० |
| ५८ | पुस्तक व्यवसायी तथा फोटोकपी | ३ |
| ५९ | मनी टान्सफर | १ |
| ६० | सहकारी | २१ |
| ६१ | बैक | ० |
| ६२ | विज्ञापन मिडिया र केवल सेवा | ० |
| ६३ | कागज उद्योग तथा छापाखाना | २ |
| ६४ | पानी फिल्टर | ० |
| ६५ | पार्टी प्यालेस | ० |
| ६६ | भेटनरी | १ |

स्रोत : फोकस ग्रुप छलफल जहदा ।

## विगत पाँच आर्थिक वर्षको आय

पार्श्वचित्रमा विगतका वर्षहरूको गाउँपालिका क्षेत्रको आमदानी तथा खर्च विवरण राख्नाले स्थानीय तहको आमदानी र खर्च परिचालनको अवस्था देखाउँछ । अर्को शव्दमा भन्नु पर्दा आयव्यवय विवरण राख्नाले यसले गाउँपालिकाको आर्थिक सामर्थ्य देखाउँछ ।

वस्तुत गाउँपालिका भर्खर बन्दैछ । यसको आफनै बजेट पहिलोपटक आइरहेको छ । त्यसैले विगतमा विभिन्न गाउ विकास समितिमा रहेको आधारमा तयस गाउँ विकास समितिहरूको बजेटलाई एकीकृत गर्दै यहाा प्रस्तुत गर्ने काम भएको छ । त्यसैले यो विवरणले आर्थिक अवस्थालाई जस्ताको तस्तै झल्काउन नसके पनि यो यथार्थको नजिक भने अवश्य छ ।

तालिका नं.३६

विगत पाँच आर्थिक वर्षको आयव्यय विवरण

| आर्थिक वर्ष | आय शीर्षक | रकम | व्यय शीर्षक | रकम |
|---|---|---|---|---|
| २०६८/२०६९ | विभिन्न आय | २८५६६४५६ | | |
| २०६९/२०७० | विभिन्न आय | २९४७२१३७ | | |
| २०७०/२०७१ | विभिन्न आय | ३०३७७८१८ | पूँजीगत खर्च | १५२९१४१२५ |
| २०७१/२०७२ | विभिन्न आय | ३२६४२०२० | | |
| २०७२/२०७३ | विभिन्न आय | ३८९५६४३८ | प्रशाशनिक खर्च | ८०००७४४ |
| जम्मा | | १६००१४८६९ | | १६००१४८६९ |

स्रोत : पूर्व गाउँ विकास समितिको अभिलेख ।

## गाउँपालिकामा रहेका प्रमुख राजनीतिक दलहरू

मोरङ जिल्लामा २४ वटा राजनीतिक दलहरू दर्ता भई क्रियाशील रहेका छन् । ती मध्ये केही दलको प्रभाव यस क्षेत्रमा पनि रहेको छ । यो पार्श्वचित्र तयार पार्दासम्म भखैरै गाउँपालिका बनेको कारण राजनीतिक दलहरूले गाउँपालिका स्तरीय संगठन बनाइसकेको अवस्था थिएन । त्यसैले ती दलको गाउँपालिका स्तरीय कमिटीको प्रमुख को हो र उसको सम्पर्क नम्बर के कति हो भन्ने कुरा छुट्याउन सकिएन । तसर्थ, राजनीतिक दलहरूको सम्बन्धमा यहाँ क्रियाशील रहेका दलहरूको नाम मात्र समावेश गरिएको छ । त्यसको साथमा जातीय अधिकारका लागि अनदोलन गरिरहेका संगठनहरू पनि यसै सन्दर्भमा राजनीतिक दलसँगै सूचीमा समावेश गरिएको छ । दलको नेतृत्व, उनीहरूको जिम्मेवारी, सम्पर्क नम्बर आदि विवरण क्रमबद्ध रूपमा पसमावेश गर्दै जानुपर्ने अवस्था रहेको छ ।

१.नेपाली काङ्ग्रेस

२. नेपाल कम्युनिष्ट पार्टी (एमाले)

३. नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)

४. नेपाल कम्युनिष्ट पार्टी (माले)

५.राष्ट्रिय जनता पार्टी नेपाल ( छवटा मधेश केन्द्रित दलहरू मिलेर हालै मात्र गठन भएको दल)

६. संघीय समाजवादी फोरम नेपाल

७. मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक)

८. राष्ट्रिय प्रजातन्त्र पार्टी

९. आदिवासी जनजाति महासंघ

१०. पिछडा वर्ग महासंघ

## सन्दर्भसामग्री


१। **प्रतिवेदन २०७३,** गाउँपालिका,नगरपालिका तथा विशेष, संरक्षित स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोग ।

२। **वार्षिक कृषि विकास कार्यक्रम तथा तथ्याङ्क पुस्तिका २०७३**, जिल्ला कृषि विकास कार्यालय मोरङ ।

३। **मोरङ जिल्लाको सहकारी गतिविधि २०७३**, डिभिजन सहकारी कार्यालय मोरङ ।

४। **बालविहलाई नाई भनौ, स्थिति प्रतिवेदन २०७३, मानव अधिकार तथा वातावरण मञ्च (फरेन)**

**५। नेपालको संविधान २०७२**

६। **जिल्ला बालमैत्री रणनैतिक योजना २०७२,** जिविस मोरङ. ।

७। **वार्षिक प्रतिवेदन २०७२,** जिल्ला शिक्षा कार्यालय, मोरङ ।

८। **बार्षिक प्रतिवेदन २०७२,** जिल्ला जनस्वास्थ्य कार्यालय, मोरङ ।

९। **वार्षिक प्रतिवेदन २०७२,** जिल्ला वन कार्यालय, मोरङ ।

१०। **वार्षिक प्रतिवेदन २०७२,** जिल्ला कृषि कार्यालय, मोरङ ।

**११।जिल्ला जनसंख्या पार्श्वचित्र २०७१,** जिल्ला जनस्वास्थ्य कार्यालय मोरङ ।

**१२।जिल्ला पार्श्वचित्र - २०७०,** जिल्ला विकास समिति मोरङ ।

**१३।जिल्ला बस्तुगत विवरण मोरङ २०७०,** जिल्ला तथ्याङ्क कार्यालय मोरङ ।

१४। **बालमैत्री स्थानीय शासन कार्यविधि २०६८,** नेपाल सरकार सथानीय विकास मन्त्रालय ।

१५।**राष्ट्रिय जनगणना प्रतिवेदन २०६८,** केन्द्रीय तथ्याङ्क विभाग ।

१६।**स्थानीय स्वायत्त शासन नियमावली २०५६,** कानुन किताव व्यवस्था समिति ।

१७।**स्थानीय स्वायत्त शासन ऐन २०५५,** कानुन किताव व्यवस्था समिति ।

१८। **अन्तराष्ट्रिय बाल अधिकार महासन्धि १९८९**

# जहदा गाउँपालिका सम्बन्धी फोटोहरू



**Figure 1** जहदाको कृषियोग्य र अन्य किसिमको भूमि । तस्वीर : केशव



**Figure 2** जहदाको कृषियोग्य जमिन कृषि उत्पादनमा उपयोग हुँदै । तस्वीर : केशव ।



**Figure 3** जहदा गाउँपालिकाका प्रथम कार्यकारी अधिकृत श्री मित्रदेव लम्साल आफनो कार्यकक्षमा । तस्वीरः केशव ।




**Figure 4** जहदामा आन्दोलनमा सहादत प्राप्त व्यक्तिको स्मृतिमा शालिक । तस्बीर : केशव



**Figure 5** जहदाको पार्श्वचित्र तयारी छलफलमा सहभागीहरू । तस्बीर : केशव



**Figure 6** जहदा गाउँपालिकाको पार्श्वचित्र तयारी छलफलमा सहभागीहरू । तस्बीर : केशव